CC-0. In Public Domain. Digitization by eGangotri

साम्ब भक्त
अंक



दीप ज्योति

साम्बभक्त स्मृति अंक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नो

"साहित्यपार्थोनिधिमन्थस्य कर्णामृतं रक्षते हे कवीन्द्र !"

--विल्हण

दीप ज्योति

(साहित्यिक मासिक पत्रिका)

साम्बभक्त शर्मा सुवेदी 'मुरारि' स्मृति अङ्क

वर्ष–५ २०३९ बैशाख अङ्क–१

प्रधान सम्पादकः

ज्ञानेन्द्र राज पोखरेल

व्यवस्थापकः

जितेन्द्र राज पोखरेल

सम्पर्क सूत्रः–
दीप ज्योति कार्यालय, १६/८१ ठमेल, काठमाडौं ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशक:–

स्व. श्री साम्बभक्त शर्मा सुवेदी 'मुरारि' स्मृति अङ्क, दीप ज्योति प्रकाशनको निम्ति

ज्ञानेन्द्र राज पोखरेल

स्व. श्री साम्बभक्त शर्मा सुवेदी 'मुरारि' का कविताका सम्पादक

भूपहरि पौडेल

आवरण: शिल्पी अमात्य

मूल्य:– ने० रू० ३५।–

प्रधान संरक्षक:–

जगतबन्धु कार्की

आजीवन सदस्य:–

श्री अनुप शम्शेर ज. ब. रा.
" हरि बहादुर
" बजरंग लाल
" शिव शम्शेर राणा
" गजानन्द वैद्य
" दीवाकर गोल्छा
" घनश्याम राजकर्निकार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ने० १०७१

समर्पण

"मकैको खेती" पुस्तक मण्डलीका एकजना
सक्रीय सदस्य, नेपाली साहित्य मूलतः
भक्ति काव्यसाहित्यका उज्ज्वल
प्रतिभा स्व. श्री साम्बभक्त
शर्मा सुवेदी 'मुरारि'
प्रति !

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

घटाई सबमा अर्थ रसभाव भरी गरी
गरुन् पूर्ति समस्याको कविवर्ग अघी सरी

१९८२ साल पौष ७ गतेको गोरखापत्रबाट

वाल्मीकि विद्यापीठ पुस्तकालय
१९४०८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

श्रद्धाञ्जलि

साम्बभक्त स्मृति अङ्कको प्रकाशन हुन लागेको देखेर मलाई धेरै खुशी लाग्यो । नेपाली वाङमयको सेवा गरी राष्ट्रको गौरवलाई उच्च पार्ने एक साहित्य प्रेमीको स्मृतिमा यो अङ्क निकाल्नु भनेको श्रद्धाञ्जलि चढ़ाउनु हो। यस कार्यलाई सफल पार्ने श्री ज्ञानेन्द्र राज पोखरेलको प्रयास अत्यन्त प्रशंसनीय छ।

(लैनसिह बाङ्देल)
कुलपति
नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मधुधारा बर्साउने कवि

त्यो बेला भर्खर भर्खर कविता लेख्तै थिएँ – कहिले जगराको लेकमा गाई चराउँदै र कहिले मर्स्याङ्दी र खुदी खोलाको दोभानमा सुसेल्दै काठमाडौं आइसकेको थिइन र कविता लेख्ने कविहरूको दर्शन पनि पाइसकेको थिइन। लेखनाथ पौड्यालका नेपाली शिक्षा दोस्रो, तेस्रो, चौथो भाग र ऋतुविचारका कविता मेरो निम्ति आदर्श थिए। गोरखापत्र साप्ताहिकमा प्रकाशित हुने कैयौं कविता पढेर म मुग्ध हुन्थे। गोरखापत्र आउन ढिलो भयो भने, एक दिनभरी हिंडेर कुन्डा हुलाकमा लिन पुग्थें। गोरखापत्रमा प्रकाशित कुमारी मधुधारा नाम जति मिठो लाग्थ्यो, त्यसभन्दा झन बढी तिनका कविता मिठा लाग्थे। उनको एक गीति-कविता पढ्दा त मलाई सल्लाघारी र निगाला घारीमा हुईंराउँदै दौडने कुहिरोमा आरुढ भएर लेकाली फूल रुझाउने सिमसिमे पानीको संगितले आमन्त्रित हुँदै आफ्नो प्रिय लेक जगरामा पुगे जस्तो लाग्थ्यो। त्यो मधुधारा बर्साउने कविताका कवि त साम्बभक्त सुवेदीजी हुनुहुँदो रहेछ भन्ने रहस्य उद्घाटित हुँदा आज आश्चर्यचकित भएँ। मेरो बालकालको प्रिय कविलाई सगद्गत श्रद्धाञ्जलि! उनका कविताको संकलनसाथ स्मृति विशेषांक निकाल्ने दीपज्योतिका संपादक श्री ज्ञानेन्द्र-राज पोखरेललाई हार्दिक बधाइ!

२६ जेठ, २०३९

–माधव घिमिरे

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मन्तव्य

हुन त आफ्नो बुबाको बारेमा आफैंले केही शब्द कोर्न खोज्नु समालोचनाका आँखाले हेर्दा त्यति राम्रो नउहरिन सक्छ। तैपनि सत्य कुरा जहिले र जो सुरुबाट पनि व्यक्तिनु पर्छ भन्ने मेरो व्यक्तिगत धारणा अनुसार म मेरा बुबा साम्बभक्तका बारेमा दुई शब्द कोर्ने जमर्को गर्दछु।

परीक्षाको हिसाबले संस्कृत व्याकरणमा सम्पूर्ण मध्यमा मात्र उत्तीर्ण हुने अवसर पाउनु भएका मेरो बुबाको प्रतिभा बेजोड़को थियो। उहाँ स्वाभिमानी हुनुहुन्थ्यो र हिन्दू धर्म र संस्कृति भने पछि उहाँमा अगाध प्रेम उब्जिएर आउँथ्यो। वि. सं. १९७७ सालमा मेरा फुपाज्यू कृष्णलाल अधिकारीले लेखी छपाउनु भएको 'मकैको खेती' पुस्तकमा मेरो बुबाका पनि कविताहरु थिए। यो पुस्तक छापिएर जन समक्ष नआउँदै भोजराज काफ्ले र रामहरि अधिकारीले चन्द्र शम्सेर समक्ष पोल गरे। पोलको कारण व्यक्तिगत रोसीइवी थियो। यसको परिणाम स्वरुप फुपाज्यू कृष्णलाल अधिकारी थुनिनुभयो र १९८० सालको मंसीर महिनामा क्षयरोग लागी जेलमै उहाँको देहावसान भयो। भोजराज र रामहरिको कु–कृत्यको शिकार आफ्ना भिनाज्यू कृष्णलाल भएपछि मेरो बुबा आफ्ना नाममा कविताहरु लेखी छपाउन ड़राउनु भयो। यसको फलस्वरुप उहाँले गुप्त नामहरुको प्रयोग गर्नु पर्‍यो। खासगरी २००७ सालमा प्रजातन्त्र आएपछि मात्र मेरो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बुबाले गुप्ति नाम छोड़ि दिनु भयो। मेरो बुबाका पुस्तकाकारमा 'सत्यव्रत' साम्बभक्त शर्मा सुवेदी (जीवनी) मुरारि पुकार प्रकाशित छन्। आफ्ना नाउँका र गुप्ति नाउँका गरी थुप्रै फुटकर कविताहरू लेखिएका थिए। ती सबै खोजेर भूपहरि पौड़ेलले सम्पादन गरेका छन्। 'वँस ज वानी नजा' 'दया' कविता हरायो वा कविता हराएँ। यी तिनै रचनाहरू छापिएका गोरखापत्रका प्रति नपाइएका हुनाले भूपहरिले यसमा समावेश गर्न सकेनन्। मेरो बुबाका पाइएसम्मका फुटकर रचनाहरू यसरी सम्पादन गरेकोमा म उनको परिश्रमको हृदयतः प्रशंसा गर्दछु। यी कृतिहरू सम्पादन गरी मेरो बुबा जीवित छँदै प्रकाशनार्थ 'दीपज्योति' साहित्यिक मासिक पत्रिकाका सम्पादक ज्ञानेन्द्रराज पोखरेललाई दिएका रहेछन्। विविध कारणाहरूले गर्दा समयमा प्रकाशित भएर जन समक्ष आउन सकेन। ढ़िलै भए पनि ज्ञानेन्द्रराज पोखरेलले आफ्नो साहित्यिक मासिक पत्रिकाको एक अङ्क "साम्बभक्त स्मृति अङ्क" को रूपमा प्रकाशित गरेकोमा उनलाई पनि म आभार प्रकट गर्न चाहन्छु। मेरो बुबा साम्बभक्त त अब यस लोकमा रहनु भएन। तर उहाँले लेख्नु भएका कृतिहरू सधैं अमर भएर रहने छन्। यिनै शब्दहरूका साथ यो सानो मन्तव्य म यहीं टुँग्याउँछु र यो 'साम्बभक्त स्मृति अङ्क'को सफलताको कामना गर्दछु।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



समवेदना

२०३८।११।१० को गोरखापत्रबाट

रामेछाप जिल्लामा वि. सं. १९५८ मा जन्मिनु भएका संस्कृत भाषाका धुरन्धर विद्वान् पं. साम्वभक्त शर्मा सुवेदीज्यूको ८१ वर्षको उमेरमा हालै निधन भयो ।

विवादास्पद रूपमा रहेको "मकै पर्व" को रहस्योद्घाटन एवम् समालोचना गर्ने पं. साम्वभक्त नेपाली साहित्यमा एक विभूति हुनुहुन्थ्यो । सत्यव्रत लगायत विभिन्न साहित्यिक रचनाकार पन्डित साम्वभक्त शर्मा सुवेदीको दिवंगत आत्मालाई चिरशान्ति मिलोस् भनी कामना गर्दछौं । साथै शोक सन्तप्त परिवार प्रति हामी सबैको हार्दिक समवेदना ।

दिलनाथ गिरी, माधव आचार्य, विष्णु भट्टराई, डि. वि. शेरचन, शिव कुमार कार्की, ज्ञानवहादुर पोखरेल, वोधवहादुर राउत, आर. पी. गजुरेल र साथीहरू ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विषय सूची

(क) प्रकाशकीय तथा सम्पादकीय
(१) कुनै प्रवासी नेपालीको खेद १
(२) मकैको खेतीमा परेका कविता २
(३) समस्यापूर्ति (१९८२)
—ख. सिद्धिवहादुर श्रेष्ठको नाममा ३
(४) समस्यापूर्ति (१९८२)
—ख. सिद्धिवहादुर श्रेष्ठको नाममा ६
(५) समस्यापूर्ति (१९८३) —ख. भक्तलालको नाममा ८
(६) समस्यापूर्ति (१९८३)
—मु. समरवहादुर श्रेष्ठको नाममा ९
(७) समस्यापूर्ति (१९८३) —ख. भक्तलालको नाममा १०
(८) समस्यापूर्ति (१९८३)
—समरवहादुर श्रेष्ठको नाममा ११
(९) समस्यापूर्ति (१९८४)
—समरवहादुर श्रेष्ठको नाममा १३
(१०) श्री ३ चन्द्रका जन्मोत्सवका उपलक्ष्यमा प्रयोग भएको श्लोक २६
(११) वैंस जा वानी नजा ×
(१२) कविता हरायो वा कविता हराएँ ×
(१३) समस्यापूर्ति— "अनित्यमा नित्य छ" २०
(१४) रामेछाप कचौरिनी महादेव स्थान धारामा रहेका शिलालेख २१
(१५) दया ×
(१६) स्त्री जीवन—कुमारी मधुधाराको नामवाट २२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(१७) माहुरी–कुमारी मधुधाराको नामवाट २४
(१८) हाम्री अवला र ह्राम्रो लेखनी अवला
–कुमारी मधुधाराको नामवाट २६
(१९) धुम्र उडान–कुमारी मधुधाराको नामवाट २९
(२०) परोपकार– ३१
(२१) अध्यात्मवाद– ३४
(२२) भोगातिशय ३६
(२३) स्वागताञ्जलि– ३९
(२४) मृगतृष्णा– ४१
(२५) कविको गाउँ परिचय (साम्वभक्तको गाउँ परिचय) ४२
(२६) स्वार्थी संसार ४७
(२७) मुरारे स्तृतीय पन्था ५०
(२८) भोग विलाश] ५२
(२९) चलचित्र ५६
(३०) अखिलेश्वर माहात्म्य ५८
(३१) ७३ औं वर्षारम्भ ६१
(३२) अर्द्धाङ्गिनीको वियोगमा ६३
(३३) पुस्तकस्तव ६४
(३४) "वृद्ध धुर्सुल" ६५
(३५) स्पष्ट त्यो चित्र हेर ७१
(३६) गर्छन् कुनै सञ्जन यै वयान ७२
(३७) नगर कसै छन्दमा दुराचार ७३
(३८) साम्वभक्तको आफ्नो सिद्धान्त ७४
(३९) ज्ञानकोदीप वालौं ७५
(४०) "जता हेर्‍यो उतै मेरा" ७६
(४१) 'लागेन निद्रा कसै" ७७
(४२) "विश्वमा मातृभाषा" ७८
(४३) भैरव प्रति श्रद्धाञ्जलि ७९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

परिशिष्ट

(क) मीठो सम्झना ८०

(ख) तिल्के थान 'तिलक स्थान' ८३

(ग) साम्वभक्त सुवेदीले मलाई लेखेका चिट्ठी ८७

(घ) "मकैको खेती" वारे (खोजीनीति) यसमा कुनै लेखकको नाम दिएको छैन । ९२

(ङ) अन्तर्वार्ता ९५

(च) साम्वभक्त सुवेदीका कृति ९८

(छ) साम्वभक्तलाई तीन जनाले लेख्नु भएका चिठी ९९

(ज) भेटवार्ता १०७

(झ) साम्वभक्त सर्माले मलाई लेखेको अन्तिम चिट्ठी ११२

(ञ) कृष्णलाल अधिकारी र मकैपर्वका सम्बन्धमा अहिलेसम्म ११४

(ट) सन्दर्भ (ग्रन्थ) सूची ११९

(ठ) नेपाली साहित्यको विकासमा साम्वभक्त सुवेदी योगदान १२०

(ड) थप केही कुरा १३७

(ढ) पछि–भेटौंला १५०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सम्पादकीय तथा प्रकाशकीय

नेपाली साहित्य मूलतः कृष्णभक्ति सम्प्रदायका प्रतिभाशाली कवि साम्वभक्त शर्मा सुवेदी 'मुरारि' द्वारा विभिन्न समयमा लेखिएका फुटकर कविताहरूको एउटै संगालोको रूपमा 'दीपज्योति' साहित्यिक मासिक पत्रिकाले "साम्वभक्त स्मृति अङ्क" प्रकाशित गरेको छ। नेपाली साहित्यको लागि साम्वभक्तको अविस्मरणीय योगदान रहन गएको छ तर उनका साहित्याराधनाका विविध मोडहरूलाई लिएर एउटा छुट्टै समालोचनात्मक ग्रन्थको माध्यमवाट चिनारी नगरेरै हुन सक्छ उनी प्रतिभा र साधना अनुसार त्यति चम्किन सकेका देखिदैनन्। आजको नयाँ पिंढीले त सायद साम्वभक्तको नामै नसुनेको पनि हुनसक्छ तर नेपाली साहित्यको इतिहासमा उनी स्वर्णाक्षरले अङ्कित भएर रहने छन्। वि. सं. १९७७ सालमा नायव सुव्वा कृष्णलाल अधिकारीद्वारा लेखी छपाएको 'मकैको खेती' पुस्तक मण्डलीका एकजना सक्रिय सदस्य साम्वभक्त थिए। 'मकैको खेती'मा आफ्ना कविता भएर पनि भिनाज्यूको कागजपत्र लुकाउने संकेतले उनी जेल जानबाट जोगिएका थिए। हुनत 'मकैको खेती'मा नराम्रो कुरा लेखिएको थिएन, तैपनि पोलाहा भोजराज काफ्ले र रामहरि अधिकारीले व्यक्तिगत रीसइवीको कारणवाट श्री ३ चन्द्र शम्सेरमा पोल गरिदिंदा कृष्ण लाल लगायत अरू धेरैलाई जेलमा कोचिएको थियो। तर वि. सं. १९७७ साल श्रावण १७ गतेको फैसलाबाट अरू सबैलाई जेलमुक्त गरियो तर कृष्णलाललाई मात्र 'मकैको खेती' एक हजार प्रति छापिए मध्येमा हराएको एक प्रति पुस्तक बुझाएमा ६ वर्ष र बुझाउन नसकेमा ९ वर्षको जेल सजाय तोकियो। आखिरी वि.सं.१९८०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सालको मंसीर महिनामा क्षयरोग लागी कृष्णलालको जेलमै मृत्यु भयो। यस्ता ऐतिहासिक व्यक्तिलाई कसैले "कागले कान लग्यो" भन्दैमा आफ्नो कान नसमाती काग संगै दौडिरहेका भूपहरि पौडेलले "मकैको खेती"का मौलिक लेखकका रूपमा शङ्का उठाई थुप्रै लेख-हरू छपाएका छन्। यो कुरा कहाँसम्म सत्य हो? तुरुन्तै सप्रमाण प्रकाश गर्नु पऱ्यो। प्रमाणका आधारमा विश्लेषण गरे त कुरा ठीकै हुन्छ। आफ्नो भिनाज्यू कृष्णलाल अधिकारी 'मकैको खेती' पुस्तक पर्वमा जेलमा परेर उनको मृत्यु भएपछि साम्वभक्तले लेख्नै डराए। तैपनि उनले हृदयमा उब्जिएका कवितात्मक भावनाहरूलाई अर्काको नाममा भए पनि छपाई नै रहे। आफ्ना स्वतन्त्र अभिव्यक्तिहरू साम्वभक्तले खासगरी प्रजातन्त्रोत्तर कालपछि मात्र प्रकाशमा ल्याए। साम्बभक्त नेपाली साहित्यका सार्है ठूला प्रतिभाशाली कवि हुन्। महाकवि लक्ष्मीप्रसाद देवकोटाको भन्दा पनि साम्वभक्तको बेजोडको प्रतिभा हो। तर परम्परागत धारणामै अलमलिएर आधुनिकताको गन्ध सुंघ्न मन नपराउने भएकाले उनी माथि उठ्न सकेनन्।

साम्वभक्तलाई दुइचोटि पढेपछि जतिसुकै गाह्रो कुरा पनि कण्ठाग्र हुन्थ्यो। कहिल्यै बिर्सिदैनथे। यति मात्र होइन, एकचोटि देखे–सुनेको कुरा पनि उनी कहिल्यै बिर्सिदैनथे। सरासर त्यसको बयान गर्न सक्तथे। आफ्नै स्वाभिमानमा अडिग रहेकाले उनलाई धेरैले चिन्ने मौका पाएनन्। साम्वभक्तले धेरै लेखेनन् तर जति लेखे राम्रो लेखे। काव्यको आकारमा सत्यव्रत र मुरारि पुकार छन्। अर्को साम्वभक्तद्वारा लिखित "साम्वभक्त शर्मा सुवेदी जीवनी पनि प्रकाशित छ। साहित्यिक दृष्टिले मात्र होइन कि ऐतिहासिक दृष्टिले पनि यसको गरिमामय महत्व रहन गएको छ। उनका अहिलेसम्म प्राप्त भए अनुसार दुइटा मात्र गद्य लेख छन्। केही अन्तर्वार्ता छन् ती पनि मुख्यत: 'मकै पर्व' संग सम्वन्धित छन्। सिङ्गै साम्बभक्तको मूल्याङ्कन गरिएका खण्डमा उनी अवश्य नेपाली साहित्यका एक तारा भएर झुल्कन सक्छन्। आफू कसैको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रशंसा वा निन्दा नगर्ने र अरूले आफूलाई गरेमा पनि वास्ता नगर्ने साम्वभक्त निश्चय नै निष्काम कर्मका पक्षपाती देखिन्छन् । मान्छे थुप्रै जन्मन्छन् तर प्रतिभाशाली सान्है कम जन्मन्छन् । त्यसमा पनि आफूले जन्मै लिएर आएको प्रतिभाको सदुपयोग गर्ने सान्है कम हुन्छन् । देवकोटाले प्रतिभाको सदुपयोग गरे तर साम्वभक्तले गरेनन् । तर थोरै लेखेर पनि उनी अमर छन् मकै पर्वका ऐतिहासिक व्यक्तित्वका रूपमा र नेपाली साहित्यका एक नक्षत्रका रूपमा ।

'दीपज्योति' साहित्यिक मासिक पत्रिकाले कवि म. वी. वि. शाह विशेषाङ्क निकालेपछि अरू कुनै 'स्मृति अङ्क' प्रकाशित गर्ने योजना बनाएको थिएन । अकस्मात् २०३८ असोजको पहिलो हप्तामा साम्वभक्तका यताउति छरिएका र पाइएसम्मका रचनाहरू सम्पादन गरेर भूपहरि पौडेलले मेरा समक्ष ल्याए र जुन रूपबाट हुन्छ 'यो प्रकाशन गर्नु पर्‍यो' भन्ने कुराको मलाई सल्लाह दिए। कसैसंग सल्लाह नमागीकन भूपहरिकै भनाइ मानेर मैले पनि ती रचनाहरू प्रेसमा लगे । त्यसपछि मैले अरू केही साहित्यकारहरू संग 'साम्वभक्त स्मृति' अङ्क निकाल्न लागेको कुरा बताएँ तर सबैजसोले "साम्वभक्त भनेको को हो ।? हामीले त नामै सुनेको छैनौं" भन्ने कुरा गरे । यसरी देशका कुना काप्चामा लुकी छिपी रहेका प्रतिभाहरूको कृति प्रकाशित गर्नु महत्वपूर्ण काम हो भन्ने कुरा सम्झी अर्थको अभावमा पनि मैले हिम्मत लिइरहें । उता भनेको समयमा प्रेसले पनि कम्पोज गर्न शुरू नगरेकोले रचनाहरूको फाइल प्रेसको दराजमै कोचिएको थियो । पछि, स्थानीय विकास, पञ्चायत तथा स्वास्थ्य मन्त्री श्री नवराज सुवेदीज्यू कहाँ गएर अनुरोध गर्दा उहाँले निकै समय पछि 'आदर्श छापाखाना'मा छाप्ने प्रवन्ध मिलाई दिनुभयो । यसरी ढिलै भए पनि 'दीपज्योति पत्रिका' को 'साम्वभक्त स्मृति' अङ्क निकाल्न सहयोग गर्नु भएकोमा माननीय मन्त्रीज्यूमा धन्यवाद नदिई रहन सक्तिनौं । यस सन्दर्भमा सबैभन्दा दुःख लाग्ने पहिलो कुरा त साधकहरूलाई उचित प्रेरणा र प्रोत्साहन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दिने परम्परा नेपालीहरूमा अझै बसिसकेको छैन । जीवित होउञ्जेल वास्तै नगर्ने र देहान्त भैसकेपछि अनेकौं चर्चा र उप–चर्चा गर्ने परम्पराको विकास नेपालमा दिनहुँ जसो बढ्दै गएको छ। नेपालका साहित्यिक संस्थाहरूले नेपाली साहित्यकारलाई उचित पुरस्कारद्वारा सम्मान गर्ने र उनीहरूका कृति प्रकाशित गर्ने निष्पक्ष परम्पराको विकास गरेका छैनन् । नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, मदन पुरस्कार गुठी साझा प्रकाशन, त्रिभुवन विश्व-विद्यालय जस्ता संस्थाहरू नेपालमा नभएका होइनन् । तर यिनीहरूबाट प्रतिभाहरूको उचित कदर भएको छ भन्न सकिंदैन ।

यस प्रसङ्गमा दोस्रो दुःख लाग्ने कुरा के भएको छ भने "दीपज्योति" पत्रिकाको साम्वभक्त स्मृति अङ्क साम्वभक्त जीवित छँदै उनलाई देखाउने मौका पाइएन । भूपहरिले साम्वभक्तका सम्बन्धमा सामग्रीहरू ल्याएर दिएपछि प्रकाशनको निम्ति चाँजो पाँजो मिलाउँदै थियौं– साम्वभक्त सुवेदीको देहावसान भएको समाचार प्रकाशमा आयो । हामी साह्रै दुःखित भयौं । 'ऐतिहासिक मर्कैपर्व' संग सम्बन्धित र नेपाली साहित्यका साधक साम्वभक्तको अवसान एउटा अपूरणीय क्षति हो । साम्वभक्त नेपाली इतिहास र साहित्यका पानामा बजर र अमर भएर रहने छन् । 'मकै पर्व' नेपाली इतिहासको एक महत्वपूर्ण अंश हो । यसको राजनीतिक र साहित्यिक महत्व छ । साम्वभक्त गए, किन भने जीवन क्षणिक छ, हामी सबैको बाटो उही हो तर "यस्य कीर्ति स जीवति" भने झैं उनी आफूले छोडेको व्यक्तित्वमा बाँचिरहने छन् । हामीले यस स्मृति अङ्कमा साम्वभक्तका पाइएसम्मका र यताउति छरिएका कृतिहरू समावेश गरेका छौं । ढिलै भए पनि हामीले माननीय मन्त्री श्री नवराजज्यूबाट सहयोग पायौं । त्यसकारण पुनः हामी उहाँलाई हार्दिक आभार प्रकट गर्दछौं । हामीले प्रस्तुत गरे भन्दा महत्वपूर्ण सामग्रीहरू छुटेका पनि हुन सक्छन् । तर पाइए जति प्रस्तुत गरेका छौं । कतिपय कुराहरूको अभाव पनि खट्किन सक्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यसको लागि हामी सबैसित क्षमा प्रार्थी छौं । सकभर ध्यान दिदा दिदै पनि कतै-कतै छपाइ सम्बन्धी अशुद्धिहरू रहन गएका छन् । यसमा पनि क्षमा माग्नु बाहेक अर्को उपाय पो के छ र ? साम्बभक्त स्मृति अङ्क यहाँहरूको समक्ष प्रस्तुत गरेका छौं । मन पराई दिनु भएको खण्डमा आफ्नो परिश्रम व्यर्थ नगएको अनुभव गर्नेछौं ।

अस्तुः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कुनै प्रवासी नेपालीको खेद

पूज्यको नगरी भक्ति विचार
दूर भै लिई घमण्ड अपार
दुष्टतासंग सदैव मिलेर
भन्छ खिन्न हुन गै कन धेर

हाय के हुन गएछ मलाई
आफना सकल वन्छु गुमाई
... ... — — —
अन्यदीय जनको चुकुला म

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मकैको खेतीमा परेका कविता

लोकको पालना गर्न अन्नपूर्णा भईकन
रहने कालिकालाई गर्दछौं सब अर्पण

सिद्धि सेवित विघ्नेश गौरीपुत्र कृपाकर
दुर्भिक्ष रूपी यो विघ्न हटाई पालना गर

जग्गा जोत्छन् धनीले हरतरह गरी हा ! ! ! वसैं दुःखी जान्छन्
खेती गर्छन् नजानी मलजल तरीका घट्न गो वाली रुन्रुन्
यस्तो चाला हुनाले जमिन रुखिन गै भैसक्यो त्यो किटान
बांडीं जग्गा भएको किन यसरी हरे ! दुःख खेप्छन् किसान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(सवाल)

लक्ष्मी छु एउटाले दुइ मिली जननी तिनले कान्ति वन्छु
तेस्रो चौथो मिलेमा मुख वीच सबका नित्य नाची रहन्छु
चारैं वटा मिलेमा अतिशय रसिली वाङ्मयी मूर्ति धर्छु
के हो यो नाम मेरो भन रसिक चतुर्वर्णमा प्रश्न गर्छु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

संख्या २८ मा परेको "प्रश्न ११ मोफसल" को उत्तर दिने ग्राहक महानुभावहरू:–

१. मेजर नरहरिनरसिंह राणा सल्याना गौंडा– १
२. ख सिद्धिवहादुर श्रेष्ठ दोलखा माल– १
३ मु समरवहादुर श्रेष्ठ पूर्व २ नं. मन्थली– १
४. ईन्सायन दलवहादुर अधिकारी क्षत्री पाल्पा तानसेन– १
भीमवहादुर भट्टचन पोखरा– १
साहु श्यामलाल प्रधान पोखरा– १

इनीहरू मध्ये कसैले छन्दोभङ्ग, कसैले पदभङ्ग इत्यादिको विचार नगरी उत्तर पठाएको हुनाले, सवभन्दा सफा गरी दिएमा र अघिका प्रश्न ५ मोफसलको उत्तर पनि यथार्थ गरी दिई पहिला भई पुरस्कार पाउने भएका हुनाले ख. सिद्धिवहादुरलाई धन्यवाद छ । उनीले दिएको प्रश्न ११ को उत्तर पनि लेखिन्छ:–

नयाँ प्रश्न (५) मोफसलको उत्तर दिने ग्राहक महानुभावहरू:–

पहिला भई पुरस्कार पाउने ख. सिद्धिवहादुर दोलखा

लक्ष्मी झैं पूर्व शोभा गरिकन रहँदा नाम तिम्रो रह्या (मा)
दोस्रा मिल्दा मजाकी हितकर जननी तुल्य भै (मातृ) भाषा
तेस्रोले कान्ति वन्छौ ठिक छ सव कुरा कान्ति दात्री हुँदा (मा)
तेस्रो चौथो मिलेमा मुख विच सवका नाच्तछौ नित्य (भाषा)
चारै ओटा मिलेमा अतिशय रसिली पूर्तवाक् (मातृ भाषा)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

येही ठान्छु म तिम्रो गुणिजन हृदयाह्लादिनी नाम खासा ॥
फर्माऊ माफ मेरो भुलचुक जननी तुल्य भै ई घनेरा
तिम्रो पाउन् प्रजाले टहरव दिनदिन प्रार्थना छन् इ मेरा

१९८२ साल कार्तिक १७ गते
सोमवार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(सवाल)

यौटा शब्द छ द्वयक्षरी शुरू महाँ आ. वि. प्र. सं. जोडदा
दाना, सप्फर, चोट, नाश बुझ्नि चारै कुरा यी जुदा,
खालीबाट बुझाउने हृदयको शोभा दिने भूषण
त्यस्तो त्यो कुन शब्द हो रसिक हो आफैं विचारी भन

८२ साल .... - - ...

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(जबाफ)

निःसङ्ग त्यो हृदय भूषण स्वच्छ हार,
आ. वि. प्र. सं. सँग मिलीकन वार वार
'आहार' वन्दछ 'विहार' अनि 'प्रहार'
'संहार' हुन्छ म त गर्दछु यै विचार।।

ख. सिद्धिबहादुर श्रेष्ठ
गोरखापत्र,
वि. सं. १९८२ साल फागुन
४ गते सोमवार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आफू मुढो छ जडको पनि छैन पत्ता
शाखा विहीन सुतछन् गृहिणी विपत्ता
जो दिन्छ फूल उसमा, फललुट्छ भारी
त्यस्तो मुढो भन तिमी कुन हो ? विचारी

प्रश्नकर्ता पं. चक्रपाणि चालिसे
१९८३ साल १ संख्याको गोरखापत्र

आफू मुढो शिवजी हुन् जडले विहीन ।
छोरा विशाख गुहजी गृहणी अपर्णा ।।
उसमा समर्पण गरे श्रम पुष्पलाई ।
इच्छानुसार फल मिल्दछ भक्तलाई ।

ख. भक्तलाल
पूर्व ३ नं. वखल्ढुङ्गा
गोरखापत्र, १९८३ साल जेष्ठ ११ गते सोमवार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आफू मुढो छ जडको पनि छैन पत्ता
शाखा विहीन सुतछन् गृहिणी विपत्ता
जो दिन्छ फूल उसमा, फललुट्छ भारी
त्यस्तो मुढो भन तिमी कुन हो विचारी

प्रश्नकर्ता- पं. चक्रपाणि चालिसे

जो स्थायु वाच्य शिवको श्रुति गाई गाना ।
छोरा विशाख गृहिणी प्रभुकी अपर्णा ।।
त्यै व्यक्तिमा पनि सभक्ति चढाई फूल ।
पाइन्छ इष्ट फल शुख छ दु:ख मूल ।।

मु. समर वहादुर श्रेष्ठ
पूर्व २ नं भंगेरी गाउँ
गोरखापत्र १९८३ साल
जेष्ठ ११ गते सोमवार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

'वसन्त तिलका'

आयो वसन्त तिलका गतिको अचार
प्यारिकुरङ्ग नयने गर लौ तयार,
पग्लेर पित्त जठराग्नि भएछ मन्द,
सारा गरिष्ट चिजहरू गराउ वन्द,

एकाकिनी विरहिणी विचरी म वाला
माथी वडो रिस गरी लिइ दुष्ट चाला
के हुन्छ लाभ तिमीलाई र मार्नलाई,
आट्यौ? वसन्त तिलका दिक पुष्पछाई

पूरक–
ख. भक्तलाल वखल्ढुङ्गा माल
गोरखापत्र १९८३ साल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

१९८३ साल फागुन २४ गतेको गोरखापत्रमा समस्या पूर्ति गर्न दिइएका पाँच ओटा शीर्षक

(१) तीर लागि भै वाधा
(२) श्वास विश्वास साथ
(३) चन्द्रकी चन्द्रिकाले
(४) रामकै राम राज्य
(५) धर्मले मिल्छ सारा

नेपाल–पाल प्रभुको–
शुभ गुण–गण तीर लागि भै वाधा ।
दुर्भिक्ष रोग प्रभृत्ति–
दुर्गुण मृग ती वचुन् कहाँ जाँदा । ।

(१)

हाम्रा सच्छास्त्रकर्ता–
चर्मार्षिगणहरूको यै छ शिक्षा अपार,
गर्नु पर्ने सबैले–
मनुजतन मिलेमा पुरुषार्थ चार–
धर्मले मोक्ष मिल्ने–
धन सुखहरूको के कुरा मिल्छ सारा
पक्का पक्का छ शङ्का–
रत्तिभर नलिनू धर्मले मिल्छ सारा

(२)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जस्तै रोकी श्वास विश्वास साथ,
संझी एकै ब्रह्म नै सर्व–नाथ;
योगी ज्ञानी मत्त हुन्छन् रमाई,
उस्तै हामी छौं प्रभू चन्द्र पाई;

(३)

रत्तिभर मुलुकैमा तापको छैन वास,
तिमिर–पहल भाग्यै देखि सारा प्रकाश;
अब अरू सुखलाई संझला के प्रजाले
अतुल सुख मिलेमा चन्द्रकी चन्द्रिकाले

(४)

साक्षात्सर्वेश आफैं–
अवनितलमहाँ ली मनुष्यावतार,
पृथ्वीको भार जे जे–
जति छ सब हरी फेरि धर्म प्रचार;
गर्दामा जो शुनिन्थ्यो–
सुख सयल अघी नै भएको न आज,
गर्छौं सारा प्रजाले–
अनुभव अधिकै राम कै रामराज्य,

(५)

–समर बहादुर श्रेष्ठ
पूर्व २ नं. भंगेरी,
१९८३ साल चैत्र २९ गते

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

समस्यापूर्ति

"समस्यापूर्तिमा कवि" १
"प्रकाशले वन्द दुवै नजर्भौं" २
"सौरमण्डल प्रकाश चन्द्रले" ३.

संशेरवहादुर मल्ल
नक्साल, नेपाल
१९८४ साल वैशाख २७ गते

समस्यापूर्ति

यही गएको ८४ साल ४ संख्याका गोरखापत्रमा परेको 'समस्यापूर्ति' का पूर्ति गर्ने महाशयहरू मध्ये योग्यपूर्वक पूर्ति गरी पहिला ठहरिई पुरस्कार पाउने महाशयको नाम र समस्या समेत .... देखाइएको छ ।

कसीमा स्वर्ग कैं खास–
प्रतिभा रत्नका छवि;
झल्कन्छन् एकलो एक;
'समस्यापूर्तिमा' कवि;

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(१)

श्री धर्ममूर्ति प्रभु चन्द्र–भूपको ।
प्रताप सूर्योदय देखि हेर यो ॥
प्रचण्ड पाखण्ड उलुक वर्गको ।
'प्रकाशले वन्द दुवै नजर्भो' ॥

(२)

"सौरमण्डल प्रकाश चन्द्रले"
भैसक्यो अव त काम सूय के
के छ ? खारिज विधे ! गरे पनि
भन्दछे किन चकोर–कामिनी

मु. समरवहादुर श्रेष्ठ
पूर्व २ नं. भंगेरी गाउँ
१९८४ साल आषाढ २० गते
भाग २७ संख्या १२ गोरखापत्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पूर्व २ नं. –मा पनि श्री ३ महाराजका जन्मोत्सवका दिन वडाहाकीम्, हाकीम् कारिन्दाहरू सारा र वरपरका साधु–सज्जन पण्डितहरू समेत जम्मा भई, अनेक सजधज साथ शृंगार गरिएका ठाउँमा वहाँ महाराज़को फोटो थापी देव–देवताहरूको पूजा गरी दिनको ३ वजे पछि श्लोकको उच्चारण गरी, भजन गराई, प्रसाद वाँडी रातका २ वजे सम्म जाग्राम वसी उत्सव मनाएको खवर छ ।

(श्लोक आगामी अङ्कमा प्रकाशित हुनेछ)

८५ सालको गोरखापत्र संख्या १६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मोफसल

पूर्व २ नं. मा श्री ३ का जन्मोत्सवका उपलक्षमा प्रयोग भएको श्लोकः–

(१६ संख्याको बाँकी)

श्रीराम चन्द्र–सम धार्मिक भूमिपाल
पाई अशेष दुनियाँ भर आज काल;
वर्षीय व्यच्छ दिनहुँ सुख शान्तिधारा
भो राम–राज्य सरिको नयपाल सारा

(१)

जे जे जति जति थिए अघिका कुचाल,
सारा कमै संग समूल पुगे पताल
देश–प्रजा सकल सभ्य सफा पवित्र
वन्दै गयौं अब त सोद्यम सच्चरित्र

(२)

के के छ दुःख दुनियाँहरूमा भनेर;
आफैं सदा नजर हुन्छ दया गरेर;
जो दुःख लेश जसमा जति जे रहन्छ;
तत्काल त्यो जड समेत विनाश हुन्छ;

(३)

नेपाल पाल प्रभुबाट प्रजा निमित्त,
संकी लगाइ तन् चित्त अशेष वित्त,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

के के कति कति सुधार भए तमाम,
साध्यै हुदैन जसको सब संक्रिनाम
(४)
दासत्वको चलन फाली खुलाइ रेल,
औ, रोप तार बिजुली जल यन्त्र पुल;
पाटी तथा सडक सुन्दर दिव्य धारा,
इत्यादि पाइ अवलोक सुखी छ सारा
(५)
विद्यालयादिक खुलाइदिदा अनेक,
शिक्षा प्रचार भइ लोक छ सद्विवेक;
धर्मावतार प्रभुको करुण प्रवाह,
पाएर शिक्षित भयो मुलुकै अथाह,
(६)
रुन् औषधालय असंख्य गरी खुलाई,
पीयूषतुल्य गुणकारक रोगीलाई;
भोगेछ कि अब त रोग कडाकराल,
देखिन्न हाल मुलुकै भरमा अकाल
(७)
दारिद्रय रोगहरूवाट छुटाई देश;
सानन्द सोद्यम वनाइदिदा अशेष,
वाणिज्य सेवन कृपिहरू जे गरिन्छ,
सो कामवाट फल योग यथेष्ट मिल्छ
(८)
आचार धर्म नियमादिक कर्मलाई
आदर्श रूप प्रभु नै वनी हामीलाई;
वक्सिन्छ शिक्षण अमूल्य सदा प्रकाम;
सद्धर्म तत्पर भयो मुलुकै तमाम,
(९)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जस्तो छ शीतल सुधा सम सन्तलाई;
उरतै छ वज्रसंग निष्ठुर दुष्टलाई;
इन्साफ यै किसिमको छ विवेकपूर्ण
जाली कुकर्मी खलको दिल हुन्छ चूर्ण;

(१०)

गुह्येश्वरी–पशुपति प्रभुपाद भक्त,
धर्मावतार करूणामय नीतिसक्त;
नेपाल पालक सदा प्रभुको चरित्र
संझी लिंदा पनि हुने हृदयै पवित्र;

(११)

सम्पूर्ण सभ्य अरू देश विदेशसम्म,
फैलिरहेछ प्रभुकै गुण कीर्ति टम्म;
हामी प्रजाहरू गरौं अब के वयान,
सद्भक्ति मात्र छ प्रभो करूणा निधान;

(१२)

हेईश नित्य करुणामय चित्तलाई,
हाम्रा अपूर्व हितसाधक नाथलाई;
आरोग्य पुष्टि वलविक्रम कीर्तिधारा,
दीर्घायु वकसनु हओस् छ यही पुकारा

(१३)

गुह्येश्वरी पशुपति प्रभु विष्णु इन्द्र,
श्रीषष्ठिका रवि गणेश मृकण्डु पुत्र;
व्यासादि देव सवले प्रभुलाई नित्य,
रक्षा गरून् सव वनुन् द्विजत्राध्य सत्य;

(१४)

यस वर्ष पट् षष्टि नयाँ प्रवेश,
मानीगया भक्ति गरी महेश;

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गर्छौं पुकारा चिरकाल हामी,
पाउँ यही मङ्गल नित्य हामी;
(१५)
सरकारकै केवल आश धारी;
पूर्वै दुई नम्बर कर्मचारी,
सानन्द जन्मोत्सव यो मनाई,
वस्छौं सदा भक्ति लिई रमाई;
(१६)

लें० पं० साम्वभक्त
मन्थली मध्ये क्यौंल्यानी
वि० सं० १९८५ साल श्रावण २३ गते सोमवार
गोरखापत्र भाग २८–संख्या १७

□

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"अनित्यमा नित्य छ"

अनित्य यो भोग विलास जीवन
म नित्य आत्मासंग के प्रयोजन ?
भनी नराखेर रती विवेचन
अनित्यमा नित्य छकाउने मन

शारदा वर्ष १ संख्या ४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रामेछाप क्यौरिनी महादेवस्थान धारामा रहेको शिलालेख

१. श्री गणेशायनमः

२. स्वस्ति श्री विक्रमादित्य संवत्सर १९९२ साल फाल्गुण शुक्ल ५ रोज ३ गते १५ सा श्री केउलि

३. ङ्गेश्वर महदेव प्रीतये भारद्वाज गोत्र कृष्ण दत्त

४. का पौत्र नरनाथका पुत्र पं. साम्वभक्त शर्माले वनाएको धारो

५. शुभम् भूयात्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्त्री जीवन

(लेखिकाः- कुमारी मधुधारा क्षत्रिणी)

ईश्वर प्रभुमा गर्छौं ध्यान ।
मर्द गराऊ दिई सज्ञान ।।
स्त्री जुनि पार्यौं पनि संस्कार ।
छुट्ला कैले कारागार ।।
डुलनु चलनु बोलनू केही ।
नगरी कति दिन बांध्यौं देही ।।
जनको पहरा चारैतिर छ ।
केवल ताउन पाठन स ... ... छ ।।
उही घर कोठा आँगन चूला ।
उही ढिकी जाँतो जीवन लीला ।।
निशिदिन एकै थरीको चाल ।
धन्य छ तेरो भाग्य विशाल ।।
श्नि मनमोजी देश–विदेश ।
डुलने खासा पौरुष वेश ।।
घरमै दुइटा हात चलाई ।
रहनू पर्ने जनमा हाई ।।
नपढी विद्या शिल्प नजानी ।
पैतृक धनका गुण्डा–ज्ञानी ।।
ल्याई घर बिच छोरी दिन यो ।
शिव शिव कस्तो सस्तो हुनु हो ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भेट पराई दुई घडि पाई ।
निभिगो भोलि भजि उसलाई ।।
फलमल तनको शुभ–श्रृङ्गार ।
त्यागनु पर्ने के आचार ।।
तइतइ निन्दित जीवन पाली ।
रहनु खुनका आँसु खसाली ।।
म त घर माइतमा वल उसको ।
छैन अकण्टक वास वनेको ।।
सव्यभिचारी जनको जाली ।
दृष्टि वचाई सतिपन पाली ।।
रहँदा पनि भो यदि तल माथी ।
वेश्यापन वा मृत्यु छ साथी ।।
अथवा भाग्यै छ तपनि उसको ।
सासु पतिको मन भो ननिको ।।
लिन्छे भुत्ला लुछिकन सौता ।
ढलपल हुनगो जीवन नौका ।।
कपडा फेरे सरी थरी धेर ।
'ब्याह्‌' गरने पौरूप हेर ।।
जीवन भरको त्यो घरवार ।
थामी वस्ने हाम्रो भार ।।
जव जगदीश्वर करूणा खानी ।
यो अवलाको विनती मानी ।।
कि त अव अवला जन्म लुकाऊ ।
कि त अव याँटै न्याय चलाऊ ।।

गोरखापत्र
भाग ३७ संख्या २३
१९९४ आश्विन २ गते

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

माहुरी

[रचयित्री- कुमारी मधुधारा क्षत्रिणी]

हेमन मोहन महको महक
तिम्रो देख्तछु उज्ज्वल चहक ।
माहुरी मेरो विन्ती सुनिल्यौ
आऊ घरभरि भुनुनुनु भरिद्यौ ।
माहुरी ! माहुरी !! तिमि हे माहुरी !!!
नगमा वहदै अलसी नगरी ।
जलमा थलमा फुल पिपिरामा
फलमा घुसदै मह खोज गरी
जति जति मिल्दछ रसकण लेस
चुनि चुनि जम्मा पारि अशेप ।
राख्छौं गुलियो रसको चाल
बुझ पछि तेही वन्दछ काल
नत खुशिराजिसंग दिन खान
सक्छौ अलिकति पनि त्यो ज्ञान
छैन पछाडी खाँला भन्छौं
डाँडा पर्दछ आखिर मर्छौं
स्त्री पति भाई देवर नन्द
मेल सबैको कति खासा हो ।
रोजी रोजी रसकण खोजी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

धेर गढ्याई किन राखनु हो ।
सबसंग मिलजुल राखी नित्य
गर्छौं उद्यमलाई चित्त ।
यदि जिस्क्यायी तिमिलाई ता
चश्चसमा परि पायो गोता ।
घण्टा गन्ने छैन कलाई
घडि तैपनि के भनुं तिमीलाई ।
प्रतिदिन देख्तछु आवागमन
एकै टायम कसरी भनन
गुणती तिम्रा देख्तछु धेर
प्यारो गर्दछु आउ भनेर ।
अलिकतिं देऊं महको चक्का
आखिर तिम्रो हुन्न ऊ पक्का
जति जति खाऊ देऊ सार
आफ्नो उद्यम सार्थक पार ।
तिम्रो घरमा अग्नि लगाई
लुट्ला नत्र अरूनै आई
म कता तिमी औ मह पुग्छ कता
होला अनि त्यो नयता नउता ।
संझी अन्तिम त्यो परिणाम
खाऊ देऊ गर यै काम
यो मधुधारा रसको धार
प्रेमी वोक्दछ दु:खकै भार
त्यागैमा छ कि सत्य सिंगार
आखिर कस्तो उठ्छ बिचार ।

गोरखापत्र भाग ३७ संख्या ३१
१९९४ मार्ग ११ गते

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अवोला लेखनी र हाम्रो अवला

[लेखिका कुमारी मधुधारा]

ए, लेखनि लौ ! तिम्रो हाम्रो,
एकै चाल छ कस्तो राम्रो ।
अरूका करका भरमा नाची,
निशिदिन गर्छौ काम नसाँची ।।

(१)

विरलाकोटी जङ्गलि छाडी
सवछन् तिम्रै खेल वहाडी ।
उन्नति अवनति तिमीनै सारा
सवजन गर्छ भाग्य साहारा

(२)

बुधजन दुर्जन सवका हात
तिमीनै परम्परा गर्छ्यौ काज ।
संगत गर्दछ फलको काम,
यसमा तिम्रो छैन विराम

(३)

कोही मरवुण्डी जन तिमीलाई
दोष लगाई टाँका छाँटी ।
तिम्रो गर्छ सत्यानाश
आफ्नै ढङ्ग नपुग्दा काटी ।।

(४)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दर्जन दर्जन ढाकी सारा,
क्रय, विक्रयको लाग्छ बजार।
तिम्रो मोल गरेको देखी,
भन मन मेरो लाग्छ विचार॥

(५)

भाग्य भयेता इलमी योग्य,
हात परेमा उन्नति गर्छौं॥
नत्र त दुर्जन मिल्ला साथी,
जिन्दगी भरको आखिर सर्छौं॥

(६)

धुरूरू नरोऊ लेखनि हेर
हामी जनानाहरूको घेर।
यस्तै चालछ हाय कठोर,
शासनमा छन् सुखिछन् थोर॥

(७)

तिमी दुइ जिभ्रे कलमुखि फेरी,
खोक्रो पेट थियो त्यो आज।
अव त्यो अधिको छैन जवाना
उन्नति हुनगो सबको नाना॥

(८)

एकै जिभ्रो भरिलो पेट
रङ्गी चङ्गी मुखको ठाँट।
देख्तछु जडको पनि उन्नति यो
हाम्रो जीवन पो के कम हो!

(९)

पति हुन् हाम्रा एक स्वदेश
सेवा केवल इनकै वेश।
गर्न खडाभै उन्नति थालौं,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अघिको आशे वानि छुटाऔं ।।

(१०)

अरूका भरका नक्कली पूरा,
कच्चा फिल्कें पोते चूरा ।
धागा काँटा क्लिपमा सारा
द्रव्य नफालौं राखौं चारा

(११)

मामुलि चोलो पटुका सारी,
पैन्हौं पतिको भाग्य सिंगारी ।
किनी ती विदेशी चीज घरवारी
आखिर जाला राख विचारी

(१२)

पढिवल विद्या शिल्प वढाऔं,
घर घर चर्खा चक्र चलाऔं ।
पर मुखताकी नवनौं हेला,
वलियो पारौं अवला चोला

(१३)

गोरखापत्र भाग ३७ संख्या ४१, १९९४ साल माघ २२ गते शुक्रबार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

धुम्र उडान

लेखिका– कुमारी मधुधारा

कहिलेदेखि आयौ भवमा ? दिनहुँ उन्नति देख्छु तिमीमा
तिमीसँग भुलिकन पहिलो वार सङ्ग गरेपछि लाग्यो प्यार
लुकिछिपि आमा वावु देखी चोरि सिकायैं उहिलैं देखि
मादक तिम्रो गन्ध परेर पहिले लड्थे रन्थनिएर

तैंपनि छाडिन तिम्रो सङ्ग अवता निशिदिन तिम्रैं रङ्ग
लाग्यो क्षणभर तिमि विनु चैन छैन तिमि सरि अरूको ध्यान ?
शर्दि, गर्मी, भोक पियास शङ्का सुर्ता आसन त्रास
प्रेम घृणा वा गुण अवगुण ती सव विर्सिन्छन् मिलि तिमी सँग ती

डुलि फिरि थाक्यो खालि छ पेट, तिर्खा लागि सुकेको ओंट
छन् तर तिम्रो चुम्वनतर्फ पहिलो हत्पत गर्दछु सिर्फ
गजमज मुछतैं खाइरहेको, छत्तिसव्यञ्जन होस अरूको
मान्छु घृणा त्यो अरू चिज खाना तिम्रो चाँही नहुने अमन

निद्रा केवल तिम्रो उल्टा, जब जागाभो तिम्रैं सङ्ग;
खाँदा वस्ता हिंड्दा तिम्रैं ध्यान छ सबको नाना रङ्ग
भाङ्ग तमाखू विडि सिगरेट नाना थरिका तिम्रैं रूप
भजछन् प्राय: नरनारी धेत्य तिमी छौ मोहनकारी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लाखौं रुपियाँ साल वसाल, उड्दछ तिम्रै रूप लिएर
स्वास्थ्य खरावी कतिको हुन्छ, को गणना त्यो गर्ला हेर ।
रोगि वनायौ, समय विगाऔं पैसा फाल्यौ फोहर प्राय
तैपनि तिम्रो मोहिनि पाउ सितिमिति विर्सन सक्तिन जाऊ

साभार–– शारदा वर्ष ५, संख्या ६, १९९६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

परोपकार

यस्तो अमूल्य नर जन्म छ एकवार
कर्तव्य छन् तर अनेक दुरन्त पार
एकै छ शान्तिमय मानव धर्म सार
सम्पूर्ण जीव हित नित्य परोपकार

संसार नाट्य रचना प्रिय सूत्रधार
सर्वे शकै सब चराचर कारबार
देखिन्छ एक परिपूर्ण अखण्ड सत्ता
कस्तो विचित्र छ अहो प्रभुको महत्ता

छन् वृक्ष कीट पशुपंक्षि मनुष्य जाति
नाना प्रकार अति अद्‌भुत भाँति भाँति
हुन् अंश एक उहि ईश्वरका अशेष
देखिन्छ केवल कलाहरूकै विशेष

जो प्राणि मात्र हित गर्नु नपारि मर्म
ठानिन्छ वास्तव पवित्र सबै स्वधर्म
आडम्बरी विविध छन् जति सम्प्रदाय
बन्छन् वृथा कलह कारण हाय हाय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वाणी शरीर मनले जति धेर थोर
कल्याण चिन्तन सकेभर नै गरेर
जो हिंड् छाडि छल देभ असत्य काम
त्यैं सत्य धार्मिक कहिन्छ यथार्थनामा

हुन् प्राणि मात्र सव ईश्वरका पियारा
रक्षा गरेर फुलवारी समान सारा
होलाकि ? मालिक खुशी अथवा विगारी
हिंसा गरी वरिपरी वरवाद पारी

कांढा भए यदि कुनै अरू पुष्पलाई
उद्यानकै यदि खराव भए हटाई
राखेर नित्य जालको भलको प्रवन्ध
चल्ने छ पुष्प फलको बहुधा सुगन्ध

हाहा भनौं किनभनौं वहूधा विचित्र
चैतन्यको नगरि याद भुलेर भित्र
प्राणान्त सम्म दिइ कष्ट कुरा सुधारी
वन्छन् अनेक थरिका जडका पूजारी

स्वार्थान्धता छ पशुमा पनि विद्यमान
आहार लोभ भय आदि सबै समान
आत्मा शरीर सवको प्रिय हुन्छ खास
के धर्म हाय गरि जीवनकै विनाश

स्वार्थान्ध मै जति कठोर लिई विचार
त्यो क्रूर गर्छन वुझेर परोपकार
चांडो ढिलो तरु समान गरी वढेर
त्यो पापको प्रकृतिले फलदिन्छ हेर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वृक्षादिको वरु छ जन्म सदा उदार
जो नित्य जीव हितकारक छन् अपार
यै विश्व वन्ध लिईधर्म परोपकार
होला सदा उभय लोक महा सुधार

साभार— शान्ति वर्ष १ अङ्क ३, २०१४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अध्यात्मवाद

यो सत्य जीवन छ तैपनि यो विचित्र
चल्छन् अनेक परिवर्तनका चरित्र
संसारको गति रहेछ वडो अपार
के हो यथार्थ यसमा नर जन्म सार ?

सम्पूर्ण मानवहरू सुखकै निमित्त
हुन्छन् अनेक थरि कार्य महाँ प्रवृत्त
कन् कन् अनन्त वढि दुःख परेर मर्म
रून्छन् विशेष हत वुद्धि प्रकारी कर्म

सम्पत्ति मान धनधान्य कमाइ धेर
आनन्द मिल्दछ भनेर कति गरेर
कस्ता थिए कति गए पछि के भएर
सारा प्रपञ्चतिर सूक्ष्म विचार हेर

"संसार स्वप्नसरी चञ्चल हो अनित्य
एकै छ चित्सुख सदा परिपूर्ण संव्य
आनन्दधाम गरिनित्य यतै विचार"
भन्ने महर्षिहरूको उपदेश सार

अध्यात्मवाद अघि खूव थियो प्रचार
कल्याण विश्वभर गर्न सदा तयार
यो लोकको कुन कुरा परलोक सम्म
आसक्तिले रहित शान्ति दिने अचम्म

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ईर्ष्या नता नछल दम्म नराग रोष
मात्सर्य आदि सव नष्ट भएर दोष
सर्वत्र एक परिपूर्ण जगन्निवास
देखेर सत्य शिव रूप थियो प्रकाश

अर्कै चल्यो पछि हवा हुन गो विकार
विज्ञानकै वढि गयो वहुधा प्रचार
संसारको गति छ आज छ के विचार
थाहै छ विज्ञजनमा भनि के छ सार ?

विज्ञानका उदयले सुखदायी साज
करता वने कति अझै तर हेर आज
सम्पूर्णका हृदयमा किन छैन चैन ?
सन्तोष विश्वभरमा किन देखिदैन

आत्मा छ शान्ति रसको उस या पिपासा
चारा दिएर विषयेन्द्रिय योग खासा
छुट्दैन आन्तरिक डाह कडा बढेर
पानी विना वृषित तृप्त हुदैन हेर

स्वार्थान्धता कुटिलपङ्किल भाव भित्र
राखेर वाहिर वनेर सफा पवित्र
आफै छ जो चपल भोग विलास दास
स्वतन्त्रहीन उसको किन गर्नु आश

अध्यात्मवाद पहिले गरि खूव याद
नाना प्रकार अरू वाद चलाई वाद
निर्लिप्त पद्मदल झैं गरि मात्र काज
होला सुधार सव स्वच्छ वनी समाज

शान्ति वर्ष १ अङ्क ४
२०१४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भोगातिशय

हुन् भोग रोग कि सहोदर दाजु भाई ?
एकै किता फरक नाम र रूपलाई ?
प्रत्येकका घर–घरै पसि भित्र–भित्र
साम्राज्य नै छ यिनको बहुतै विचित्र

जस्तो शरिर विच नित्य विराजमान
राज समान जुन हो ज्वर नै प्रधान
मात्रा वढ्यो यदि भने उही हुन्छ रोग
उस्तै छ गैह्र विषयेन्द्रिय योग भोग

चाहिन्छ जीवन महाँ त अवश्यमेव
खाना–पिना प्रभृति धेर कुरा सदैव
मात्रा मिले नियम संयम हुन्छ भोग
वढ्दै गयो जति भयङ्कर उत्ति रोग

जो देश काल र परिस्थितिले गरेर
देखिन्छ त्यो प्रकृतिमा पनि हेरफेर
एकै पदार्थ फल दिन्छ विचित्र धेर
काहीं सुधा सरि कहीं विषमैं वनेर

देखिन्छ रोगकन जत्ति हटाउनामा
गर्छन् सबै जन सकेभर नित्य धामा
क्वन् क्वन् सयौं गुण वढी छ जुटाउनाको
आशक्ति भोगतिरको वहुधा चलेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

राम्रो मिठो कहलिने विषयोपभोग
जे–जे छ वास्तविक त्यै ठहरिन्छ रोग
निद्रा नपर्नु अरूचि हुनु आदि घेर
देखिन्छ लक्षण समान विचारि हेर

चौराशी व्यञ्जन अगाडि हुँदै तयार
ज्यूनारमा कठिन पर्दछ वार–वार
मिष्टान्न हो फगत भोक उ छैन के छ ?
खाए त कोची वलले वमनै हुनेछ

डस्ना अनेक थरि कूल कसी कसाऊ
पर्यङ्कमा शयन गर्न भनेर जाऊ
पर्दैन नीद विचमै हुन जान्छ भङ्ग
नाना प्रकार मनभित्र उही तरङ्ग

खाना महाँ जुन छ स्वाद र हुन्छ तृप्ति
हो भोक रोग हुन गै उसको निवृति
आनन्द मिल्दछ जसो गरि त्यै समान
सम्पूर्णमा क्षणिक नै सुख हुन्छ भान

के हो मिठो र नमिठो कुन हो नराम्रो
राम्रो छ के ? सकल हो रूचि मात्र हाम्रो
त्यै वस्तु कोहिकन हुन्छ सुधा समान
सुन्दै घिनाउँछ कुनै थुनी नाक कान

मिल्ने छ शान्ति भनि भोग विलासवाट
जस्तै गरे पनि त सुन्दर छाँट–काँट
झन् झन् प्रचण्ड भई वढ्छ हुँदैन तृप्त
निभ्ने छ अग्नि कि घृताहुतिले प्रदीप्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu .

CC-0. In Public Domain. Digitization by eGangotri

वढ्दै गयो जति जती विषयाभिलाष
आवश्यकीय धन छैन भने त पास
ढाँटी छली लुकी छिपी कन राखु नाम
भन्दै अनेक थरि दारुण हुन्छ काम

दु:खी कहिन्छ जुन त्यो अलिनै हवोस
थोत्रों छ थाल उसमा जति जे रहोस
भोको छ ता अति मिठो भइ वल्ल भेट
चाटी चुटी सव खपाखप भर्छ पेट

प्राचीन आर्यहरू यै वुझि मर्म भित्र
वस्थे सदा नियममा रहि सच्चरित्र
ठानेर तुच्छ सवभोग विलासलाई
वस्थे सदैव सुख कान्ति समृद्धि पाई

त्यो जीर्ण शीर्ण झुपडी उसभित्र सानू
मैलो छ त्यो सुकुल जो पलंगै छ मानू
विर्सी परिश्रम सवै दिनको थकाइ
मेटेर मस्तसंग सुत्तछ नीद् पाई

मेरो ठुलो कुल र गौरव मान शान
सम्पत्ति यो महल चैन र खानपान
कस्तो गरीकन वढाउनु होस् भरङ्ग
भन्ने हुँदैन उसका मनमा तरङ्ग

खायों मिठो गरि पिठो मिलि लाल वाला
टाला टुली गरि लगाउन छोपि छाला
जाँदैन इज्जत कहीं उसको संगै छ
सन्तोष केही उसमा वरू देखिने छ

शान्ति, वर्ष १ अङ्क ७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्वागताञ्जलि

आज विश्व भरमा भरमार
राजनीति तिर धेर प्रचार
देखि गैह्लकन गर्न सुधार
शान्तिको हुन गयो अवतार

धर्म नीति अघि धेर वनेका
शान्तिकै परिधि भित्र रहेका
छन् तथापि नभई गुणगान
देखिदो छ कहिं ता अपमान

शान्ति शान्ति भनि मात्र हुँदैन
साध्य सिद्धकर साधन छैन
विश्व प्रेम करूणा उपकार
न्याय पूर्ण नहुँदै व्यहार

त्याग, संयम विराग विचार
शान्तिका सकल साधन सार
छाडिधेर धनभोग निमित्त
चित्तवृत्ति वहुधा छ प्रवृत्त

राष्ट्र संघ तक यै छ विचार
पञ्चशील वढिया छ प्रचार
तुच्छ स्वार्थ तर भित्र घुसेर
त्यो अझै सफल छैन कि ? धेर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

खाली संझिकन औषधि नाम
छाडि सेवन गरेर कु काम
रोग छुड्दछ कसोगरि हाय ।।
पथ्यनै छ सुखदायि उपाय

घेर राष्ट्र, पुर गाउँ घरैमा
भित्र भित्र हर एक मनैमा
देखिदैन किन शान्ति अशेष
छन् परस्पर विरुद्ध विशेष

शान्तिपूर्ण करुणा गरि आयौ
भक्त वृन्दकन हर्ष दिलायौं
घेरका हृदय उज्ज्वल पार
देख्न पाउँ चिर काल प्रचार

भव्य भव्य वदली प्रतिमास
दिव्य दिव्य धरि रूप प्रकाश
गर्दछ्यौ जति सफा उपदेश
ती सकौं मनन् गर्न अशेष

यो अमूल्य नर जीवन सार
घेर घेर छ महत्व अपार
जो गरी सदुपयोग विकास
हुन्छ त्यो उभय लोक सुवास

स्वागतार्थ अरु छैन तयार
पत्र पुष्प फलको उपहार
गर्दछौं सतत एक पुकार
फैलिओस् सकलमा सुविचार

शान्ति वर्ष १ अङ्क १०, २०१५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मृग तृष्णा

हुँदा गर्मी गाढा प्रवर भई मार्तण्ड किरण
वलौंटो टल्केको नबुझि विचारा हाय हरिण
पिपासाले ज्यादा विकल भइ पायौं जल भनी
वृथा नाना बाधा सहिकन दगुर्छन् फनफनी

उता टाढा देख्ता टलपल परेको छ विमल
"अहो पानी मिल्ला अवत पिउँला त्यो कलकल"
भनी चाँडो चाँडो जति जति दगुर्छन् उति उति
तृषा क्रन् क्रन् बढ्दै श्रमभइ हुने घेर फजिति

उही टाढा देख्ता हृदय विच आशा जुन थियो
जति चाँडो दौड्यो पर पर उ क्रन् क्रन् पर भयो
नदी, धारा, वापी न त छ दहवा शून्य छ जल
हुने डाहा, मूर्छा, छटपट, कठै ! केवल फल

यसैलाई भन्छन् सफल मृग तृष्णा भनिकन
उही जस्तै ठानी क्षणिक सुख यो भौतिक कन
हटाई त्यो सारा विषय–रसमा लम्पट भन
रमाई आफैंमा अघि कति थिए, शान्ति–सदन

बने नाना खाना, वसन गमनोपाय सरल
बढे गाना, ताना, सुरभि रसिला नृत्य महल
नपुग्दों के होला ? अवत सुख क्रन् विश्व विकल
पुकारा गर्दा छन् नमिलिकन के ? शान्ति सकल

शान्ति वर्ष १ अंक १२
२०१५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कविको गाउँ परिचय

नेपाल पूर्व दुइ नम्बर मन्थलीमा
श्री केवलेश्वर भनेर प्रसिद्धनामा
छन् एक साम्ब शिवलिङ्ग स्वयं तयार
गौरी सशङ्कर छ उत्तर स्पष्ट दूर

जो 'राम छाप' भनि शासन केन्द्र नाम
अड्डाहरू विविध छन् जसमा तमाम
जिल्ला भरी सकल नै जनता चुनेर
हुन्छन् अनेक थरि कार्य जहाँ जुटेर

उच्चा छ जो शिखर पञ्च सहस्र फीट
त्यो देखि पश्चिम दिशातिर एक कोश
टाढा रहेर शिवले रखवारी काम
गर्दा हुँदैछ जनता सबको सुनाम

यो ठाउँ जङ्गल हुँदा अघि घेरकाल
को गर्दथ्यो र ? यसको सब देखभाल
हाम्रै प्रसिद्ध उही पूर्वज बालकृष्ण
आएर जाँचि सब चाल भई सतृष्ण

विर्ता गराइ घन जङ्गल आसपास
फाडेर ग्राम रमणीय बनाई वास
जाँदा भएर अवसम्म छँदैछ हाम्रो
यो केवल्यानि भनी ग्राम प्रसिद्ध राम्रो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उच्चा छ जो शिखर सप्त सहस्र फीट
जो फूलपाति शिवरात्रि महाँ विशेष
स्पष्टै सुनिन्छ तर दूर छ राजधानी
वन्दूक तोपहरूको सब शब्द छानी

श्री भूपसिंह समशाह प्रतापसिंह
द्वारा डटी विविध सैन्य स्वरूप सिंह
काजी रहेछ पदपूर्व किरांत सम्म
जित्ने लिएर सुर दुर्ग वनाई टम्म

खावा खनेर गढ जाने गरे तयार
अद्यापि चिह्न उसको त छँदैछ घेर
प्रख्यात नाम छ अझै पनि जैसिथुं को
हो 'वृष्टि सूचक" भनी सबले कहेको

त्यौ दुर्गका वरिपरि जव मेघ आई
ढाक्यो पऱ्यो अवत वृष्टि भनी रमाई
हेर्छन् किसानहरू घेर खडेरी पर्दा
या घेर थोर कहिल्यै पनि छैन मिथ्या

खावा छ वर्तुल र मध्य जहाँ भवानी
"ठाना" प्रसिद्ध जसको महिमा वखानी
के साध्य हुन्छ र मनोरथ सिद्धि पाई
पूजा विचित्र कति हुन्छ जहाँ रमाई

त्यस्ता विचित्र शिव शक्ति दुवै पुकारी
यात्रा गरेर गइ पूर्व किरांत मारी
काजी फिरी कुशल साथ स्वरूप सिंह
पूजा चलाउन गरे उनले प्रवन्ध

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीकेवलेश्वर उनै प्रभुका निमित्त
पाखा र खेतहरू घेर लगाई वित्त
राखी गुठी गुरू भनी घिमिरे पूजारी
(पर्खाल) गिर्दा र घाट गरि पुष्करिणी तयारी

पारे अझै पनि हुँदैछ र पर्व पूजा
यै ग्रामवासीहरूबाट विशेष पूजा
नित्यै हुँदैछ जल फूल र धूप दीप
नैवेद्य आदि उपचार धरी समीप

पानी छ निर्मल जटा हदझै समीप
गङ्गा समान शिवलिङ्ग र मूल कुण्ड
गिर्दा छँदैछ अझसम्म जहाँ विशाल
पर्ने छ यो भल छुते यदि देखभाल

घट्टा हिटी दुई छ लेखक कीर्ति चिह्न
पाटी छ ग्राम भरकै श्रम जन्य धन्य
छाना छँदैछ खरको भर छैन घेर
को छाउने छ ? पछि सम्म बनी उदार

(चिलाउने) पुन्नाग चम्पक र सीर गुराँस प्लक्ष (कान्रो)
अक्षोट काफल फडीर विशेष वृक्ष
शोभा दिने शिखर त्यो मनमोह कारी
त्यैं केवलेश्वर ममा छ अझै तयारी

डुल्छन् जहाँ हरिणसम्म सदा लुकेर
तित्रा ढुकूर वन फुक्कुट घेर घेर
छौं ग्रामवासी विरलै वनको सुधार
गर्नें भए अब अनेक मिली उजार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

के हुन्छ ? एक दुईले लिई सद्‌विचार
गोरक्षकै छ उही भक्षणमा तयार
बन्दूक काँध भिरी व्याधहरू घुमेर
मर्दै गए अब कठै शिव यो उजार

यात्रा अझै पनि छ कार्तिक शुल्क पक्ष
एकादशी र शिवरात्रि महा विशेष
स्त्री जातिको डटिडटाउ भएर भेला
कं तीजका दिन विचित्र हुँदैछ भेला

हामी सबै तनय हौं उनकै सुवेदी
यी जन्म भूमितिर भक्ति चटक्क छाडी
धेरै हुँदा पर भयौं अब थोर हामी
जाऊँ कहाँ यही बसौं कुल धर्म थामी

प्रारब्ध भोग नगरी नहुने अशेष
सर्वत्र केही गुण वा हुन जान्छ दोष
गर्मी हुँदैन कहिल्यै नत लाग्छ जूका
सिम्ला पहाड सरि सुन्दर यो अनौठा

बिग्रन्छ वालि न त बेर परी खडेरी
पानी हवा सब भए पनि निर्विकारी
टाढा छ कोश भर खेत अवारिटार
छन् मक्षडाडि तल नै अब बन्धु बेर

छौं धेर थोर जतिनै सब दाजु भाइ
श्रीकेवलेश्वर प्रभो भनी नित्य गाई
पूजा सके भर गरेर चलाउँदै छौं
सानै भए पनि त गाउँ बसीरहे छौं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीकेवलेश्वर यिनै प्रभुको उदार
पर्दा दया जति गरें सब कारवार
प्रारम्भमै छ अठहत्तरको उमेर
कस्तो छ भोग पछिसम्म कहाँ पुगेर॰।

२०२७।३।१७।४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्वार्थी संसार

माता भ्राता पुत्र इत्यादि सारा
नाता गोता गैह्र जो छन् सहारा
ब्वाँसा जस्तै धूर्त चिप्लो घसेर
अन्धो पारी चुस्तछन् घेर घेर

मेरो मेरो भन्दछन् प्रेम गर्छन्
आफ्नो भन्दै गैह्र सम्पत्ति हर्छन्
आफ्नो केही देखिए स्वार्थ मानी
टेढा आँखा तर्दछन् तीक्ष्ण तानी"

संसारैको देखियो क्षुद्र चाला
बेइमानी भित्रका घेर काला
'मेरा' भन्दै जीव नै यो विताए
बूढो वन्दा वल्ल पो होश पाएँ

वाल्यावस्थामा थियो लाड प्यार
आमा बाबु स्नेह गर्दै अपार
प्यारो छोरा 'ए ठूलो वाबु !' भन्थे
मीठो पीठो जे जुओ खान दिन्थे

बढ्दै आयो मस्त अर्कै जवानी
के के कस्तो भैगयो के वरवानी
पत्नी छोरा मात्र आफन्त ठानी
गर्दै नाना कर्म फिक्री नमानी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

टाढा पारी ज्ञाति साला र साली
आफ्ना पारी मस्ख पर्दै रमाई
ढल्की जाँदा पुष्प जस्तै उमेर
वास्ता छाडी ती भए दूर दूर

वृद्धावस्थाको भयो सूत्रपात
आँखा कति रौं बने घेर खेत
हिँड्दा डुल्दा काम गर्दा शरीर
अर्कै जस्तो भै गयो लाग्छ पीर

हेला गर्छन् भित्र भित्रै तमाम
थोत्रो थोते घेर के मिल्छ काम
खाना मीठो चाहिने गर्छ आशा
वृद्धावस्था हाय !!! कस्तो तमाशा

लोभी पापी चित्त पारी बटोरी
जम्मा जोरी घेर संपद् भकारी
छोरा लिन्छन् भागवण्डा कसेर
'लोभी बूढो' गाली गर्छन् कठोर

खाना निद्रा नेत्र वा कर्ण सारा
घट्तै घट्तै शक्तिले कार्य भारा
छाडी ल्याए एक तृष्ण प्रचण्ड
बढ्दै जाने लोभको माप दण्ड

कोही मेरा पुत्र पुत्री र भाई
निःस्वार्थी भै प्रेम गर्ने मलाई
छाडे छैनन् आज ती इष्ट मित्र
जत्ति संक्यो उत्ति नै जल्छ भित्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

फुल्दै फल्दै पत्र झर्दै पुराना
अर्कै बन्छन् पालुवा फेरि नाना
हे ओ आजै कोपिला भोली पुष्प
बन्दै झर्ने यो वगैंचा विचित्र

जानी जानी व्यर्थ माया बढाई
'तेरो मेरो' यो भनि मोहलाई
पक्री गर्छन् को कहाँ क्रूर कर्म
संझी साध्यै हुन्छ के जल्छ मर्म

राम्रो वास्नादार भो पुष्पतुल्य
हाम्रो चोला मानवी हो अमूल्य
बन्दै हामी राक्षसैले समान
गर्छौं नाना भौतिका क्रूर काम

कस्ता कस्ता देखिए ती विलाए
थोरैले नै कीर्तिले लोक छाए
पक्कै जानै पर्छ छाडेर सारा
भन्ने जानी व्यर्थ यो दुःख भारा

संझी यस्तो कृष्णमा भक्ति लाउँ
जस्तो जे जो मिल्छ त्यै खाउँ लाउ
भन्ने मेरो द्रौपदीको पुकार
जस्तै ठानी कृष्ण चाँडै उतार

२०२७।४।१७।७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मुरारे स्तूतीयः पंथा

दिक्षा न ता छ गुण मन्त्र न ता छ नाम, सम्भ्केर त्यै
रमण रेति र दिब्य धाम,
आचार मात्र लिई वैष्णव नाम धारी, मेरो छ
नाम उही सार्थक त्यै मुरारी,

I

श्रद्धा छ पूर्ण मुरली धरकै सदैव पूजा र भोग
चरणोदक पान नित्य,
अनास भूर्घ्वतिलकादिक चिन्हधारी, यो धुम्र
पान रत पामर छैं मुरारी,

II

नित्यै छ भगवान पाठ र आजकाल, गर्छन् कुनै
विरल सज्जन देखभाल,
श्री केवलेश्वर समीप कुटी उधारी, ब्याख्यान
गर्दछु भया मति नै मुरारि

III

नेपाल राष्ट्र भर नै प्रसिद्ध नाम, यो राम चाप
उस छेउ, कुनै छ ग्राम
सानै छ वस्ति उसमै बनि निर्विकारी वस्ने रमाइ
म छु सार्थक त्यै मुरारि

IV

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आडम्बरी झिलिमिलि न यहाँ कुनै छ जाली र
धुर्तमन शोषकता न ता छ
ग्रामीण छन् सरल चित्त र भक्तिधारी, आनन्दधाम
यहि संझी रहयो मुरारी

V

देखेर त्यो प्रकृति चित्रण मुक्ति क्षेत्र वृतान्त पत्र
मिलि चित्त भयो पवित्र
यात्रा त दुर्लभ रहेछ कठोर भारी, सन्तोष गर्छु
मनमा नभई मुरारि

VI

श्री श्यामसुन्दर कहाँ मुरली विभोर गोपाङ्गना
विविध कौतुक चित्त चोर
दास नु दास तक भन्ने छ लाजभारी, मिल्ने छ
के शरण तुच्छ म हुँ मुरारी

VII

आचार मिल्छ न कतै न कतै विचार, स्वार्थान्ध
ता प्रवल यो व्यवहार भार
होला कि फेरि करूणा रस रङ्ग घोरी, आशा
लिएर रहने म उही मुरारी

VIII

ज्योति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भोग विलास

प्राणी सवका मानव जाति ।
उत्तम संझी नाना भाँति ।।
शिक्षा-–दिक्षा शुभ संस्कार ।
गर्छन् सवले फाल्न विचार ।।
सुन फैं ऊक मरू पारी खास ।
मानवताको दिव्य प्रकाश ।।
आफ्नो जीवन विश्व उज्यालो ।
पार्दछ यसले न भए कालो ।।
यसकै खातिर वेद पुराण ।
शास्त्र वनेका निर्मल ज्ञान ।।
कति छन् तिनको सव गुण वान ।
सक्तछ कसले गर्न वयान ।।
अरूको रति भर कुभलो नगर ।
छल वल पर धन कहिलै नहर ।।
पर पीडा हो ठूलो पाप ।
आत्म द्रोही लाग्छ सराप ।।
मदिरा जस्ता मादक चीज ।
छाडी निर्मल वुद्धि सपार ।।
उछ्रिखल भई कामा चार ।
गर्नु नराम्रो हो वेभीचार ।।
सव को प्रिय हित साँचो वोल ।
प्राणी सवमा करूणा राख ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

होला यसले जीवन शुद्ध ।
भन्छन् यही नै गौतम बुद्ध ।।
शास्त्र अनेकौं छन् तर सार ।
यही हो सबको मुख्य विचार ।।
"दैवी सम्पदा मानवता हो" ।
यसकै उल्टा दानवता हो ।।
यस्तै धेरै शिक्षा राम्रा ।
दिन्थे अघि कति पूर्वज हाम्रो ।।
सबमा एकै धर्म प्रधान ।
अर्थ र काम दुवैको मान ।।
राखी अब्ब पछि मोक्ष्य समेत ।
चारै नाम थियो पुरुषार्थ ।।
स्वसण साधन "धर्म" भनेर ।
भन्छन् अवता कतिता धेर ।।
"शिक्षा शिक्षा" भन्छन् धारा ।
व्याप्त छ सब मा एकै धार ।।
वित्यो—पार्जन भोग–विलास ।
ध्येय छ वहुधा सबको खास ।।
शास्त्री, स्नातक, विए, एम. ए ।
शिक्षित संख्या धेरै थपिए ।।
मानवताको गर्ने सेवा ।
कति छन् कति ता ताक्छन् मेवा ।।
उछृङ्खलता अनुशासनले ।
दानवता त्यो मानवताले ।।
रोक्न भएमा यदि असमर्थ ।
के हुन सक्ला ? अरू परमार्थ ।।
आमा बाबु भाई र बहिनी ।
नाता गोता रत्ती भर नगनी ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आफै केवल भोग विलास ।
दास बनेका कति छन् खास ॥
खाना, निद्रा, भोग प्रधान ।
पशु पँक्षीमा हुन्छ समान ॥
मानवमा पनि शिक्षितवाट ।
देख्दा यस्तो लाग्छ उराठ ॥
"गौत्तम बुद्ध जयन्ती" भन्छौ ।
नेपाली भनी गौरव गर्छौं ॥
एक दिन पनि हिम्सा कर्म ।
छैन छुटेको यो कुल धर्म ॥
धार्मीक, सम्वर नेता नाम ।
छन् जती कत्तिको काम तमाम ॥
भित्र छ अर्के मुखमा राम ।
मन परि कक्षा ? वित्त गुलाम ॥
तिर्थ स्थल वा मन्दीर घेर ।
कति–कति हुन्छन् सन्त महन्त ॥
आह! ! ! सुनिन्छन् कति व्यभिचार ।
कस्तो पशु सरी अन्धा चार ॥
छाडी मादक द्रव पिएर ।
नाना थरी परी वस्त्र डटेर ॥
फुस्रो धाक रवाफ निमित्त ।
फुक्छन् वहुधा दूर्लभ वित्त ॥
शुरसा मुख झैं तृष्णा ज्यादा ।
वड पै. थरी–थरी पर्दछ वादा ॥
कल, वल, छलले अरूका धनमा ।
लिफ्सा उठ्दछ उस्का मनमा ॥
जति–जति हुन्छन् प्राकृति विरूद्ध ।
भोग र उत्ती नै रोग बढेर ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्वर्ण भनेको मानव जन्म ।
दूर्लभ उस्को वन्दछ भार ।।
ज्यादा वढ्दो भोग विलास ।
देह र मनको गर्छ, विनाश ।।
ईश्वर ! देउ शुद्ध विचार ।
पाउन सवले जीवन शार ।।

उपा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चलचित्र

ईश्वर निर्मित यो चलचित्र पल–पल फिर्छन् रूप विचित्र
चतुरो चालक विजुली चालु थरि–थरि घटना गर्छ विशाल

जलचर थलचर नभचर जाति वृक्ष लतौषधि नाना भाँति
कति छन् जलको गणना छैन टिकट विनाको दृश्य अचम्म

यौटा आउँछ झिलिमिलि गर्दै नक्कल झिक्तै फरफर फिर्दै
गाउँछ गाना भांति जाँन्छ कहां त्यो क्षणभर नाची

अर्को आउँछ उस्तै चाला एवं रित्या वालक वाला
नव–नव रूप अनेक लिएर खेल्छन् खेल तमासा धेर

लोभ र पाप वढाई धेर द्रब्य कमाई मौज गरेर
कस्तो वनुला ? भनि वल गर्छन् चिन्ताज्वर उठि कति जलि मर्छन् ।

शान्ति र सुखता त्याग महांछ सवमा त्यस्तो ज्ञान कहाँ छ ?
"कल–वल–छलले अस्त कनमारी आफ्नै भर्नु पर्छ भकारी"

भन्ने लिइकन दूषितभाव खोक्रो मान र शान रवाफ
खातिर गर्छन् नाना पाप आखिर उठ्तछ भित्री ताप

"क्षण भंगुर यो दुर्लभ चोला जानु कहाँ हो ? पछि के होला ?"
भन्ने रतिभर याद नराखी मनपरि गर्ने कति छन् पापी

पशु पक्षीमा सीमित मात्र वुद्धि रहेको हुन्छ विचित्र
विद्यासागर मानव जाति जाति ज्ञान भएको नाना भाँति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विश्व सबैको साझा महल 'तेरो मेरो' नभनी कलह
नगरि बसे कति राम्रो हुन्थ्यो स्वर्ग यही नै पृथिवी वन्थ्यो

"दुष्कृति यस्तो गर्दा पहिले दण्ड दिएको विधिले अहिले,
भन्ने रतिभर छैन विवेक पर्दा भरि–थरि कष्ट अनेक

ईश्वरैको हो यो दरवार न्याय यहाँको हुन्छ उदार
संततितक कहिं देरी होला नत्रत तत्क्षण गिर्दछ गोला

कति–कति आए बुद्धि लडाए कति कति दर्जा द्रव्य कमाए
आखिर विजुली तुल्य विलाए कतिले निर्जर कीर्ति कमाए

ईश्वर सवका छन् ररववार नछली सकिने चौकीदार
जसले उनको गर्दछ हेला हिड्छ कुवाटो पर्दछ फेला

कतिजना भन्छन् ईश्वर छैन विचराहरूकन पत्तै छैन
चेतन ईश्वर व्यापक एक सवमा छन् किन छैन विवेक

ईश्वरको रति डरभर छाडी विनयी वन्दै धेर अगाडि
वढ्दै जाँदा कति–कति वीर चिन्ता खाएँ आखिर धेर

ईश्वरकै यो संझी खेल प्राणी सवमा राखी मेल
लोभ र पाप सवै पर सारौं मानव जीवन निर्मल पारौं

उषा वर्ष ३ अंक ४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अखिलेश्वर महात्म्य

श्री जानकी परम पावन जन्मधाम,
प्रख्यात विश्व भरनै मिथिला छ नाम,
त्यैं पुण्य भूमि नृप एक थिए प्रसिद्ध,
श्रीकृष्णचन्द्र पद पङ्कज भक्त भृङ्ग,

राजा भए जति सबै मिथिला प्रभाव,
पर्दा भए पनि गृहस्थ विशुद्धभाव,
गर्थे विदेह बनि राज्य जहाँ अशेष,
केही नराखि मनमा रिस राग लेश,

श्रीकृष्णका समयमा वहुलाश्व नाम,
यौटा थिए नृप कुनै श्रुतदेव नाम,
अर्काथिए द्विज दुवैतिर एक साथ,
आयो निमन्त्रण पवित्र गरेर भाव,

साथैं दुवैतिर भयो दुइरूप धारी,
श्रीभक्त वत्सल हुँदा प्रभुको सवारी,
भो भूपवाट सब राजपि छौंट साथ,
पूजा अनेक थरि रत्न चणइ माथ,

ती विप्र केहि नभएर पनि रत्नपार,
शिक्षा गरी मधुकरी मनका उदार,
यस्तो थियो सहन भोजन वस्त्र जामा,
पँन्हेर वोकि प्रभुलाई लती कुटीमा,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

टक्र्याई आसन सफा कुश पल्लवादी,
पाद्यार्घ्य फूल फल धूप र दीप आदि,
हर्षाश्रुले गरि शरीर सवै भिजाई,
नाचे वरी परी घुमी थपडी वजाइ,

त्यै हर्षको स्मृति अझै मिथिला पुरीमा
प्रख्यात एक नगरी वनि हर्ष नामा,
गाउँ छदैछ 'अखिलेश्वर' नामवाट,
अथापि कीर्ति प्रभुकै मिलि छाँट काँट

श्रीकृष्णचन्द्र चरणदोक कीर्तिसार,
तत्काल एक नवकुण्ड हुँदा तयार,
त्यो भव्य नूतन सरोवर देखि छाँट,
आज्ञा भयो अति खुशी भई कृष्णवाट

यो स्नान योग्य श्रुति कुण्ड जहाँ नुहाई,
यो अर्चनीय अखिलेश्वर सामु जाई,
जो गर्छ दर्शन सभक्ति भने म खोजी,
धर्मार्थ काम अपवर्ग दिनेछु रोजी,

यै कुण्डदेखि अलि उत्तर एक कोश,
मेरो महेश युत माधवको विशेष,
देखिन्छ जो युगल मूर्ति सदा समीप,
प्रख्यात नै हरिहरात्मक एक रूप,

जङ्घावती छ शिवका वाहि जाँघवाट,
गर्छिन् नदी वनि पवित्र प्रतीचि भाग,
रक्ता नदी अति विशाल छ पूर्वभाग,
सीमा छ दक्षिण जलेश्वर केन्द्रभाग,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चौतर्फ पूज्य विच कुण्ड भयो तयारी,
यो भाग मोक्षद भनेर फिर्यो सवारी,
भन्छन् अनेक थरि छन् मिथिला पुराण,
साध्यै हुँदैन जसको त गरी वयान,

उषा वर्ष ६ अङ्क ४
२०३२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्वस्ति श्री मङ्गलमूर्तये नमः

७३ औं वर्षारम्भ

प्रारम्भ भो अव त्रिहत्तर वर्ष आज
देखें सुनें कति कति विचित्र छ यो समाज
संसार सागर महा परि वार वार
खाँदैछ ठक्कर अनेक दुरन्तपार

पानी छ गैन्ह नुनिलो निलिसक्नु छैन
यो देह केहि त नखाइ हुँदै हुँदैन
चल्छन् अनेक थरिका भुँवरी परेर
यो चित्त चञ्चल गराई तरङ्ग घेर

आशा लिएर सुखको सव यत्र तत्र
चल्छन् तथापि म सुखी छु भनी विचित्र
भन्दैन कोही पनि नित्य अनेक काम
गर्दै रहन्छ सुख साधनमै तमाम

पाइन्छ रत्न यदि गर्न सके प्रयत्न
भन्छन् तथापि सजिलो मुखले छ भन्न
ग्राहादि घेर थरिका जल–जन्तुबाट
उम्कन्छ को र अनि गर्दछ कौन आँट

प्रारब्ध कर्म फल भोग हुँदा विचित्र
मानापमान सुख दुःख र शत्रु मित्र
धेरै भए अव छ बाँकी कती उमेर
यो खेल हो कि मनकै भनिठान्छु धेर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

माता पिता सहचरी सुत बन्धुवर्ग
मेरा भनी मन लगाइ गरेर गर्व
के के गरि कति भए अब धेर दूर
यस्तै रहेछ सब यो व्यवहार भार

सम्पत्ति मानहरू धेर कमाउनाको
इच्छा लिएर मन भित्र गराइ कालो
जो जे गरे अघि गरें सिप संञ्चि आज
पाउँ म माफ भनि भन्दछु छाडि लाज

नाता रहेछ सब स्वार्थी यहाँ अडेको
मेरा भनी कन वृथा म भुलि रहेको
धेरै भए पर परै चतुरा प्रवीर
स्वार्थान्ध नीच जन बन्दछ को उदार ?

वि. सं. २०३०।२।१४।१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्वस्ति श्रीमङ्गलमूर्तये नमः

अर्द्धांगिनीको वियोगमा

पूराभयो जव त्रिहत्तर वर्ष मेरो
पर्दाभयो कठिन कष्ट लगाई फेरो
मेरी थियिन् सहचरी जुन एक मात्र
पाऱ्यो वियोग विधिले अव दुखः पात्र

अर्द्धाङ्गिनी जुन थियिन् व्यवहार सारा
चल्थ्यो थियो घर उनै सप कष्ट भारा
लिन्थिन् गइन् अव कहाँ कसरि म पाउँ
यो दुःख कोसित वताउँ कहाँ म जाउँ

टाढा भयौ अव त कृष्ण कुमारी मेरी
हाम्रो हुँदैन अव भेट कदापि फेरि
संसारको गति छ यै नटरेर जाने
हा दैव ! वाकि दिन के गरि हुन्छ जाने

छोराहरू दुइ अझै पनि छ समर्थ
छन् तीन पुत्री अझ सम्म सबै समर्थ
अर्द्धाङ्गिनी तिनि समान कसै हुँदैन
यस्तै रहेछ अव खेल कसै टरेन

२०३१।५।२९।७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पुस्तकस्तव

एकै सदा प्राण सरी पियारा
आधार छौ पुस्तक वृन्द मेरा
तिम्रै कृपाले गरी धेरै थोर
कमाउँदैछु धन–मान हेर

माता पिता पुत्र कलत्र मित्र
नाता भनेको जतिछन् विचित्र
स्वार्थमहा प्रेम गरेर धेर
गर्ने र हेर्छन् अरू ता पियार

सरस्वतीकै तिमि दिव्य रूप
प्रव्यक्षनै गर्न सके विवेक
दिन्छौ सुधा तुल्य अनेक ज्ञान
तिम्रो गरी सक्नु छ के बयान

तिम्रो कसैमा पनि पक्षपात
हुँदैन संफी सब एक नाश
दिन्छौ सबैमा छ समानभाव
प्रत्यक्ष चिन्ता प्रणिकै प्रभाव

२०३१।८।८।७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"बृद्ध धुर्सुल"

कहाँ वेली कहाँ चम्पा कहाँ भण्डार पाटल
कालले गनियो खाली फूलमा तुच्छ धुर्सुल

लेखनाथ
ऋतु विचार
हेमन्त वर्णन श्लोक ९०

जन्में कुनै पर्वत एक छेउमा ।
सानै भए तापनि कोही ठाउँमा ॥
हुर्के, बढे बृद्ध भयो कलेवर ।
शोभा गयो यो बनको मनोहर ॥
(१)

जस्तै भए तापनि यौवनच्छटा ।
गयो कहै !! छाडि वनेर वेपता ॥
मेरो हुँदा संस्कृत शब्द धूसर ।
दिन्छन् मलाई सब नाम धुर्सुल ॥
(२)

मेरा थिए वान्धव जो वडे वडे ।
कुठारको धार कठोर भै लडे ॥
नाङ्गा र टिङ्गा कति छन् अझै खडे ।
कुनै वृथा जीवन भै गले सडे ॥
(३)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वने कुनै थाम दलिन सन्दूक ।
कुनै वने मेच, दराज, टेवुल ।।
कुनै वने द्वार भआङरेनिङ ।
बने कुनै क्याल निराल शोभन ।।
(४)

सिन्का सरी सानु र धेर कोमल ।
मेरो हुँदा अङ्ग मिलेन त्यो फल ।।
इर्ष्या कसैको रति कन्ति गर्दिन ।
कल्याण सर्वत्र म गर्छु चिन्तन ।।
(५)

गाई वसेका कति गोठ भूमिमा ।
मलाई जम्मा गरि त्यैं बिछ्याउना ।।
बनाई छर्छन् कति नाम सोत्तर ।
गर्दछु सेवा म वढाई गोवर ।।
(६)

गोमूत्र वा गोमयमा लुटू पुटू ।
रहेर रातै भरमा गुटूमुटू ।।
एकै हुँदा तल्लय भन्दछन् म ।
भकारमा बढ्दछ फन् तपोवल ।।
(७)

बिताई धेरैं महीना सडी गली ।
बनाई त्यैं खेत र वाटिका मिली ।।
छर्छन् सबैमा मल अरु दोब्बर ।
बनाउने काम दिने म सत्वर ।।
(८)

दीप ज्योति

साम्ब

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

झाई जुही छन् शतपत्र पाटल ।
गोदावरी चम्पक आदि छन् फुल ॥
उद्यानमा ती ढकमक्क सुन्दर ।
चम्की रहेका कति छन् मनोहर ॥
(९)

ग्रामीण भैंरा कति साथ छन् भल ।
लक्ष्मी भनी भक्ति लिएर केवल ॥
बहाई आफ्नै पसीना निरन्तर ।
उब्जाउँछन् अन्न र भर्दछन् घर ॥
(१०)

धुर्त्याइँ वा चाकरि कूठ आदिका ।
अभिज्ञ छैनन् मनका भने सफा ॥
न छन् कुनै भोग विलास लम्पट ।
फोस्रो न आडम्बर बेष सेवक ॥
(११)

मेरा छिमेकी उनकै निरन्तर ।
संपर्क मेरो छ सदैव सुन्दर ॥
तथापि मेरा दुइ चारका कुरा ।
संक्षेपले भन्छु चलाउँछन् छुरा ॥
(१२)

गोपालना खेति गनेर तुच्छ नै ।
टाठा र बाठा कहिने हुँदा उनै ॥
पढेर नानाथरि घूत चातुरी ।
डटेर हिड्ने कति छन् थरी–थरी ॥
(१३)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कुनै संगतिमा परीकन ।
स्वत्मान देवी व्रतको कथा जुन ।।
प्रख्यात नै माघ महा सुनाउन ।
सुन्ने प्रथा पर्वतमा सरीकन ।।
(१४)

त्यो माघमा पुष्प नपाउँदा अरू ।
वेली तथा कुन्द नभै खुरू–खुरू ।।
टिपेर मेरै फुल नै जताततै ।
प्रसाद लिन्छन् शिरमा कतै उत्ता ।।
(१५)

ग्रामीणका दुःख महा–सहायक ।
प्रशस्त कैं त्यो ऋतुको भयानक ।।
संकष्ट भर्ने नभएर चाहना ।
गर्छन् सबैले मनभित्र कामना ।।
(१६)

यस्तै हुँदा जीवन कर्म पद्धति
छोटा वडा भेद हुँदैन त्यों रति ।।
पराेपकारी जन जो छ त्यै ठूलो
आफै बडे बन्दछ ता धुलो धुलो ।।
(१७)

सर्वाङ्ग मेरो कमलो छ दुर्बल ।
पिटिक्क भाँचिन्छु नलाउँदै वल ।।
बलिष्ठ केही नहुँदा परिस्थिति ।
म फ्याँकिएको, छु सधैं यताउति ।।
(१८)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वसन्त देखि ऋतु चारमा फुल ।
फुल्छन् अनेकौं ढकमक्क फलमल ॥
कठ्याङ्ग्रिदा शैत्य उठी अनेकन ।
लुक्छन् कताती नहुने निरूपण ॥
(१९)

जस्तै वहोस् बेग लिई प्रभञ्जन ।
लड्छन् वडै अडदछु भैं अकम्पन ॥
सानै छु मेरा तर पत्रछन् ठूला ।
चिल्ला २ लोचा भृदु छन् वदा खुला ॥
(२०)

खेल्छन् कुनै वालक वालिकागण ।
सिकेर खाना टपरी वनाउन ॥
पिनासले दु:ख दिदा कुनै रस ।
पिधेर लिन्छन् कति थोर नै नस ॥
(२१)

छिक्का हुँदै घेर घटी विकारती ।
आराम गर्ने पनि वन्छु औषधि ॥
पोथ्रो भए तापनि पातछन् ठूला ।
खोचो हुँदै कूप महा सहायता ॥
(२२)

दिई पिपामा हरि दिन्छु सत्वर
परोपकारी व्रत नै मनोहर ॥
संफन्छु केही नलिई घमण्ड म
वुद्धत्वमा अड्किरहेछ जीवन ॥
(२३)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हिन्दू कुनै अन्तिम कर्म साधन
दिन्छन् अर्कै पिण्ड हुँदा अचेतन ।।
पहाड वा पर्वत तर्फ चन्दन
श्री खण्ड ता दुर्लभ बन्छ नूतन ।।
(१४)

मेरै हुनाले कमलो कलेवर
घोटी बुझी चन्दनले बराबर ।।
चढाउँदै छन् ढिकुरा महा कति
निर्गन्धले प्रेत रिझाउने गति ।।
(२५)

सम्पूर्णमा गर्दछु यै निवेदन
घमण्डले व्यर्थ नफाल जीवन ।।
शरीर यो नश्वर कीर्ति नै स्थिर
पुकार यै गर्दछु तुच्छ धुर्सुल ।।
(२६)

रूपरेखा वर्ष १८ पूर्णाङ्क १९६
अंक ४ भदौ २०३४
फर्केर हेर्दा (स्तम्भ) पृष्ठ ५६–६०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"स्पष्ट त्यो चित्र हेर"

भन्छन् सारा कविवर मता ठान्छु त्यो त्याग मूर्ति
मैला थैला सुन धन भनी कुल्ने सत्य व्यक्ति
द्रव्याशाले मदन दगुरे भोट गै फर्किएर
आए कस्तो परिणत भयो स्पष्ट त्यो चित्र हेर

[यो कविता २०३४ साल कार्तिक महीनामा जनकपुर रा.रा. क्याम्पसमा भएको देवकोटा जयन्ती कार्यक्रममा सभापतिको आसनवाट पाठ गरिएको कविता] ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गर्छन् कुनै सज्जन यै बयान

विष्टा सरी सूकरको प्रतिष्ठा
हो रौरवै गौरव तुल्य निष्ठा
त्यै हो सुरापान विषै समान
गर्छन् कुनै सज्जन यै बयान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नगर कसै छन्दमा दुराचार

छन्द भन्नु लयदार
भाव छ रक्तै समानको सार
मुटुमा परे विकार
परिमित के हुन्छ रक्त सञ्चार
ज्यादै ठहरे भार अन्त्यानुप्रास हो अलङ्कार
वरु त्यति पर सार नगर कसै छन्दमा दुराचार

[यसका १२–१५ श्लोक थिए भनेर साम्वभक्तवाटै जानकारी पाइएको छ। यसका अरू श्लोक पाउन सकिएन]।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

साम्बभक्तको आफ्नो सिद्धान्त

नाहं निन्दे नच स्तौमि
स्वभावं विषमं जनम्
एतेषां श्रेय आशासे
उत्तै कात्म्यं महात्मनि

श्री मद्भागवत सप्तमस्कन्ध १३ अध्याय ४२ औं श्लोक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ज्ञानको दीप बालौं

लाखौं भोका र नाङ्गा विकल मनुजका
आँसु धेरै नरुदैं ।
यौटा आपत् नटर्दै अरू दशदशले
घेर्न पालो नभन्दै ।।
जन्मै देखिन् जमेको हृदय कुहरमा
स्वार्थको लेउ फालौं ।
धोई सत्कर्मद्वारा कलमल मनमा
"ज्ञानको दीप बालौं ।।

२०३७
पृष्ठ २४६
'समस्यापूर्ति कविता संग्रहवाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"जता हेर्‍यो उतै मेरा"

कुनै ता मामका भोका हुँदा वोका वनेका छन् ।
कुनै ता कामका भोका हुँदा भड्कीरहेका छन् ।।
कुनै ता रामका भोका हुँदा खोजी गरी हिड्छन् ।
"जता हेर्‍यो उतै मेरा" पियार वन्धु भोका छन् ।।

२०३५
पृष्ठ २३८
'समस्यापूर्ति कविता संग्रहबाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"लागेन निद्रा कसै"

कोठा स्वच्छ थियो थिएन भुईंमा धूलो कतै क्यै अनि
तन्ना औ तकिया थिए अति सफा सारा सजेका पनि
त्यत्रो वैभवको निदान मनमा ख्वास्सै उदायो जसै
उठ्तै तर्क वितर्क धेर मनमा "लागेन । निद्रा कसै ।"

२०२६
पृष्ठ १६०
समस्यापूर्ति कवितासंग्रहवाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"विश्वमा मातृभाषा"

गाईको दुग्ध जस्तो सतत र विशशी
विश्वगर्छन् प्रकाश
डाँफे पक्षी छ जस्तो झलमल खुकुरी
फूल लालीगुराँस
उस्तै हाम्रो पुरानू अलिविकृत कतै
देववाजी छ खासा
नेपाली राष्ट्रभाषा वरपर छरियोस्

२०२२
"विश्वमा मातृभाषा"
समस्यापूर्ति कविता पृष्ठ ४१ संग्रहवाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भैरव प्रति श्रद्धाञ्जलि

सम्पूर्णलाई अघि हास्यव्यङ्ग्यले
हँसाउँथ्यौ आज चुडाइ दैवले
कहाँ पुऱ्यायो ? अरु हामी छौं याहीं
हुनेछ हाम्रो पछि भेट या कहीं

यस्तै छ चाला सवको परिस्थिति
देखाउँदै फुक्कुर स्वर्गको गति
छर्लङ्ग पारी मनको व्यथा कहीं
कहाँ पुग्यौ ? हामी अझै यतै रही

सम्झेर तिम्रै रचना मनोहर
लाग्दैछ काउकुति धेर नै तर
भुँडी भारा छौं कति यो कलेवार
ढाकी गलेवन्द वनेर सुन्दर

हिंडीरहेछौं तर भित्रको कुरा
को बुझ्न सक्ने छ सवै पुरा पुरा
तिमी थियौ एक मुस्त मुस्त गरी
हाँसेर ठट्टा गरि मर्म वेसरी

वताउँथ्यौ छैन कि ? कोही छन् अरु
भए इति श्री गुणगान गौरव
दिउन् उनै ईश दयां निकेतन
स्वर्गीय आत्माकन शान्ति साधन

रचना, भैरव अङ्क २

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मीठो सम्झना

कवि देवकोटाका फाटफुट कविता कहिले काहीं पहाडमै भए पनि पढ्ने सौभाग्य पाउँथें र नौलो प्रतिभा बगेको देख्दा केही क्षण भए पनि कविजि सँग वार्तालाप गर्ने अवसर खोजी रहेको थिएँ। पहाडका पाठशालामा वसे पनि असार–साउन दुई महिनाको विदामा म प्राय: काठमाडौं आउँथें। २००१ सालको असारमा म काठमाडौं आएँ। मेरा परम् भक्त रघु–लघु पढाएका शिष्य श्री हृदयराजको सौजन्यवाट म र उनका भाइ भरतराज शास्त्री समेत कविता सुन्न कविजीको घर धोवीधारामा गयौं। त्यसवेला उहाँ जीर्ण शीर्ण पोसाकमा हुनु हुन्थ्यो र इमश्रुप्तर्ण मुख भए पनि प्रतिभा प्रदीप्त विशाल भावले उज्वल र सुस्मित हुनुहुन्थ्यो । उहाँको कविता पौराणिक थियो जुन शाकुन्तल महाकाव्यको पाण्डुलिपी थियो।

पौराणिक कथमा आधारित अपूर्व रचना महाकाव्यको रूपमा लेख्नु भएको देखी सुन्न इच्छुक हामी तीनै जनाको अवस्था विचार गरी उहाँ लामो सुस्केराका वीच मुन्द्रे केश सुमसुम्याउँदै चुरोटको ठुटाले औंलाले पोलेको पनि थाहा नभई एक धूनमा कविता सुनाउन लाग्नु भयो। पौराणिक कथाको विषय भएकाले होला र यसमा भन्ने लागेको थियो। तर सुन्दै जाँदा कालीदासकी जस्ती उज्याली शकुन्तला र उज्वल चरित्रका नायक दुस्यन्त रहेछन् उस्तै। विश्वामित्रको तपोवर्णनमा 'असंकलपी ज्योत्स्ना' लवज र यस्तै अनेक हृदयस्पर्शी आध्यात्मिक शब्द भण्डार, भावधारा, शैली

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चमत्कार पाण्डित्य, माधुरो आदि पाउंदा क्षणभर यो कलुषित दु:खपूर्ण तँ तँ र म मको संसारै विर्सिएछ। हा नछो, हानछो जङ्गली हिंसक जस्ता उक्ति कण्ठले व्यक्त गर्दा त हाम्रा आँखामा पनि आंसु रोकिएन छ। यो पहिलो भेट कविजीसंगको अनेकौं अनुभूतिहरूमा सबैभन्दा उज्यालो, चहकिलो र चिरस्मरणीय रहेको छ।

त्यसपछि ३ सालमा छ महिनामा जागिर छोडेर म फेरि काठमाण्डौं आउँदा श्री हृदयराजकै घरमा केही दिन बसेको थिएँ। कविजीको घर पनि मैतीदेवीमै सरेको रहेछ यसपल्ट भने सधैं जसो कविजीसंग भेट हुन्थ्यो।

एकदिन साँझ साँझतिर हामी तिनैजना वाग्मती तिर घुम्न निस्कयों। बाटामा हामी कविजीलाई अपनै आँखा अगाडि परेका वस्तुको आफूने रोजेका वार्षिक छन्दमा कविता सुनाउने अनुरोध गर्‍यौं कविजी पनि तत्कालै धारा प्रभावका रूपमा मौखिकै हामिले रोजेका विषयको रोजेकै छन्दमा कविताको धारा बगाउनु हुन्थ्यो। हामीलाई लाग्यो कविको रूपमा वहाँको मुखमा बसेर सरस्वती बोलिरहेकि छिन्। प्रत्येक पाइलामा विचित्रता देखिएका ती मौखिक कविताले केहिक्षण आकाश गुन्जने पनि र हाम्रा हृदयमा केही छिन अल्झिए पनि त्यसै विलाएर गए, हामिसंङ्ग कलम कागज थिएन, हामीले सारेर राख्न सकेनौं। यसरि वागमतीको राजेस्वरी घाटमा पुगेपछि नदीको बेग जस्तै कविको कविताको प्रवाह बग्यो। हामी मन्त्रमुग्ध सुन्दै रह्यौं नदिको पानी नशोहोरिए जस्तै कविको कविताको भाव पनि दोहरींदैन थियो।

एकदिन म हृदयराजकै घरमा बसेर जवाहरलाल नेहरूको मेरी कहानी भन्ने आत्मा कथा पढ्दै थिएँ। कविजी आउनुभयो। उहाँले यो पुस्तक म पनि हेर्न पाउँछु कि भन्नु भयो। मैले भनें तपाईंले हेर्ने किताव यो होइन। उहाँले किनर गुरू भनि मलाइ सोध्नु भयो। मैले जवाफ दिएँ तपाईं केवल कल्पना लोकमा दगुर्नू भएको छ। आकास पातालको चित्रण गर्नु हुन्छ र आफूबसेको घर वरिपरिको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

फोहर मैला कूडा कंकडको तपाईंलाई वास्तै छैन् ।

उहाँ जानु भयो । यो जवाफ पाएपछि उहाँको हृदयमा ठुलो चोट लागे छ । एक हप्ता जति पछि घरको अवस्था भने शीर्षकमा हृदयराज हस्ते यो गुरुलाई कोसेली दिनुहोला भनी पठाउनु भएछ । मैले हेरे । त्यसमा हाम्रो नेपालमा राणाशासक प्रजा स्त्रीजाति पत्रकार सैनिक व्यापारी आदिको क्षुद्रता र व्यक्तित्व हिनताको चरित्र चित्रण गर्नु भएको रहेछ। त्यो देख्दा मलाई त्यस्ता सिद्धान्त विद्वानलाई तुच्छन वचन गरे वन्ने सान्है पश्चाताप लागेको थियो तर त्यसका केही महीना पछि वहाँ वनारसमा गएर युग वाणिको सम्पादकमै उहाँले भारतका वनारस, दार्जीलिङ कलकत्ता इत्यादि ठाउँमा गै आफ्नो प्रतिभा फैलाएको र त्यहाँको मानिसहरूले नेपालमा यस्तो हीराको पनि कदर हुंदो रहेनछ भन्ने कुरा गरेको सुन्दा उसवेला मेरो कलकत्ता प्रवासमा सारै आनन्द पनि लाग्यो । अतः हित मनोहारिच दुर्लभ वचः भने कुरा साँचो रहेछ भन्ने लाग्यो ।

एकदिन देवकोटाजी र म मात्र थियौं । उहाँले जतातत थुकेको देख्दा मेरा मनमा कस्तो कस्तो भावना उब्जे छ र कविजीले मेरो भावना बुझे कैं गरी भन्नुभयो–गुरू, मेरो इच्छा कस्तो छ भने मेरो चोर औंला तपाईंले काटि दिए पनि आफ्नो औंलो नाचेको देख्ता देख्तै पनि हँसिलो मुखले तपाईंलाई हेर्न सक्छु जस्तो लाग्छ । तर समाजमा फैलिएको लोभ र पापको साम्राज्य देख्ता घिन लागेर जतातत थुकेको हुँ ।

उहाँको देहान्त हुँदा ०१६ सालमा म धुलिखेल संजिवनी हाइस्कूलमा थिए तापनि आउन सकिन र उहाँसंग मेरो अन्तिम भेटघाट ०३७ साल माघ मै भएको थियो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तिल्के थान 'तिलक स्थान'

आज ठूला ठूला देशहरूमा पनि कुना काप्चा पहिल्याई सकिएका छन् । कुन स्थान कस्तो छ ? कति महत्त्वको छ र इतिहासको पृष्ठभूमि के छ ? आदि आफ्नो देशीय विषय हर एक सभ्य निवासीहरूमा देशको जानकारी भएको छ । तर हामी भने नेपाली सानो भौगोलिक दृष्टिले नेपालको पनि धेरै गिरी कन्दराहरूमा पुग्न सकेका छैनौं । पहाडै पहाडको मेरुदण्ड भएको नेपालको कुन शैल-चुलिले के इतिहास बोक्तछन् ? प्रायशः हामी नेपालीलाई थाहा छैन थाहा नहुनुको मुख्य हेतु सुलभ बाटाको अभाव र साधनको अभाव हुन् । त्यसैले कतिपय नेपाली विद्वानले आ-आफ्नो जिल्ला वा अञ्चलका महत्त्वपूर्ण स्थानहरूका विषयमा अन्य जिल्ला वा अञ्चल निवासीहरूलाई जानकारी गराउन पत्रपत्रिकाहरूमा लेख प्रकाशित गर्न लागेका छन् । जस्तै 'उषा' दुइ महिने साहित्यिक पत्रिकामा श्री उमानाथ शास्त्री सिन्धुलीले लेखेकहरू छन्, यसै म पनि तिल्के थानको विषयमा एक सानो लेख प्रस्तुत गर्दछु ।

'तिल्के थान' यो नाम तिलक स्थान शब्दबाट आएको छ टाउकोमा अर्थात् आँखा माथि निधारमा मात्र सेतो रौंको टीका भएको गोरुलाई तिल्के भन्ने नेपालीमा चलन छ । पहाडको यो थुम्कोमा पनि सबैतिर हरियो वन र टुप्पामा सधैं हिउँ रहने भएर अथवा सेतो पुष्प पत्रलिने वनस्पतिका पाषाण पुञ्ज भएर तिल्के भनिएको होइन । यो त वीर योद्धाहरूलाई युद्धमा डट्न शाहवंशी प्रताप सिंहले लगाई दिएको स्थान हुनाले यसको नाम तिलक स्थान भयो र अपभ्रंश रूपमा वा शुद्ध ठेट नेपाली भाषामा तिल्के थान भयो । योभन्दा अगाडि यसको नाम अज्ञात छ अथवा जैसी थुम्को

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

थियो कि ? भन्ने तर्कना छ किन कि हनुमान ढोकादेखि २७ कोश पूर्वमा जनकपुर अंचल अन्तर्गत रामेछाप जिल्लाको मुख्य शासन केन्द्रदेखि एक कोश पश्चिममा समुद्र सतहदेखि ७,००० फीटको उच्चाइ लिएर यो रहेको छ । यसका दक्षिण फेदीमा सुवर्ण कोशी बहेकी छिन्, जसको गढतिर "गण्डकी तीर"बाट माथि चुचुराहरू आधा योजनासम्मको दूरी हुनु पर्छ र त्यरतै उत्तरतर्फ रणजोर सुंकाजोर खोलाहरू गिरो नदीको बेसबाट बहेका छन् ।

यस गिरीको उत्तराङ्ग, गुराँस, सौर, ओखर, काफल र चाँप आदि वृक्षले बाह्रै महीना हरियो ऋतु अनुसार फुले फूलहरूले सुशोभित छ । दक्षिणाङ्ग भन्ने बीच भाग कटि देखि माजिर केही बूटा-बूटी भए पनि प्राय: नाङ्गो नै छ । यस थुम्कालाई सुन कोशीका गणतीर (खुर्कोट, हैत्रार चैनपुर) वासीहरू अर्कै जैसे थुम्को भन्दै छन् । कारण यस थुम्कोलाई बादलले घेर्‍यो भने पानी पर्छ भन्ने उनीहरूमा विश्वास छ । वस्तुत: अक्सर यस्तो भएकै पनि छ ।

यहाँबाट उत्तर पश्चिमतिर धुलिखेलको टाकुरामा रहेको कालिका स्थान छर्लङ्ग देखिन्छ । उत्तरतिर तल गणतीरमा सर्पाकार ताम्रा कोशीको (तामाकोशी) देखिन्छिन् त्यस कोशीको उत्तरी पहाडको थुम्का यही जस्ता लाग्छ जुन हेर्दा यस थुम्को र कोशी पारिको थुम्कोबाट परस्पर देव-दानवको पौराणिक कालमा शक्ति युद्ध भएको थियो कि ? भन्ने भान हुन्छ । अरु उत्तरमा अभिष्ट बा दिने 'थान पति महादेव' रहनु भएको शैलुङ्को थुम्को र त्यसभन्दा पर हिमालयको रजत श्रृङ्ग श्रेणी देखिन्छ ईशान तर्फ प्रसिद्ध कालिञ्चोक देवी रहेको पर्वत श्रृङ्ग र त्यसको नगिचै "गौरिशङ्कर" स्पष्ट देखिनु हुन्छ । दशैंमा फूलपातीका दिन र महापर्व शिवरात्रिका दिन काठमाडौंमा भएको बढाई यो थुम्कोमा सुनिन्छ ।

यस टाकुरामा वृत्ताकार खावा खनिएको छ । खावाको गहिर्‍याई १ मानिस भन्दा बढी होला । माथको भूभागमा ३।४ हजार मानिस अटाउलान् । यही माथको भूभागको बीचमा 'ठाना देवी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भन्ने शिला आकारमा पूजित छन् । त्यस प्रदेशमा खडेरी पर्दा तीं ठाना देवीको पूजा गरे पानी पर्छ भन्ने मानिसमा विश्वास छ। यसको ऐतिहासिक सिंहावलोकन गर्दा पूर्व किरात सरगर्न आएका काजी सरूपसिंह कार्कीले गरेको कार्यको प्रमाण प्रत्यक्ष्य छ। जुन कुरा २०१३ साल माघमा स्व. श्री ५ महेन्द्र पूर्व सवारी हुँदा यसैको समीपवर्ती गाउँका भरतराज शास्त्रीले चढाएको अभिनन्दन पत्रमा भनिएको छ:-

शक्ति दत्तादमोघां सतत मधिमुलां
सिन्धुली शैन राज।
श्री सिंहेनाह्वार्य विराचित तिलक
स्थान गर्तश्च तुम्पम् ॥

(महेद्रोदय काव्य संग नवम श्लोक ४७) त्यसरी नै:-

राता गुरांस ढकमक फुली रहेका
ऐसेलु काफल वनै भरमा फलेका ॥
काली अंगेरी र घुराखुरी औ घंगाउ
नासपाती ओखर फल्ने लटरम्म
आरू ॥१॥
गर्मी न उग्र न त ढक ढक शीत जाडो
यो केवलेश्वर बसे जति नाक ठाडो ॥
तिल्के छ पो शिखर सुन्दर उच्च चुच्चो
यो ली न होस्त दुई नम्बर हुन्छ ।
बुच्चो ॥२॥

भनी पं सोमनाथ घिमिरेज्यूले पनि वर्णन गर्नु भएको छ। २०२३ सालतिर बनारसबाट प्रकाशित एउटा पत्रिकामा रामेछापको नाम 'राम चाप' र यी केवलेश्वर महादेवलाई देवताहरूमा यस प्रान्तको अंचलाधीश भनी उहाँले नै लेख्नु भएको पनि छ।

स्व० श्री ५ महेन्द्र सवारी हुँदा जिल्लाको प्रमुख शासन केन्द्र रामेछाप देखि मोश भर श्री केवलेश्वर स्थानसम्म र माथि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लेखिएको ऐतिहासिक स्थानसम्म आधा कोश जति उकालो पनि स्थानीय जनताले ठूलो उत्साह र उमङ्गले बाटो खनेका थिए। तर तात्कालीन बडाहाकिम लेक विक्रमले आल टाल गरी एक रात मात्र रामेछाप मुकाम गराई पूर्व सवारी चलाएका हुँदा यहाँ कुनै पनि विकास हुन पाएन।

श्री केवलेश्वरको संक्षिप्त परिचय सो तिल्के थान देखि तल आधा कोश उत्तरमा कसैले स्थापना नगरेको स्वयं ढुङ्गापट्ट फुटी उत्पन्न हुनु भएका श्री केवलेश्वर महादेवको लिङ्ग छ। जसलाई खजुरी वाला ! काजी सरूप सिंह कार्कीले श्रद्धा गरी गिर्जा, धारा, पोखरी बनाई फूपू बज्यै पिंगला देवीका नामबाट चढाएको घण्ट हुदैछ। सो महादेवको पर्वपूजा चढाउन पाखा खेत गुठी राखी दिएका थिए। काल क्रमले गर्दा गुठियारवाट पर्वपूजा लुप्त हुँदै गएता पनि ग्राम वासीहरुवाट पूजा चलेकै छ।

सो "पूर्व किरांत सर गर्न आउँदा सापट हेरेका रीत वापत मोरु २। ठेक तिरी विर्ता सरह खाउ" भनी लेखक के पुर्खा जयनारायण सुवेदीका नाउमा सानी भदाउ भन्ने गाउँ दिएको लाल मोहर पनि छ। श्री केवलेश्वरलाई धूप, पानी, अक्षता गरी "साउत्या फागु वेटी आना माफ" भन्ने अर्को लालमोहर पनि थियो। तर शिवस्व लाग्छ भनी वर्ष एकको ।८ पैसा बुझाउने गरेका थिए। १४।१५ सालका विर्ता उन्मूलनमा सबै लोप भयो। सानी भदाउ गाउँको वर्ष एकको मोरु २। बाट भीमसेन थापाका पालादेखि तिरो बढ्दै गएको पाइन्छ।

श्री ५ प्रताप सिंह शाहको थोरै समय शासनमा काजी सरुप सिंह कार्कीले श्री ५ वाट र आफ्ना तर्फबाट पनि श्री केवलेश्वरको धेरै श्रद्धाभक्ति गरी सेवा गरेका देखिन्छ।

उषा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

साम्बभक्त सुवेदीले मलाई लेखेका चिट्ठी

भूपहरि पौडेल
२०३५।२।३०।२
गोलटार

श्री भिनाजू कर्णलालमा

पत्रवाला भूपहरि पौडेलले केही भिनाजू कृष्णलालको वारेमा सोधेमा जानेसम्म वताई दिने कृपा गर्नु हुनेछ भन्ने आशामा छु जो दया

भवदीय साम्वभक्त शर्मा

श्री

२०३५.५।१४।४
गोलटार

श्री मान् भावुक भूपहरि पौडेल

भाद्र ४ गतेको पत्र ११ गते पाउदा खुशी लाग्यो कृष्णाष्टमी व्रत ९ गते साहित्यिक कार्यक्रममा तपाईले वोल्नु भएको कृष्णलालको भाईलाई दिएको अन्तिम सन्देशका २ पाउ सुन्दा अवश्य फेला पार्नु भएको अनुमान लगाएको थिए । सत्यरहेछ । सो ती श्लोकहरू कुनै पत्रिकामा प्रकाश गर्नु भएका पक्षमा १ प्रति मलाई पनि सम्फने कृपा गर्नु हुन्यै छ भने विश्वासमा छु । दातारामज्यू तर्फ मेरो आजकल विशेष काम नहुनाले पत्र व्यवहार चलेको छैन । अब पनि कुनै मलाई पत्र व्यवहार गर्नु भएमा भेटघाट गरी खवर लेख्नु हुने अनुरोध गर्छु । हाम्रो जिल्लाको सर्प हुनाले पनि कृष्णलालको जीवनी प्रचार गर्नु पर्ने काममा तपाई जस्तो स्वावलम्वी भावुक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छात्रले हात हाल्नु हाम्रो रामेछाप जिल्लाकै सौभाग्य सम्झेको छु। चरणलालबाट धेरै कुरा पाउनु भएको हुँदा मकुवा जाने काम गर्नु परेन होला अव मेरो पनि हिउँदमा शिवरात्रि सम्म काठमाडौं आउने विचार छ। ईश्वरको इच्छा भएमा आएका पक्षमा अवश्य भेट गर्ने छु । आशुकवि शम्भु प्रसादले मेरा समक्ष कृष्णलाललाई लेखेका ५।७ श्लोक मलाई कण्ठाग्र छन् । त्यस विषयमा चाहिएका पक्षमा म लेखी पठाउने छु । अरू विशेष लेखनीय खवर केहि छैन। साहित्यिक कार्यक्रममा मेरोनाम उच्चारण गरिदिनु भएकोमा धेरै धेरै धन्यवाद छ ।

भवदीय:
साम्ब:

कीटोऽपि सुमनः सङ्गा दारोहति सतांशिर
अश्मापि याति देवत्वं महद्भि सुप्रतिष्ठित

साहित्यिक कार्यक्रमका संचालक वर्गमा पनि मेरो धन्यवाद छ ।

डाडामाथिको जूनलाई अरू धन माग्नेले के गर्छ ?
एकै रहन्छ इतिहास वनी डर्टर

"मेरो जीवनी"

निम्न लिखित प्रश्नको उत्तर तुरुन्त लेखी पठाउनु पर्यो। उत्तरको तल सही पनि हुनैपर्छ ।

१. तपाईलाई कविता लेख्ने प्रेरणा कहाँवाट मिल्यो ?
२. तपाईंको पहिलो कविता "मकैको खेती" नै पहिलो श्लोक हो वा अरू नै छन् ?
३. कृष्णलाल, शम्भु प्रसाद र तपाईंको कवितामा वाद-विवाद भयो कि भएन ? भएको भए प्रमाण चाहियो ।
४. तपाईंले लेखेका रचनाको मिति यादभए मलाई चाहियो ।
५. अहिले सम्मको अन्तिम कविता पनि चाहियो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

६. शम्भु प्रसादले लेखेका गजल तर अहिलेसम्म नछापिएका भए लेखी पठाउनु पर्‍यो ।

कृपया झिजो नमान्नु होला । दोस्रो परिच्छेदमा यी कुराहरू रहने छन् यो लेख ५०–६० पृष्ठको वनाउने विचार छ ।

उत्तर

१. रामायण विराटपर्व आदि पौराणिक अनुवादित श्लोकहरू पढ्दा रूचि लागेको कुरा मेरो जीवनीमा पनि लेखेकै छु ।

श्री ?

२. ''मकैको खेती'' भन्दा अगावै पनि दार्जिलिङबाट प्रकाशित हुने 'चन्द्रिका'' पत्रिकामा कुनै नेपालीको प्रकासको ''खेद'' भन्ने कविता उनै आशुकवि मार्फत् पठाएको थिएँ । त्यसका थोरै दिनपछि सो पत्रिका वन्द भएको हुँदा छापिएको नछापिएको ज्ञान हुनै पाएन ।

३. कृष्णलाल शम्भु प्रसाद संग मेरो वाद–विवाद हुने संभव नै मेरो छात्रावस्था र उनीहरू उपल्लो तहका हुँदा भएन वरू आशुकविले कृष्णलाललाई कुनै दिग्दारीको पत्र १२–१५ श्लोक लेखेको थिए । एकैपटक मैले हेर्नपाएको भए पनि मनमा गडेका श्लोकहरू अझै मलाई कण्ठाग्र छन् ।

४. मैले असंख्य रचना लेखेको छु । प्रकाशित भएका रचना संमको मिति संम केही आउँछ । अरू लेख्ने संभव पनि छैन ।

५. अहिले संमको अन्तिम कविता प्रकाशित भएको त्यौ ''मुरारि पुकार'' भन्नुपर्छ ।

६. शम्भु प्रसादका गजलहरू 'शम्भु भजनमाला'' वाहेक मलाई आउदैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

श्री २०३५।८।२।६
गोलटार

श्रीमान् भूपहरि ज्यू ।

सदा आराम चाहन्छु । १७ गते कार्तिक पठाउनु भएको पत्र हिजो मार्ग १ गते प्राप्तभयो । दातारामज्यूको समेत आरामी खवरले सान्है सानान्द छु । भांजीलाई पत्र यसै साथ पठाएको छु । "लालित्य" भन्ने पत्रिका प्रकाशमा आउने खवरले अव साहित्याकाशका धेरै ताराहरू झुल्किने सौभाग्य पाउदैछु । मेरो पनि शिवरात्री सम्म त्यसतर्फ आउने विचार छ । ईश्वरेच्छा के छ ? उनै जानुन् । पत्रमा धेरै गन्थन के वढाउनु अलमतिविस्तरेक ।

भवदीयः
साम्वः ऽ

श्री ३५ मार्ग २ गते
गोलटार

श्री भाञ्जी !

सदा आराम चाहन्छु । यसवर्ष दशैंमा आउने कुरा सुन्दा खुशी लागेको थियो । भेटघाट हुन सकेन । अव पौष लागेपछि मेरो लालगढ तर्फ जाने विचार पनि छ । के हुन्छ ?

पत्रवाला भूपहरि पौडयाल आउनु भएमा हाम्रो ।रमहितैषी संझी जाने वुझे सम्मका कुरा वताई दिनु होला । अरू पत्रमा धेरै गन्थन के वढाउ ?

अलम्

- उही मामा साम्वः

मझुवा गाउँमा ठाहिली रामुकी आमा भनी सोध्नु होला ।

मेरा "उषा" नामक पत्रिकामा "भोग विलास"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"चलचित्र" "अखिलेश्वर महात्म्य" मुरारेस्तृतीयपन्था: । शीर्षकका ४ पद्य कविता र "तिलकेथान" "तिलकस्थान" भन्ने स्थान परिचय-को १ गद्य लेख पनि छ । रूपरेखा १९० देखि ९५ सम्मको कुन अङ्क हो संझना रहेन "वृद्धधुर्सुले" भन्ने १ पद्य कविता पनि प्रकाशित छ यो पत्र प्राप्त भएको पौंचता पाउने आशा गर्छु

अलम्

***

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"मकैको खेती" बारे

जग्गा जोत्छन् धनीले हरतरह गरी, हा!!! वसै दुःखी जान्छन्
खेती गर्छन् नजानी मलजल तरीका, घट्न गो वाली कन्छन्
यस्तो चाला हुनाले जमिन रूखिन गौ भैसवयो त्यो किटान
वाँडी जग्गा भएको किन त्यसरी हरे। दुःख खेप्छन किसान

कवि साम्वभक्त शर्मा सुवेदीको भनाइ अनुसार उपरोक्त कविता 'मकैको खेती' पुस्तकमा समावेश भएको वहाँको हो र साथै वहाँका अरू कविता समेत यस्तै खाली कैयौं कविता चोरिएका पनि छन्। हो होइन् निर्णय हुने नै छ तापनि हो भने लेखकलाई वाध्य बनाएर आफूले हडपी उनको व्यक्तित्व शोषण गरेर नजाने कति जना तथाकथित कवि (कालावजारीया)हरू कविमा गानन पुगे आफ्नो व्यक्तित्व स्वार्थ पुरा गरे भने यसका खास लेखक आफ्नो कमजोरीले आफू ठगिएकोमा पश्चाताप गर्दैछन्। कविता कृतीहरू शिक्षित चोरवाट नै चोरिन्छ। साथै अरू ठग वा चोर भन्दा शिक्षित गनिएका ठग चोर वढी खतर्नाक हुन्छन्। यसैले यिनीहरूलाई हर तरहवाट पत्ता लगाई जन समक्ष पेश गर्नु पर्ने प्रथम कर्तव्य यो फाँटमा वहस गर्नेहरूको नै हो भन्ने लाग्दछ।–(?)–

तर जहाँ वास्तविकतालाई एकातिर राखी व सैलाई उठाउँनु र कसैलाई पछार्ने वा आफ्नो पाण्डित्य सम्म प्रदर्शन गर्ने हेतुले यस सम्वन्धी वहस गर्ने समालोचक र इतिहासकारहरू कलम चलाउँद छन् भने त्यहाँ वास्तविक न्याय नपरी उल्टो प्रतिक्रिया पर्न गै "वोल्नेको पीठो विक्छ नवोल्नेको चामल पनि विक्दैन" भने जस्तो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पर्न जान्छ। यसो गर्नु वा गरेको सहनु शिक्षित नागरिकलाई सुहाउँदैनन् पनि।

यसैले विद्वानहरूबाट यस्तो नहोस् भन्ने अनुरोध गर्द मकैको खेती पुस्तक र कवि श्री साम्वभक्त शर्मा सुवेदी (मुरारी) बारे नै जाउँ। किनभने विभिन्न साहित्यकारहरूले आजसम्म 'मकैको खेती' नामक पुस्तकको लेखक र प्रकाशक ना. सु. कृष्णलाल अधिकारी हुन् भनी वास्तविकतालाई मारी रहेकोमा साहित्यिक क्षेत्र पनि मौन छ।

भनिन्छ १९७७ साल श्रावणतिर 'मकैको खेती' नामक पुस्तक प्रकाशनमा आयो। त्यसमा लेखिएको साहित्यिक छेडछाड यहाँ सम्म कि राणा शासकलाई "बेलायती कुकुर" आदि सम्म भनिएको त्यो क्रान्तिकारी पुस्तक जनसमक्ष पुगेमा आफ्नो शासनमा समेत दखल हुने देखेर यो पुस्तक लेख्ने प्रकाश गर्ने काम ना. सु. कृष्णलाल अधिकारी को नै हो अनि उनलाई जेल पठाएर राणाले आफ्नो रीस साम्य पारे। उनको १९८० सालमा जेलमै मृत्यु भयो।

तर कृष्णलाल अधिकारी "मकैको खेती" पुस्तकका लेखक हुन् भन्ने कुराको पुष्टचाईं गर्ने ठोस आधार छैन। छ भने सबैले जानकारी पाउँनु पर्दछ। तर कवि साम्वभक्तको कथनानुसार निष्कर्षमा पुग्दा साम्वभक्तकी जेठी दिदी कृष्णलालकी धर्मपत्नी धर्म कुमारीलाई साहित्यको प्यास लागिरहन्थ्यो। उनी जो भेट्टाएका कविका कृतिहरूबाट आफ्नो साहित्यिक तीर्खा मेट्ने गर्दथिन्। कवि साम्वभक्त शर्मा सुवेदी "मुरारी" (उनको भाइ) उनकी दिदीलाई आफूले लेखेको कविताका रसास्वादन गराई आफ्ना गरीवी छात्रावस्थामा दिदी भिनाज्यूका प्रियपात्र बन्ने गर्दथे। यही सिलसिलामा किसान वर्गको प्रतिनिधित्व गर्ने क्रान्तिकारी कविताको यो पुस्तक कवि श्री साम्वभक्त शर्मा सुवेदी "मुरारी" ले लेखे।

राणा शासन पल्टाउँन भित्र-भित्रै क्रान्ति गर्न चाहने कृष्णलालले युवक कविका क्रान्तिकारी कृषिशिक्षाबली प्रथम भाग "मकैको खेती" लाई सानो तिनो हतियार नै ठानेर यसलाई पुस्तका-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कार गरी जनसमक्ष ल्याई दिनको निमित्त यो पुस्तक प्रकाश गरे। तर यो पुस्तकको खास लेखक को थियो ? राणाले खुट्याउँन सकेन। कृष्णलालले चाहिं युवक कविलाई नेपाली उनलाई वचाएर ठूलो गुण लगाएका छन्।

त्यतिखेर "मकैको खेती" पुस्तक लेख्ने १६ वर्षीय जवान कविले कृष्णलालको जेलयात्रा उनको "मकैको खेती" "पुस्तक" हो भन्ने बुझेनन् वा आफू मरेपछि हवोस् "न दूम राजा" भनी वाच्ने प्रयास गर्नु भयो या त्यसमा उहाँको कुनै योगदान नं थिएन यकिन गर्न परेको छ।

राणाहरुले यो सबै पत्तो पाएको भए, यसका लेखक र प्रकाशक दुवैलाई हामीले गुमाइसकेका हुन्थ्यौ होला, भाग्यवश कवि सुवेदीज्यू विहान बेलुका पू. २ नं. मन्थली केदलेश्वरको पाखा पखेरामा घुम्दै हुनुहुन्छ अनि यो आश पनि किन नगरूँ कि कविज्यू किसानका दुःख सुखको कविता कोरी रहनु भएको छ अहिले पनि।

तर कृष्णलाल यस लोकमा हुनुहुन्न। सुवेदीज्यूको भनाइलाई नै सत्य प्रमाण गर्ने पनि वलियो आधार भेट्टिएको छैन। त्यसैले सम्बन्धित विद्वान समक्ष विषयवस्तु प्रस्तुत गरी स-प्रमाणित निष्कर्ष निकाल्नु सिवाय अहिलेलाई केही गर्ने वाटो नदेखिएको हुँदा पुराना कवि र कविता चिन्न चिनाउँन विद्वानहरुसंग आह्वान गर्दछौं।

प्रकाशकः—चित्रण वर्ष १ अङ्क २
२०२६ फागुन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कवि श्री साम्बभक्त शर्मा सुवेदीसंग चित्रण पत्रिकाका सम्पादकहरूबाट लिएको अन्तर्वार्ता

प्र० कविज्यू, हामी "चित्रण" पत्रिकाका सम्पादकहरू हौं, केही जान्न जिज्ञासा भएकोछ । यसैले केही प्रश्नको उत्तर पाउँन सक्छौं कि ?

उ० श्रीमान्‌हरूको गुणग्राही पना देखेर हर्षोल्लासका साथै उत्तर दिन प्रस्तुत छु ।

प्र० यहाँको प्रकाशित भएको "सत्यव्रत खण्डकाव्य" देखि वाहेक अरू पनि यहाँकै कृतिहरू यहाँको स्वीकृति लिएर वा नलिई कुनै पनि कृति कहाँ कसरी प्रकाशित भएका छन् कविज्यू ?

उ० मेरो अनुमति विना कुनै पनि कृति प्रकाशमा आएका छैनन् । प्रकाशमा आएका मध्ये मधुधारा "का नामवाट प्रचलित लेखहरूमा" स्त्रीजीवनमा हुरी भन्ने २ कविता गो. प. मा छापिएका छन् र साथै 'धुम्र उडान' र अवोला लेखनी र हामी अवला भन्ने २ कविता 'नेपाली पद्य संग्रह' प्रथम भागमा पनि अघि अघिका संस्करणमा प्रचलन थिए । त्यस विषयमा 'मधुपर्क' प्रथम वर्षको पाचौं अङ्कमा श्री गणेश भण्डारीज्यूले व्यक्त गर्नु भएको थियो । पछि २०२५ साल चैत्र महीनामा मलाई काठमाडौं आउँने आवश्यक पर्दा निज गणेशज्यूले अन्त-र्वार्ता लिनुहुंदा मेरो जीवनी समेत यहीं 'मधुपर्क' वर्ष २ अङ्क

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

८ मा विस्तार छापिएको छ । सो आठौं अङ्क हेर्नु भएमा यथार्थता वोध हुने आशा गर्छु ।

प्र० कृषि शिक्षावली प्रथम भाग "मकैंको खेती" वारे यहाँव ट वोली विस्तार थाहा पाउँने सौभाग्य पाउँन सक्छौं कि ?

उ० यसमा पनि उनै गणेश भण्डारीले लेख्नु भएको "ऐतिहासिक मकै पर्व" नामक लेख प्रज्ञा प्रतिष्ठानवाट प्रकाशित प्रज्ञा भन्ने पत्रिकामा वर्ष १ अङ्क २ मा सवैं कुरा छ । साफामा पाइन्छ ।

प्र० कविज्यू, 'मकैको खेती' पुस्तक प्रकाशमा आएको परिणाम के भएको अनुभव हुन्छ तपाईंलाई ?

उ० 'मकैको खेती' पुस्तक प्रकाश गरेको हुँदा मेरो प्रतिभामा चन्द्र ग्रहण पर्दा २० वर्षकै उमेरमा पढाई छाडी ग्रामीण शिक्षक वन्न वाध्य भएँ । मेरो साहित्यिक जीवनमा नै चोट परेको भनेमा पनि अत्युक्ति नहोला भन्ने संकेत छु ।

प्र० २००७ साल अघि, २००७ सालदेखि २०१७ सालसम्म र २००७ साल यता आजसम्मको साहित्यिक गतिविधि वारे यहाँको अनुभव केही जान्न सक्छौं कि ?

उ० २००७ साल अघिको वर्वर शासनको वर्णन माथि नै प्रकाश गरेको छु । २०१७ साल पछि पनि वहुदलीय राजनीतिले गर्दा साहित्य फस्टाउँन पाएको थिएन । २०१७ साल पछि धेरै नै साहित्यको प्रचार हुँदै आएको मेरो विचारमा छ ।

प्र० कविज्यू, तपाइँका अप्रकाशित कृतिहरू कुनै वाँकी छन् कि ?

उ० मलाई अध्यात्मकवाद रहित कोरा भौतिकवादले वास्तविक शान्ति आउँदैन भन्ने दृढ विश्वास छ । आजकल धेरै विद्वानहरू अध्यात्मकवादलाई पलायनवाद भन्ने नाम दिन लागेका छन् र भोगविलास जस्तो क्षणिक आनन्दमा नै शांतिको आशा राख्दछन् अत: लेख्नै छोडे भने पनि हुन्छ ।

> नागुणी, गुणितं वेत्ति गुणी गुणीषु मत्सरी
> गुणी च गुणरामणी र्छविरलो जायते जनः ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थ, गुण नहुनेले गुणीलाई जान्दैन । गुण हुनेले अरू गुणीहरूमा डाहका दृष्टिले हेर्छ ।

गुणी भए पराइका गुणमा प्रेम राख्ने थोरै मात्र पाइन्छन् अतः तपाइँहरू जस्तो गुणहरू पाएमा केही लेख्न पनि उत्साह पाउने आशा पनि उदाएको छ । "सुवेदी वंशावली" भन्ने व्यक्तिगत २०० कविता श्लोक जति अप्रकाशित रूपमा छ ।

प्र० कविज्यू, आजकल के गरिदिन व्यतीत गर्नु हुन्छ । कृपया वताईदिनु हुन्छ कि ?

उ० सरकारी २३ वर्ष र अरू गैर सरकारी अर्ध सरकारी शिक्षण संस्थामा ४० वर्ष जति विताए पनि पेन्सन छैन । अतः छोराहरूका भरमा साहित्यिक पत्र-पत्रिका हेरी दिन व्यक्त गर्दछु ।

प्र० कविज्यूवाट नेपाली साहित्यमा अव केही योग दान हुन सक्ने आशा राख्न सक्छौं कि ?

उ० तपाइँहरू जस्ता गुणग्राही पाएमा केही लेख्ने उत्साह उदाएको छ भनी माथि नै लेखेको छु ।

प्र० कविज्यूको सबैभन्दा पहिलो र मन परेको कृति कुन हो कविज्यू ?

उ० मेरो कविताहरूमध्ये 'गीता अध्ययन मण्डल' वाट प्रकाशित 'शान्ति' नामक पत्रिकाको सातौं अङ्कमा 'भोगातिराय' भन्ने लेख्छन् त्यसको पाण्डुलिपि मेरो पहाड घरमा छ । चाहनुभएमा १ प्रति सारेर पठाइदिन सक्तछु ।

चित्रण वर्ष १ अङ्क ४
२०३०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

साम्बभक्त सुबेदीका कृति

१. सत्यव्रत (खण्डकाव्य)–२०२२
२. साम्वभक्त शर्मा सुवेदी (जीवनी) २०३२
३. मुरारि पुकार (स्तुतिकाव्य) २०३४
४. साम्वभक्त सुबेदीका कविता

सम्पादक भूपहरि पौडेल
२०३८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

साम्बभक्तलाई तीन जनाले लेख्नु भएका चिठी

वि. सं. २०३५।२।२९-३१ सम्म गोलटारमा साम्वभक्तकै घरमा वस्दा मकै पर्व र कृष्णलाल अधिकारी गोलटारको सात घारे कुलो साम्वभक्त बारेमा सामग्री संकलन गरेको थिए । यी तिनै सामग्री मध्ये एक हुन् । यी चिठी मेरै संग्रहमा सुरक्षित छन् ।

भूपहरि पौडेल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

श्री

पुज्यवर,

तिहारको बेलामा देवकोटा जयन्तीमा जनकपुर पाल्नु भएको थियो भन्ने कुरा गोरखापत्रले बताएको थियो । त्यस पछि केही समाचार पाएका छैनौ । गत वर्षको लामो सहवासले गर्दा अब न्यास्त्रिन थालेका छौं । यो जाडामा काठमाडौं खाल्टामा दर्शन पाऔं भन्ने लोभ गर्नु क्रूरता हुन्छ । पीर लागेको चाहिं आरामी खबर नपाएर मात्रै हो ।

यहाँ वासुदेवजी र म सपरिवार कुशल छौं र हजूरको शरीरमा पनि कुशल छ भन्ने विश्वासमा छौं । यसपाला यहा चौपट्टै जाडो-भयो–पौष १२ गते देखि । दामनदेखि सिमभन्ज्याङ्ग सम्मको हिउँ अहिले सम्म पग्लेको छैन । काठमाडौं शिवपुरी, फुलचोकी जस्ता अग्ला चुलीमा मात्र होइन ती भन्दा होचा डाँडामा पनि हिउँका सेता धर्सा देखिंदै छन् । चीसो सिरेटो चल्छ । त्यसमाथि तुसारो पनि निकै बाक्लो पर्न थालेको छ । मधेशतिरवाट आउने मान्छेले त्यतातिर पनि जाडो वढेको छ भन्दछन् । जे भए पनि काठमाडौं भन्दा कमै होला भन्ने आशाले फागुनतिर मात्रै दर्शन पाउनु राम्रो ठानेका छौं ।

यस गद्दर हिलोमा एक–दुईवटा कमलको शोभाले बाच्न सकिन्छ त्यसैको भरमा हामी पनि बाँचेका छौं । अथवा 'विषक्रमि न्यायेन जीवाम्यहम्' भन्ने नीति चलिरहेकै छ भनौं । अब त्यतावाट वाक्यामृतको आशामाछौं–छु ।

स्नेहाभिलाषी

दातारामको प्रणाम

२०३४।९।२५।२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

२०३४।११।

श्री

सहृदयाग्रणी पूज्य सुवेदीज्यूमा
प्राणतयः सन्तु

धेरै दिनपछि समाचार पाउँदा लाग्ने खुशीलाई आराम भएन निमोनिया भयो भन्ने कुराले छोटो पारिदियो । संयोगले अस्पतालको नजिकै पुग्नु भएको रहेछ । अन्यथा अहिलेको भन्दा पनि बढी कष्ट हुने थियो होला । रोग ता हाम्रै कर्मका फल होलान् तर भगवत् कृपा रोग संग संगै आएकाले आराम भएछ । फागुनमा नभए चैत्रमा दर्शन पाऔंला भन्ने हाम्रो विश्वास छ । हामीलाई सत्सङ्गको लोभ हो । किनभने –

प्रियप्राया वृत्तिर्विनय मधुरो वाचि नियमः
प्रकृत्या कल्याणी मति र भवगीतः परिचयः ।
पुरो वा पश्चाद्वा तदिद भविपर्यासित रसं
चरित्रं साधुनां किमपि निरवद्यं विजयते ।

काठमाडौंको नया समाचार केही छैन । वासुदेवजी र मेरा परिवारमा सबैलाई सन्चै छ । यहाँको कृत्रिमता घट्ने कुरा होइन । हजूरले धेरै आस्तिक भएको गाउँ पाएँ भन्नु भएको सुन्दा आश्चर्य जस्तो भइरहेछ । " हितं मनोहारिच दुर्लभं वचः " भने जस्तै आधुनिक शिक्षा र स्वस्थ्य सेवा संगै साधुता पनि रहिदिए ता सुनमा सुगन्ध भइहाल्थ्योनि । हामीलाई त्यस्तो ठाउँ छ भन्ने सुन्दा पनि आनन्द लाग्यो भने हजूरलाई पनि आनन्द दिएकै होला ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हामी दुईजना, वासुदेव जी र म, दिनको एक दुई घण्टा संगै बस्छौं। बडो धैर्य गरेर एक पटक पञ्चतन्त्र पढ्यौं। रघुवंश पनि एक पटक पढ्यौं भनेर थालेको श्रेयांसि बहु विघ्नानि भएर बीचैमा छाडिरहेछौं। वासुदेवजी जस्तो परोपकारी सहृदय पाएकाले म वढी भाग्यमानी भइरहेछु। यस जन्ममा त मैले पुण्य गर्न सकिन, कुनै जन्ममा गरेको रहेछु रनै यस्तो रत्न भित्र पाएँ हुँला।

हामीले अस्वस्थ हजूर भए ठाउँमा पुग्न सक्नु पर्थ्यो, सकेनौं। पत्र चाँडै पठाउन सकेनौ भनेर क्षमा माग्नु कूरता मात्र हुनेछ। शरीर बोधो भएकाले उसले गर्ने काम ढिलो भए पनि हाम्रो मनले टाढा गरेको छैन। साँचिलो वन्ने उपाय त्यही एउटा छ। आरामी खवरको प्रतिक्षामा –

विनयावनतो
दाताराम शर्मा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सुवेदीजी,

सादर नमस्कार !

पहिले पिरलो त परिसकेकै थियो–चिठी नआउनु, जवाफ नआउनु आदिले गर्दा ।

चिठी आउँदा पनि पिरै वोकेर आएछ – संचो भएन भन्ने । तर त्यही चिठीमा मौकैमा औषधि मूलो हुन सकेकोले अब चाहिं सारै पिर मान्नु पर्ने अवस्था त्यतिसारो छैन भन्ने ।

यसपालिको चिठीले राम्रो नराम्रो दुबै वोकेर ल्यायो । छोट्करीमा भन्ने हो भने–गाउँ फर्क होइन सहर लर्क पो भने जस्तो बुझियो ।

गाउँको घरमा एक्लै वस्नु चाहिं अव ठीक ठानिदैंन । परिवारकै गोलते भित्र वस्नमा चाहिं मेरो विरोध छैन ।

मेरी माहिली छोरी एम. ए. पास भई – अर्थशास्त्रमा । साहिलीले प्रवेशिका परीक्षा दिइसकी – पास फेल पछि मात्र पत्तो लाग्ला……… । कान्छी छोरी आठौं कक्षामा पढ्दै छ – सातौंमा पास भएर । छोरोको तेस्रो जाँच सकियो । चौथो वैशाखतिर हुन्छ । पोखरामा वसेका छोरी ज्वाइँ दुई नाति सबैलाई बेसै छ ।

मेरो घरमा पनि सामान्य व्यवहार चल्दै छ ।

महेश भण्डारी विराटनगर गएको गयै छ चिठी पत्र केही आउँदैन । उसले तयार पारेको किताप कहिले छापिने हो । पत्तो छैन । यहाँ हुँदा सुपुत्र संग कुरो सम्म त चल्दै गर्थ्यो – काम नचले पनि ।

सधैं संझिरहने
वासुदेव शर्मा

प्रजातन्त्र दिवस
२०३४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

श्री

सुवेदी जी,

२०३४।६।२५

निक्कै दिन विते, संचो विसंचो के कस्तो छ, केही पत्तै पाइएन किन होला ? केटाहरू पनि काठमाडौंतिर आएकै छैनन् कि ? .... ज्यूलाई ज्युगरेर सोध्न पनि मन लागेन । खवर नपाइकन वस्न पनि मन मानेन ।

रूपरेखा र गोरखापत्र पुगेको खवर चाहिं पाएको हो । त्यसपछि केही अत्तो पत्तो पाइएन ।

गाई व्याएदेखि घरमा सधैं संझिरहन्छन्–केटाकेटीहरू सुवेदी-जीलाई तातो दूध खुवाउन पाइएन भनेर । जो पनि मैसंग सोधछन् 'सुवेदीजीको खवर के छ कहाँ हुनुहुन्छ' भनेर । मानौं म नै मूली मान्छे हुँ जस्तो ठानेर । अन्दाजकै भरमा भनिदिन्छु–'जाडो छ त्यसैले मदेशमा वस्नु भएको छ, वेसैछ' भनेर ।

राम्रो कुरो के भयो भने रूपरेखाले ठूलो विशेषांक निकाल्यो २०० अंक पूरा भएको खुशियालीमा ।

नराम्रो कुरो के भयो भने 'हरिहर शास्त्री' विते । अस्पताल भर्ना भएका थिए- असाध्य रोग क्यान्सर भएछ । सन्तान सवै शिक्षित भैसकेका छन् । कोही जागीरे पनि छन्, यस्तै उस्तै छ नाइँ !

मेरो पनि छोरा छोरीको पढाइ राम्रै भएर गएको छ । घरमा कोही पनि विरामी छैनन् । अगिल्लो घरमा विदेशी वसेका छन् ।

जाँच सकिएर केही दिन विदा भएकोले मेरो छोरो 'भाइ'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तराइतिर घुम्न जान्छु भन्दै छ।

मेरो वानी वेहोरा अठार घण्टे जागीर साविक वमोजिम ऐजन ऐजन नै चलिरहेछ।

तपाईंको
वासुदेव शर्मा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

श्री पूजनीय वा साम्वभक्त सुवेदीमा

म होम सुवेदीका तर्फवाट प्राप्तः सायं ढोग एवं साष्टाङ्ग दण्डवत् !

विशेष काठमाडौंको समाचार वासुदेव माष्टर साहेव र दाताराम गुरूका यसैसँगका पत्रले अवगत गराइ हाल्ने छ । मेरो त जगदम्वा प्रेसमा जीवनका प्रतिपला घ्टि रहेका छन् । तर यो क्रम त्यति पर सम्म जाला र जान दिउँला जस्तो लाग्दैन । शहरीया गन्धे हावाले स्वास्थ्य पनि उति राम्रो छैन ।

यस वीच त्यतावाट पनि खवर नआएकोमा बुवालाई आराम भएन कि भन्ने शंका छ । हाम्रा ती हास्यमय क्षणहरू अझै पनि कानैमा गुञ्जछन्, मलाई त्यस्तो लाग्छ । बुवाको स्वास्थ्य राम्रो होस् यही छ काठमार्डौं गणेश सँग गुंनासो ।

विशेष फेरि
छोरा
होम सुवेदी
०३४।६।२५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कवि श्री साम्बभक्त शर्मा सुवेदी मुरारिज्यूसंगको भेटवार्ता

भेटवार्ताकारः– | श्रीराममणी रिसाल र श्री प्रदीप कोइराला

नेपाली साहित्यको इतिहासमा "मकैपर्व" बारे एउटा उल्लेखनीय रूपबाट जानकारी दिन सक्ने एक साहित्यिक कविका नाताले यस पर्वका सम्बन्धमा संस्मरण भनौं या अनुभव यहाँले के कति सह्याल्नु भएको छ त्यो हाम्रो पाठकहरूका लागि विशेष लाभप्रद हुन पुग्ने ठानेका छौं । यसै सम्वन्धमा हाम्रो यहाँलाई पहिलो प्रश्न छ–

के साँच्चै मकैपर्व साहित्यिक पर्व हो अथवा क्रान्तिकारी घटना विशेष हो या त परिबन्द मात्र हो यहाँलाई कस्तो लाग्छ ।

यो पर्व साहित्यिक पर्व होइन । समाज उत्थानको दृष्टिकोण-बाट त्यति बेलाका समाजमा मकैको खेति गर्ने प्रक्रियाको त्रुटिहरूलाई मुण्ट्याई जनतामा नयाँ प्रविधिको चेतना जागोस् भन्ने उद्देश्यले "मकैको खेती" भन्ने पुस्तक तयार पारिएको थियो । तर यस्तो गहन पुस्तक लेख्ने लेखक ना. सु. श्री कृष्णलाल अधिकारीलाई भोजराज काफ्ले तथा उनका सहयोगीहरूले आफ्नो घरायसी रीस ईवीको कारण पुस्तकमा लेखिएका कुरालाई आफ्नो पापी हृदयले उल्टो बिस्तार गरी उक्त पुस्तकमा लेखिएको "भोटे कुकुर र बेलायती कुकुर" को वर्णनलाई "गाथगादी" ताक्ने ठहराई "राता र काला टाउके किरा" को वर्णनलाई पनि रातो टाउके भनेको रातो फ्रेज क्याप लाउने चन्द्र शम्शेर तथा कालो टाउके

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कीरा भनेको कालो फ्रेज क्याप लाउने भीम शम्शेरलाई संकेत गरेको हो भनी नचाहिँदा कुरा वनाई आफ्नो हस्ताक्षर समेत गरी चन्द्र शम्शेरलाई पेश गरेका हुन् । चन्द्र शम्शेरले पनि भोजराज काफ्लेको कुरालाई ठीक सम्झी त्यही अभियोगमा श्री कृष्णलाल अधिकारीलाई जेलको सजायं दिए । उनको जेलमै परंगति भयो । त्यसैकारण यो "मकैको खेती" पर्व हुन गयो । हालसम्म यो "मकै पर्व" नामले ऐतिहासिक पर्वको रूपमा रहि आएको छ ।

हाल सम्म जति पनि साम्रग्रीहरू उपलब्ध भएका छन् ती सबैमा वहुचर्चित "मकै खेती" शीर्षक पुस्तकका लेखक कृष्णलाल अधिकारी नै हुन् भन्ने कुरा पाइएकोछ, तर कसै कसैवाट सो पुस्तकको लेखक कृष्णलाल अधिकारी नभै भोजराज काफ्ले हुन् र कृष्णलाल अधिकारी त औपचारिक लेखक मात्र हुन् भन्ने सुनिन्छ । यसले गर्दा हाम्रा पाठकहरू द्विविधामा परेका छन् । यहाँवाट सही जानकारी पाइन्थ्यो कि ?

मुख्य कुरा त समकालीन लेखकले प्रष्ट देखेको र भोगेको कुरा जस्तो प्रत्यक्ष प्रमाणितको अगाडि अनुमान गरेर खोजिएका प्रमाणद्वारा मात्र अनुमान लगाउनु गलत धारणा हो । यसर्थ "मकै खेती" को लेखक भोजराज काफ्ले हुन् भनेर लेखेको कुरालाई म मान्दिन । भूपहरि पौडेलले "अरूणोदय" पत्रिकामा (अङ्क कति हो थाहा भएन ?) "कालो टाउके कीरा र रातो टाउके कीरा" नामक शीर्षकमा लेखेका लेखमा कृष्णलाल अधिकारी गद्य भागको लेखक, म र शम्भु प्रसाद ढुंगेल पद्य भागको लेखक हो भन्ने कुरा छर्लङ्ग छ । अहिले आएर भूपहरिले जिभ्रो चपाएर सत्यलाई लुकाई आफूले सकारेका कुरा नकार्दा ठूलो दु:ख लाग्नु स्वाभाविकै हो । मकै खेतीको पुस्तक लेख्ने कृष्णलाल अधिकारी नै हुन् भन्ने तथ्यहरूको वारेमा गणेश भण्डारीले "मधुपर्क" (वर्ष २ अङ्क ८) मा लेख्नु भएको मेरो जीवनी प्रज्ञा (वर्ष १ अङ्क २) मा 'ऐतिहासिक मकैपर्व" "प्रहरी" पत्रिका (वर्ष र अङ्क थाहा नभएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तर विजया अङ्क) मा कृष्णलालको जीवनी आदि लेखहरूको आधारबाट तथ्य प्रष्ट हुन्छ। यस अर्थ सूर्य उदाउन प्रमाण चाहिन्छ भने अरू लेखक हुन् नत्रभने कृष्णलाल अधिकारी नै हुन्।

"मकैको खेती"का लेखक कृष्णलाल सुब्बाको शैक्षिक तथा वैचारिक गतिविधि र उनको यो पुस्तक लेख्ने मूलभूत उद्देश्य के हो?

त्यसबेला प्रसिद्ध शिक्षाको प्रचार थिएन त्यसैले धेरै पढ्न पाएका थिएनन्। सामान्य शिक्षा घरैबाट प्राप्त गरेका थिए। तैपनि वैचारिक गतिविधि राम्रै थियो। बुद्धिमान् थिए। सबैलाई समानताको दृष्टिले हेर्दथे। कृष्णलालको नजिकको सम्बन्ध भएका व्यक्तिहरूमा पशुपतिभक्त, सुब्बा (झ्याउँकिरी सर्दारका भाइ) ऋषि भक्त पौडेल, (यिनी पठित विद्वान् थिए) र शम्भुप्रशाद ढुंङ्गेल आदि मुख्य थिए। शम्भुप्रसाद ढुंङ्गेल कुनै समयमा पनि कृष्णलालको घरमा आएनन् तर एकदिन म र भिनाज्यू (कृष्णलाल) उहाँको डेरा टेबहालमा आएका थियौं।

उनको "मकैको खेती" लेख्नुको मूलभूत उद्देश्य भन्दा अगाडि पुस्तक लेख्ने प्रेरणा कसबाट पाए भन्ने कुरा अगि कोट्याउन प्रासंगिक देखिन्छ। त्यस समयमा "गोर्खाली" नामक साप्ताहिक पत्रिका सूर्य विक्रम ज्ञवालीज्यूको सम्पादन र प्रकाशकत्वमा बनारसबाट प्रकाशित भएको र दार्जलिङ्गबाट चाहिं 'चन्द्रिका' प्रकाशित भएको थियो। 'गोर्खाली' पत्रिकामा राण हरूको धेरै विरोध गरेर प्रकाशित गरिएको हुन्थ्यो र त्यो पत्रिका शम्भुप्रसाद ढुंङ्गेल कहाँ आउँथ्यो। उहाँले हेरेपछि ती पत्रिकाहरू म कृष्णलाल कहाँ पुऱ्याउँथे। सो पत्रिका हेरिसकेपछि उहाँमा केही जागृति आयो। त्यस्तै प्रकारले नेपालका जनताहरूलाई पनि यस पत्रिकाले चनाखो पाऱ्यो। कृष्णलालले "हामी चुप लागेर बस्नु भएन राणाहरूले त हामीलाई खतम पार्न लागेछन्" भनेर उक्त पुस्तक "मकै खेती" शुरू गरेका हौं।

नेपाली कविता साहित्यबारे यहाँको सुझाव वा सल्लाहबारे केही छन् कि?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जरूर छन् नेपाली कविता साहित्य पछि परेको छ। किनकी नेपाली कविता साहित्यमा केही कविहरूले सर्वसाधारणले नबुझ्ने कविताहरू लेख्न थालेका छन्। उदाहरणको लागि मोहन कोईरालाका प्रतीकवादी कविताहरू सर्वसाधारणहरूले बुझ्न सक्तैनन्। अझ प्रष्ट भनौं भने उहाँका कविताहरू म स्वयं पनि बुझ्दिन। त्यस्तै ईश्वर बल्लभका कविताहरू पनि बुझ्न साह्रै कठीन पर्दछ। कविताको क्षेत्रमा त सर्वसाधारणले बुझ्ने खालको हुनु पर्ने हो यही कुराको झल्का मेरो 'मुरारि पुकार' स्तुति काव्यमा प्रारम्भको १५ श्लोकमा मैले आफ्नो मनो भावना यस प्रकारले पोखेको छु–

जो विश्व साहित्यमहा डटेर
अड्ने लिंदै साहस आज धेर।
बढ्दै गएका कतिछन् अगाडि
फर्के म ता वृद्ध उही पछाडि ॥

आजका पिंढीहरूले सर्वसाधारणले बुझ्ने कविता लेख्नु परेको छ। प्रतीकवाद, छायाँवाद, यौनवाद र धमिरा प्रकारका कविताहरूले देशोत्थानमा केही मद्दत गर्न सक्तैन। मैले आजका यौन प्रधान कबिता लेख्ने कविहरूलाई व्यङ्ग गर्दै लेखेको फुट्कर कविताको केही अंश–

हाम्रा राम्रा कवि हो! रोज्छन् नग्नवाला
नाग्नाङ्गीका हविकरण मसी बन्छन् क्या उज्याला
सामुन्नेका विषय नलिई कल्पनामा विचर्ने
भावव्यक्ति प्रतिरती नभै रुपमा मात्र टिक्ने
तिम्रा खोक्रा ललित पदले मात्र कोरिएका
व्यर्थै छन् ती सकल कविता छन्दमा गाँसिएका

अन्त्यमा, यहाँले कविता लेखनमा कसरी पाइलो हाल्नु भएको हो र यहाँका हालसम्म के के कृतिहरू प्रकाशित भैसके साथै भविष्यमा पनि केही कृतिहरू प्रकाशित गर्ने योजना छन् कि ?

म सानै थिएँ, त्यतिबेला गाउँघरमा कविता (श्लोक) आदि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लेखी भन्ने चलन थियो। मलाई पनि श्लोक लेख्न उत्कट इच्छा हुन्थ्यो र लेख्ने गर्थें। पछि शम्भु प्रसाद ढुङ्गेल, कृष्णलाल अधिकारी आदि कविहरूको संगतको फलस्वरूप मैले यस क्षेत्रमा पाइलो हाल्ने प्रेरणा पाएको हुँ। त्यति बेला मेरो धेरै कविताहरू गोरखापत्रमा छापिएका छन्। पछि मकैपर्व भएपछि कविता छपाउन डर लाग्न थाल्यो र नाममा मैले धेरै कविता गोरखापत्रमा छपाएको छु भने मेरो कैयौं कविताहरू हराएका पनि छन्। मेरो केही कविताहरू कुमारी मधुधारा क्षेत्राणीका नाममा पनि त्यसबेलाको गोरखापत्रमा छापिएका छन्। यसदेखि बाहेक, सत्यव्रत खण्डकाव्य २०२२, "मुरारि पुकार" २०३४ साम्वभक्त शर्मा सुवेदी जीवनी (२०३२) र अन्य फुटकर कविताहरू छ सात ओटा शान्ति पत्रिका र अन्य पत्रिकामा प्रकाशित भैसकेका छन्। हाल चाहिं पत्रिकामा छपाएको छैन। मेरो कलम गद्यमाभन्दा पद्यमा नै बढी चल्ने हुनाले पद्य छन्दमा मात्र वढी कविता छन्दोवद्ध रूपमा लेख्दछु र हाललाई केही पनि प्रकाशित गरेको छैन। तर निकट भविष्यमा केही रचना प्रकाशित गर्नेछु।

अन्त्यमा "मकैपर्व" का वारेमा पाठकका केही जिज्ञासा र शान्त पारिदिनु भएकोमा सौरभ परिवारका तर्फवाट कविज्यूलाई धेरै धन्यवाद !

सौरभ वर्ष १ अङ्क २, २०३७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

साम्बभक्त शर्माले मलाई लेखेको अन्तिम चिठी

भूपहरि पौडेल
संस्कृत छात्रावास
रानीपोखरी
काठमाडौं
नेपाल ।

वि. सं. २०३८-११-९-७ का दिन बेहान ४ वजे द्यौराट् वन भोज जानका लागि तयारी भैरहेको थियो । त्यसै सन्दर्भमा म होम प्रसाद गृहस्थीको कोठामा गएँ । शम्भु निरौला 'दुर्गम' ले भूपहरि दाइ तपाईको चिठी लेटर वकसमा देखेको थिएँ हिजो वेलुका ल्याउनु भयो ?" भनेपछि म दगुर्दै गएर लेटर वकसवाट चिठी झिकेर हेरे– जसमा यस्तो लेखेको रहेछ–

श्री

०३८।१०।४।१ मा लालगढ

श्री संस्कृत भावुक छात्र भूपहरी पौडेलमा

तपाईले पौष १० गते ३ मा पठाउनु भएको पत्र अस्ति माघ १ गते प्राप्त भयो । तपाइँ संग मेरो वैमनस्यता छँदै छैन । संस्कृत छात्र हुनाले अरू कुरा त छँदै छ, तर फुट फटाँई कुरामा भने मेरो सहमति छैन । मेरो वारेमा मेरा कविताहरू प्रेसमा लगेको खवर पाएँ । तर कसले लगेको हो मलाई थाहा छैन। गणेश भण्डारीले मेरा सवै कविता संपादन गरेका हुन् हाल कसले लेखेर प्रेसमा दिएको छ, मलाई थाहा छैन, अरू यस वर्ष कार्तिक १९ गते देखि मार्ग २३ गते सम्म पूरा पुर १ महिना म काठमाडौं मै थिएँ उसवेला भेट भएको भए छोरा नवराजलाई भनि छाप्ने प्रवन्ध गर्ने थिएँ, गोलटारको सातधारे कुलाको लेख मेरो समेत लालित्यमा छापिएको मैले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

देख्न पाएको छैन । 'बँसजा वानी नजा' भन्ने कविता हैन, गोरखा पत्रमा गद्यमा लेखेको मात्रै हो ? अरू मेरा कविताहरू म आउँदो शिवरात्रीमा काठमाडौं आएमा सबै कुरा हुनेछ । गणेश भण्डारी बाहेक अरूले मेरा सबै कविता संकलन गरेको छैन, हाल खवर लेख्दै गर्नु होला, शिवरात्रीमा मेरो आउने नआउने ? निश्चय छैन आएमा सर्बं विस्तार हुनेछ पत्रमा धेरे के लेखौं म बेरामी छु यो चिठी लेख्न पनि अरूलाई लगाएको हुँ, अलम्

भवदीयः.साम्वभक्त शर्मा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"कृष्णलाल अधिकारी र मकैपर्व" का सम्बन्धमा अहिलेसम्म लेखिएका रचनाहरूको विवरणात्मक सूची

१. कमल दीक्षित; ऐतिहासिक खेती, कालो अक्षरमा संकलित छ

२. कृष्णप्रसाद उपाध्याय; मकैपर्व र २००७ साल, गोरखापत्र २०२५ फागुन ७ गते

३. गणेश भण्डारी; अनुसन्धानात्मक चिनारी–कृष्णलाल अधिकारी प्रहरी वर्ष १० अङ्क २, २०२६ विजया दशमी अङ्क

४. गणेश भण्डारी; ऐतिहासिक मकैपर्व, –प्रज्ञा पर्ष १ अङ्क २ २०२७

५. (खोजीनीति) मकैको खेती बारे, (प्रकाशक) चित्रण वर्ष १ अङ्क २, २०२९ फागुन

६. भुवनलाल प्रधान; मकैको खेतीका लेखक कृष्णलाल अधिकारी मधुपर्क वर्ष ९ अङ्क १०, २०३३ फागुन

७. नन्दनहरि उपाध्याय; कृष्णलालको अवमूल्यन गर्ने नियत ? मधुपर्क वर्ष १३ अङ्क ३, २०३७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भूपहरि पौडेलले लेखेका लेखहरू

साक्षात्कार

संख्या	सम्बन्धित मान्छे	स्थान	साक्षात्कार	मिति

१. साम्वभक्त शर्मा सुवेदी –सिन्धुली, गोलटार–२०३५।२।३०।२
२. चरणलाल अधिकारी –रामेछाप, कठजोर–२०३५।३।२०।३
३. सारजङ्ग सूर्य बहादुर कार्की –रामेछाप, भाख्लो सुनारपानी –२०३५।६।१८।४
४. श्रीमती डोलादेवी दाहाल–सिन्धुली, गैरीमळुवा –२०३५।१०।१०।४
५. श्रीमती यम कुमारी (गोमा) घिमिरे–रामेछाप–सौमलीस्थान –२०३५।१०।११।५।
६. वालकृष्ण सम–काठमाडौं, ज्ञानेश्वर –२०३६ १।७।६।
७. तारानाथ घिमिरे–काठमाडौं, मैतीदेवी –२०३६।१।८।७।
८. हृदयराम अधिकारी–रामेछाप, कठजोर –२०३६।२।५।७।
९. पद्मराज अधिकारी–रामेछाप, कठजोर –२०३६ ३।२२।६।
१०. दामोदर अधिकारी–सिन्धुली सदर मुकाम –२०३६।३।२९।७।
११. लीलानाथ अधिकारी–रामेछाप, सालुपाटी बजार २०३६।४।३१।५।
१२. लक्ष्मीकान्त सापकोटा–रामेछाप गोठगाउँ –२०३६।९।१४।७।
१३. जनेन्द्रहरि अधिकारी-ओखलढुङ्गा, वाच्यू –२०३६।९।१४।७।
१४. साहू गुन्जद्मस श्रेष्ठ–रामेछाप, साँगुटार –२०३६।९।२०।६।

यी मध्ये १,३,५,८, क्रमसंख्याका साक्षात्कार कुनै पत्रिकामा प्रकाशित भएका छैनन्। ६ क्रमसंख्याको तन्नेरीमा छापिने आशा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

देखाएको उहिल्यै हो तर आजसम्म पत्रिका निस्केकै छैन । ११ क्रमसंख्याको पछि साधन पाउन सकियो भने ब्लक बनाएर छापिने छ । अहिले लेखमा सामग्रीको रूपमा मात्र प्रयोग गरिएको छ। १०, १२, १३ र १४ क्रमसंख्याका साक्षात्कार मौखिक हुन् । यिनको दस्तखत नभएको हुँदा लेख बनाएर छापिएन । अरू प्रकाशित विवरण यस प्रकार छ ।

२. भूपहरि पौडेल; कृष्णलाल अधिकारी र मकैपर्व, चरणलाल अधिकारी सँगालिएको अन्तर्वार्ता, रत्नश्री वर्ष अङ्क

४. भूपहरि पौडेल; कृष्णलाल अधिकारी र मकैपर्व, डोलादेवी दाहालसंग लिएको अन्तर्वार्ता 'स्वदेश' वर्ष १ अङ्क ३, २०३५–३६ फागुन, चैत, वैशाख

७. भूपहरि पौडेल; कृष्णलाल र शम्भु प्रसाद ढुङ्गेल लेफ्नेण्ट तारानाथ घिमिरेसंग लिएको अन्तर्वार्ता मधुमालती वर्ष २ अङ्क ४

९. भूपहरि पौडेल; जेलमा वयान पद्मराज अधिकारीसंग लिएको अन्तरवार्ता, सौरभ वर्ष १, अङ्क–१, २, ३

अरू लेख

१. भूपहरि पौडेल; शहीद कृष्णलाल अधिकारी यती वर्ष १०, अङ्क–२, २०३६

२. भूपहरि पौडेल; अर्को चिट्ठी नेपाली पूर्णाङ्क ७९, २०३६

३. भूपहरि पौडेल; कवि कृष्णलाल अधिकारीको भाइहरूलाई अर्ती कविता मधुपर्क वर्ष १२, अङ्क–८, २०३६

४. भूपहरि पौडेल; कृष्णलाल अधिकारी र भाइहरूलाई अर्ती कविता इन्दु वर्ष १, अङ्क–८, २०३६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

५. भूपहरि पौडेल; विवेचनात्मक सन्दर्भमा कृष्णलालको तस्वीर रत्नश्री वर्ष १७, अङ्क ३–४, २०३६
६. भूपहरि पौडेल; वि. सं. १९७७ सालको मकै पर्व हाम्रो पुरूषार्थ वर्ष ७, अङ्क २, सम्पूर्णाङ्क ११, २०३७
७. भूपहरि पौडेल; कृष्णलाल अधिकारीका सम्वन्धमा आकुञ्चन वर्ष २, अङ्क १, २०३७
८. भूपहरि पौडेल; नायव सुब्बा कृष्णलाल अधिकारी र "भाइहरूलाई अर्ती" कविता पसीना, ३–४
९. भूपहरि पौडेल; मकैको खेतीमा परेका कविता जुरेली, वर्ष १, अङ्क ४, २०३७
१०. भूपहरि पौडेल; कवि कृष्णलाल अधिकारीका अरू दुइ कविता मधुपर्क वर्ष १३, अङ्क ४, २०३७
११. भूपहरि पौडेल; मैले कृष्णलालको अवमूल्यन गर्न खोजेको होइन मधुपर्क वर्ष १३, अङ्क ७, २०३७
१२. भूपहरि पौडेल; साम्वभक्त शर्मा सुवेदी "मुरारि" ज्यू ! तपाईंको घमण्डीले केही निर्णय हुन सक्तैन सौरभ वर्ष १ अङ्क ३
१३. भूपहरि पौडेल; कृष्णलाल अधिकारीको योगदान प्रज्ञा वर्ष ८, अङ्क ४, पूर्णाङ्क ३०, २०३७
१४. भूपहरि पौडेल; जेलमा वयान प्रज्ञा वर्ष ९, अङ्क १ पूर्णाङ्क १, २०३७
१५. भूपहरि पौडेल; रातो टाउके र कालो टाउके कीरा अरूणोदय वर्ष १५ अङ्क ३– २०३५
१६ भूपहरि पौडेल; "आउने छ यौटा जनतन्त्रको दिन" अरूणोदय वर्ष १६ अङ्क १–२, २०३६

यी सबै लेखहरूको संगालोको रूपमा "ऐतिहासिक मकैपर्व" प्रकाशोन्सुख छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

१. भूपहरि पौडेल; ईश्वरवादी लेखक भोजराज काफ्ले
धरणी वर्ष २ अङ्क १, २०३८

२. भूपहरि पौडेल; "मकैको खेती" पुस्तक मण्डली र १९७७ सालको "मकै पर्व" मा खोसुवा पुर्जी पाउने मानिसहरू
प्रज्ञा वर्ष ९ अङ्क ४ पूर्णाङ्क–३४, २०३८

३. भूपहरि पौडेल; कृष्णलाल अधिकारीको जीवनी र कविता

४. भूपहरि पौडेल; मकैको खेतीको अग्रज: मक्तकाकी खेती–?

यी लेखहरू लेखिँदै गरेको

"मकै पर्व र नेपाली साहित्य" मा सङ्कलन गरिने छन् ।
इति सम्वत् २०३८ भाद्र ३१ गते रोज ४ शुभम् ।

★

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सन्दर्भ (ग्रन्थ) सूची

(पत्रिका)

(१) भूपहरि पौडेल, गोलटारमा सिंचाइको नयाँ व्यवस्था: सात धारे कुलो; बैंक समाचार (कृषि विकास बैंक)

(२) ईश्वर बराल; शम्भुप्रसाद ढुङ्गेल १९४६–१९८६ नेपाली पूर्णाङ्क–७

(३) वासुदेव त्रिपाठी; गुणराज स्मारक व्याख्यान माला १

(४) डा. वासुदेव त्रिपाठी; साहित्यकार पहलमान सिंह स्वाँरको पुनर्मूल्याङ्कन, नेपाली पूर्णाङ्क ६७

(५) काशीनाथ आचार्य दीक्षित; ४२ साल, नेपाली पूर्णाङ्क २

(पुस्तक)

(१) चिरञ्जीवी पौड्याल; आफ्नु कथा

(२) तानासर्मा; नेपाली साहित्यको इतिहास

(३) प्रकाश ए. राज; विद्वशीरोमणि हेमराज शर्मा

(४) राममणि रिसाल ; नेपाली काव्य र कवि

(५) शरदचन्द्र शर्मा (भट्टराई); नेपाली साहित्यको इतिहास (माध्यमिक काल)

★

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाली साहित्यको विकासमा साम्वभक्त सुवेदीको योगदान

१) जीवनी

वास्तविक रूपमा नेपाली साहित्यको विकास गर्नुछ भने बहुर्चाचित भैसकेका साहित्यकारको अध्ययन र अनुसन्धानको साथ-साथै, पहाडको कुना–काप्चामा लुकी छिपी वसेका साहित्यकारहरूको सम्वन्धमा पनि यथार्थ जानकारी प्रस्तुत गर्नु आवश्यक हुन आउँछ। यसै प्रसङ्गमा नेपाली साहित्यको विकास प्रक्रियामा साम्वभक्त सुवेदीको योगदानका सम्वन्धमा अनुसन्धान गर्ने प्रयास गरिएको छ। साम्वभक्त सुवेदीको नेपाली साहित्यमा योगदानका विषयमा ब्याख्या विश्लेषण गर्दा सबैभन्दा पहिले प्रारम्भिक ब्यक्तित्वतिर पनि ध्यान दिनु आवश्यक हुन्छ। पहाडको एउटा कुनामा वसी खुसु–खुसु नेपाली साहित्यको सेवा गरेका पण्डित साम्वभक्त सुवेदीको साहित्यिक ब्यक्तित्व दुइ दृष्टिकोणले महत्व पूर्ण रहेको महसूस हुन्छ। त्यसैले मेरो अनुसन्धानको विषय पनि यही हुन आएको छ।

विक्रम सम्वत् १९७७ सालको 'मकैपर्व' नेपाली साहित्यको इतिहासमा ज्यादै महत्वपूर्ण घटनाको रूपमा रहन गएको छ। कवि साम्वभक्त सुवेदीको पनि यो 'मकै पर्व' सँग निकै नजीकको सम्वन्ध भएको बुझिन्छ।

नेपाली भक्ति साहित्यको परम्परा मुख्य दुइ धारामा चलेर आएको छ। कृष्णभक्ति धारा र रामभक्ति धारा नेपाली भक्ति साहित्यको इतिहासमा रामभक्ति धाराको अपेछा कृष्णभक्ति धारा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पछाडि परेकै अनुभव भैरहेकावेला साम्वभक्त सुवेदीको उदयले त्यस अभावको केही रूपमा भए पनि पूर्ति हुन गएको देखिन्छ। त्यसैले यहाँ साम्वभक्तलाई 'मकैपर्व' र कृष्णभक्ति साहित्यका महत्व पूर्णव्यक्तित्व को रूपमा विश्लेषण गर्न खोजिएको छ।

अहिलेसम्म साम्वभक्त सुवेदीको यथार्थ साहित्यिक जीवनी झल्काउने मुख्य रूपमा तीन स्रोत फेला परेका छन्। त्यसमध्ये पहिलो स्रोत हो:–गणेश भण्डारीद्वारा मधुपर्क वर्ष २ अङ्क ८ मा 'पण्डित साम्वभक्त सुवेदी' शीर्षकमा दिइएको संक्षिप्त परिचयात्मक विवरण। दोस्रो हो – संग्रह प्रकाशन, श्रीमार्गद्वारा प्रकाशित र साम्वभक्त सुवेदी (स्वयं) द्वारा लिखित जीवनी। तेस्रो हो:– साम्वभक्त सुवेदीसंगको प्रत्यक्ष सम्पर्क। जनसमक्ष आइसकेका सामग्रीहरूको अध्ययन गरेर हाल साम्वभक्त सुवेदी बसेको ठाउँ गोलटारमा गएर विक्रम संवत् २०३५ ज्येष्ठ २९ गतेदेखि ऐ ३१ गतेसम्म प्रत्यक्ष सम्पर्क गर्दा अक्षरशः सबै कुराहरू मिल्न गएका छन्। त्यसैले मानौ उहाँको मस्तिष्क रिकर्ड गरिएको टेपहो[१]। यहाँ तिनै स्रोतहरूलाई प्रमाण मानेर, जनसमक्ष आउन छुटेका कुनै कुराहरूलाई समेत खोजेर सकभर नयाँ ढङ्गले प्रकास पार्ने उद्देश्य राखिएको छ।

कः जन्म तथा बाल्यकाल

'हाल जनकपुर अञ्चल अन्तर्गत रामेछाप जिल्लाको मन्थली डुमृखर्क (पूर्व २ नं) भन्ने ठाउँमा विक्रम संवत् १९५८ साल वैशाख मसान्त ज्येष्ठ कृष्ण दशमीका दिन श्री साम्वभक्त सुवेदीको जन्म भएको हो। उहाँका पिताको नाम नरनाथ प्रचलित नाम लक्ष्मी भक्त र माताको नाम मनोरमा देवी थियो। साम्वभक्तको जन्म हुनु भन्दा पहिलै चार ओटी दिदीको जन्म भैसकेको थियो। त्यसैले साधारण ब्राह्मण परिवारमा पहिलो पुत्र रत्नको रूपमा जन्म हुंदा

१) गणेश भण्डारी, "अनुसन्धानको क्रममा-पण्डित साम्वभक्त सुवेदी" मधुपर्क वर्ष २ अङ्क ८, २०२६ पौष, पृष्ठ ६७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

घरमा र छिमेकमा समेत ठूलो हर्षोत्सव गरिएको थियो । त्यसवेला ज्येठा र साहिलावा काठमाडौंको सदरमा खरीदार र डिट्ठी भएका थिए, त्यसैले पहाडको ठाउँ अरू त्यस वेलाको समय, घर-परिवारमा राम्रो इज्जत भएको कुरा साम्वभक्त शर्मा सुवेदी (स्वंय) द्वारा लिखित जीवनीवाट प्रष्ट हुन्छ। निकै ठूलो परिवारमा जेष्ठ पुत्रको रूपमा जन्म लिएका हुनाले साम्वभक्तको वाल्यकाल सबैको लाड प्यारमा वित्यो[२]।

खः जीवन संघर्ष र शिक्षा आर्जन

काठमाडौंको सदरमा जागीरे भएका दुइटै कारणहरू (वावुहरू) जागीरवाट अवकाश पाएर घर फर्केपछि १९६५ साल मार्ग महीनामा अंशवण्डा गरी चारैभाइ छट्टिए[३]। यसपछि भने शहरिया भनाउँदाहरूले साम्वभक्तलाई 'पाखे' भनी हेप्नथाले,[४] उनी भित्र भित्रै रीसले मुर्मु रिन्थे तर उनका पक्षमा वोल्ने एउटा पनि मान्छे नभएको हुँदा उनले त्यसै चूप लागेर वस्न वाध्य हुनुपर्‍यो[५]। अंशवण्डा भएर भिन्न भएपछि साम्वभक्त गाई भैंसी हेर्ने गोठालो वन्न पुगे[६]।

गाउँमा त्यस वखत कुनै स्कूल पाठशालाहरू नभएकाले प्रतिभाशाली वालक साम्वभक्तको प्रारम्भिक शिक्षा घरमै सम्पन्न भयो। "आत्मश्लाघा राम्रो होइन। तर पनि यति भन्न करै लाग्छ सरस्वती माताका करूणाले मलाई १।२ पल्ट सुनेपछि मन परेको श्लोकमा अहै पनि आउँछ भने उसवेलाको कुरै

२) साम्वभक्त शर्मा सुवेदी, "मेरो जीवनी" साम्वभक्त शर्मा सुवेदी ललितपुर संग्रह प्रकाशन् श्रीमार्ग २०३२, पृष्ठ १
३) साम्वभक्त शर्मा सुवेदी, पूर्ववत् पृष्ठ २
४) पूर्ववत्
५) पूर्ववत्
६) पूर्ववत्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भएन । पिताज्यूबाट पाटीमा धुलो माटो राखेर काठका छेस्काले पढाउने चलन थियो । चाँडैनै वाचक चलिहाल्यो । लेख्नलाई आँपको बोक्रा ताछेर पकाई सालका पातमा लेख्न सिकेको हुँ"[७] । यस किसिमको आत्मस्वीकृतिबाट पनि उनको तीक्ष्ण प्रतिभाको परिचय पाइन्छ । १९६६ साल आषाढ ९ गते उपनयन संस्कार भएर मन्थलीका जिवनाथ घिमिरेबाट गायत्री मन्त्र सुनेपछि उनको अध्ययन क्षेत्र अरू विस्तृत हुँदैगएको बुझिन्छ । १९६७ सालमा भिनाज्यू ना. सु. कृष्णलाल अधिकारी काठमहल बन्दोबस्त अडामा जागीरे भैसकेका थिए । त्यसैले १९७० साल फाल्गुणदेखि दिदी धर्म कुमारी र भिनाज्यू कृष्णलालले काठमाडौंमैं पढाउन झिकाउनुभएको कुरा अवगत हुन्छ । (यस सम्बन्धमा साम्बभक्तद्वारा लिखित जीवनीको पृष्ठमा ७१ साल फाल्गुण भनी लेखिएको छ तर प्रत्यक्ष सम्पर्क गर्दा दिदी भिनाज्यूले झिकाएको ७१ साल नभएर ७० साल हो भनेर मेरो पुस्तकमा सच्याँई दिनुभएको छ[८])

काठमाडौं आएपछि भिनाज्यूको भात पकाएर बसेको कुरा साम्बभक्तले लेखेको छन्[९] । भिनाज्यूकहाँ पनि धेरै दिन टिक्न नसकेर त्रिपुरेस्वर अडैनी मानकुमारी ठूलो आमा कहाँ सरेको[१०] कुरा पनि जीवनी अध्ययन र प्रत्यक्ष सम्पर्कबाट ज्ञात हुन आएको छ । दिदी भिनाज्यूको भात पकाउने काम छोडेर भए पनि मासिक रू. ४।- दिदीबाट प्राप्त हुँदै थियो तर त्यस वेलाको समय भए पापनि त्यति आम्दानीले साम्बभक्तको पेट भर्नि छोडिसकेको थियो । एक पैसाको भट्मास एक चौथाइ खाएर छाक टारी एक वर्षसम्म यस्तै किसिमका दुःख सुखका दिनहरू विताए[११] । विक्रम संवत् १९७१ साल

७) पूर्ववत्
८) साम्बभक्तद्वारा सच्याइदिएको प्रति मैसंग सुरक्षित छ ।
९) साम्बभक्त शर्मा सुबेदी, पूर्ववत् पृष्ठ ५
१०) पूर्ववत् पृष्ठ ६
११) पूर्ववत्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

फागुनमा तीनधारा पाक्शाला (हाल संस्कृत छात्रावास रानीपोखरी) मा भरना भएर साम्वभक्तले राम्रोसँग पढ्ने मौका पाएको देखिन्छ। (यहाँ तीन धारा पाक्शालामा भरनामिति साम्वभक्तद्वारा लिखित जीवनीमा '७२' छ तर प्रत्यक्ष जानकारीमा जाँदा '७१' सच्याई दिएको छ[१२]) ज्यादै राम्रो प्रतिभा शाली विद्यार्थी भएका हुनाले सबै गुरुहरू साम्वभक्तलाई खूबै मनपराउँथे। त्यसैले सहपाठी सार्थीहरूलाई पाठ लगाउने काम पनि साम्वभक्तकै जिम्माको कुरा थियो[१३]। "खुबी हुने मान्छे चाँडैनै अगाडि बढ्दै जान्छ भन्ने प्रचलित लोकोक्ती अनुसार पाक्शालामा भरना भएर अध्ययन शुरू गरेको दुइ वर्षमै[१५] प्रथम परीक्षामा पास हुन साम्वभक्त सफल भए।

ग: अध्ययनमा अवरोध

मान्छेको उन्नति अविरल गतिमा हुन थालेपछि परिस्थितिले नै त्यसमा अवरोध गर्दो रहेछ। १९७७ सालमा व्याकरण विषयमा मध्यमा दिनका लागि '७८' सालको हिउँदे विदामा घर नगैकन छात्रावासमै बसेर आफ्नो अध्ययनलाई अगाडि वढाउँदै थिए, पढाइ शुरू भएको एक हप्तामै पिताजी विरामी भएकाले साम्वभक्तलाई लिन घरबाट मान्छे आएकाले एक महीनाको विदा लिएर उनी घर गए[१६]। घर पुग्दा नातागतबाहेक पिताजीका शरीरमा कुनै रोग नभएको हुनाले उनी काठमाडौं फिरेछन् तर बाटैमा ज्वरो आएको हुनाले साम्वभक्तलाई बोकेर दिदी-भिनाज्यूको डेरा कमलाछीमा ल्याइयो[१७]। केही दिनको ओषधिपचार पछि होशमा आएका

---

१३) उक्त सच्याइएका प्रति मेसँग सुरक्षित छ।
१४) साम्वभक्त शर्मा सुवेदी पूर्ववत्
१५) पूर्ववत्
१६) पूर्ववत् पृष्ठ ७
१७) पूर्ववत्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

साम्बभक्तलाई ताकतका लागि मासु ख्वाउने योजना थियो[१८]। त्यसै वखत उनकी ज्यामा शिवकुमारी र साहिँलाबाबु सूर्यभक्त परलोक भएकाले जूठो सकिएपछि मासु ख्वाउने भन्दाभन्दै दिदी धर्मकुमारी-लाई ज्वरले पक्रेर आर्यघाट पुऱ्याउन पर्ने अवस्था सृजना भयो[१९]। यसपछि साम्वभक्त पाकशालामै फर्के र दुइ दिनसम्म आर्यघाट राखे पछि दिदीले संसार छोड्नुभयो[२०]। यसपछि भने साम्वभक्त माथि ठूलै आपत्ति आइलाग्यो। साम्वभक्तको शरीर दिन प्रति दिन बिग्रँदै गयो[२१]। पाकशालाको भात धेरै खाइने मात्र हो यसमा एक रति ताकत हुँदैन। साम्वभक्तको अध्ययनमा मन्दता आएको हुनाले सहपाठीहरू आफू पहिला हुने कुरामा विश्वस्त थिए। अचेलको जस्तो पूर्व मध्यमा र उत्तर मध्यमा गरी छुट्याएर परीक्षा दिने चलन उसवेला नभएकाले बनारसमा सम्पूर्ण मध्यमा दिन जानका लागि यहाँबाट छानिने परीक्षामा साम्वभक्तले सम्मिलित नहुने इच्छा प्रकट् गरेका थिए तर "त्यसै फेल हुनु भन्दा जाँच दिएर फेल हुनु राम्रो छ। कदाचित् पास भएमा एक वर्गको पढाइ खेर जाँदैन जाऊ परीक्षा दिनैपर्छ[२२]। गुरुको आज्ञा पालन गरेर पछि परीक्षाफल सुनाउँदै सोमनाथ गुरुले "हेर पहिला हुनेको ता २०६ नं.[२३] भनेर नम्वर सुनाउँदा साम्वभक्तको मन हर्षले विभोर भएको थियो। रानीपोखरी संस्कृत प्रधान पाठशालाबाट बनारसमा परीक्षा दिन जान छानिएका विद्यार्थीहरू पुगेपछि महात्मा गान्धीले दिएको व्याख्यानले परीक्षामा हडतालको नारा लागेको थियो। पहिलो दिनको परीक्षा दिएपछि दोस्रो दिन केही नलाग्दा "अंग्रेजी तर्फको प्रिन्सिपल कहाँ गएर

१८) पूर्ववत्
१९) पूर्ववत्
२०) पूर्ववत्
२१) पूर्ववत्
२२) पूर्ववत् पृष्ठ ६
२३) पूर्ववत्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

निवेदन गरेपछि पास भएका ५ जना र फेल भएका आठ जना गरी जम्मा तेह्र जनालाई पास गराए छन्[२५]। यसपछि काठमाडौं आएर न्यायमा मध्यमा दिनका लागि अनुमान खण्डसम्म पढिसकेका तर वनारसवाट पास भएको समाचार आएको र घरवाट पिताज्यूले पनि लिन पठाउँदा (पढाइ छोडाउने चालवाजी हो, भन्ने कुरा बुझ्दाबुझ्दै धर्मभीरु साम्वभक्त घरतर्फ फर्कन वाध्य भए[२६]। यस ग्रामीण समाजवाट उम्कने आत्मवल[२७] साम्वभक्तमा नआएको हुनाले यहीवाट उनको पढाइमा अवरोध आएको बुझिन्छ।

ङ– दिनचर्या र बानी

संसारमा जन्म लिएका हरेक मान्छेको आ–आफ्नो दिनचर्या र वानी हुन्छ। शिक्षित होस् अथवा अशिक्षित नियमानुसार दिन विताउनु मानवको पहिलो कर्तव्य हो। तर यति कुराचाहिं पक्कै हो कि शिक्षित तथा विद्वान्हरू समाजलाई, राष्ट्रलाई र यस विशाल धरतीलाई नै फाइदा हुने काम गरेर समय विताउँछन्, केही दिएर यहाँवाट विदा हुन्छन् अशिक्षित र मूर्खहरू विनाकामका कुराहरू गरेर, अर्काको खोइरो खनेर समय विताउँछन्, तिनीहरू समाजलाई केही नदिइकन जान्छन्। यसै प्रसङ्गमा कवि तथा पण्डित साम्वभक्त शर्मा सुवेदी 'मुरारि को दिनचर्या र वानी एउटा साधु तपस्वीको जस्तो देखिन्छ। उनी समाजवाट केही लिएर होइन केही दिएर जान चाहन्छन्। नेपाली साहित्यको कृष्णभक्तिपरम्परालाई विकासको वाटोमा अघि वढाउँदै आन विक्रम संवत् १९७७ सालमा घटेको मकैपर्वमा आफू पनि सम्मिलित हुँदै, साथसाथै समय–समयमा विविध पत्र-पत्रिकाहरूमा गहन, भावगाम्भीर्यका कविताहरू छर्दै आधुनिक

---

२४) पूर्ववत्
२५) पूर्ववत्
२६) पूर्ववत् पृष्ठ १०
२७) पूर्ववत्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कालको नेपाली साहित्यलाई विकासको रेखातर्फ डोऱ्याउँदै समय बिताउने बानी भएका मान्छे हुन् साम्वभक्त शर्मा सुवेदी 'मुरारि'। यति मात्र होइन, उनको बोलचाल र व्यवहार गराई एकदम अनौठो किसिमकै छ। छिटो बोल्नु, एउटै कुरा बारम्बार र मान्छेपिच्छे बोल्नु, थाहा पाएको कुरा निर्णय गरेर भन्न सक्नु र आफूले नजानेको थाहा नपाएको विषयमा 'मलाई थाहा छैन' भनेर पन्छाउनु यी सबै साम्वभक्तका बानीभित्र पर्ने कुरा हुन्। साम्वभक्त वैष्णवधर्म मान्ने मानिस भएको हुनाले उनी बिहानको समय पाठपूजा र जपध्यानमै बिताउँछन्। ८।९ बजेतिर भोजन सकेर ५ मिनेट सुत्नै पर्ने पनि यिनको बानी बसेको छ फेरी ५ मिनेट भन्दा वढी यिनलाई निद्रा पनि लाग्दैन। ८ बसन्तहरू पार गर्न लागिसकेकाले व्यावहारिक काममा समिलित हुने त कुरै भएन। कुनै कुरा मिल्ने मान्छे भेट भएमा मजासंग गफ गर्नु, शास्त्रीय चर्चा र परिचर्चा गर्नु नेपाली साहित्यको विकासमा हरवखतै चिन्तित रहनु नै साम्वभक्तको मुख्य दैनिक दिनचर्या हुन पुगेको देखिन्छ। समय समयमा कक्कड तान्नु, हुक्का टुर्‌टुऱ्याउनु पनि दैनिक दिनचर्या र वानिमै पर्न आउने कुराहरू हुन्। वेलुकाको ८ वजेसम्म खाना खाएर ९ वजे सुतिसक्नुपर्ने पनि साम्वभक्तले बानी वसालेका छन्। पहिला साम्वभक्त स्वयंपाक्यको रूपमा देखापरेको जानकारी पाइन्छ तर पछि शारीरिक अवस्थाको कमजोरीले गर्दा यो नियम हटेको कुरा यस सम्वन्धमा अनुसन्धान गर्ने (म) आफैले अनुभव गरेको छु। "न्यायात्पथः प्रविचलन्ति पदं नधीराः" भन्ने नीतिअनुसार साम्वभक्त आफ्नो नीजि सिद्धान्तमा संधै अडिग रहिआएका छन्। र भविष्यमा पनि अडिगै रहने वचन-वद्धतामा छन्। यसरी नेपाली साहित्यमा एउटा अनौठो व्यक्तित्वको दिनचर्या र वानी संक्षेपमा यही नै हो।

२. क:– साहित्यको लेखनका निम्ति प्रेरणा तथा रचनाकृत

संसारको साहित्य र साहित्यकार अध्ययन गरेको खण्डमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विना प्रेरणा र उत्साह कसैले पनि साहित्यको सिर्जनाद्वारा सामाजिक परिवर्तन गरेको देखिंदैन । थोरै र धेरै आफ्नो खूवीको कुरा हो तर साहित्यकार एक-अर्कावाट प्रेरणा र प्रभाव ग्रहण नगरी उत्कृष्ट साहित्य समाजलाई दिन सक्तो रहेनछ भन्ने कुरा प्रमाणसिद्ध भैसकेको छ । यो प्रेरणा दुई किसिमको हुन्छ । १: घटनापरक प्रेरणा र २: ज्ञानपरक प्रेरणा A । सबैभन्दा पहिले साम्वभक्तलाई पढनु पर्छ भनेर प्रेरणा दिने र पढाउन काठमाडौं झिकाउने उनैका भिनाज्यू कृष्णलाल अधिकारी देखापर्दछन् । भिनाज्यूभन्दा पनि वढी प्रेरणाचाहिं उनको आफ्नै दिदी धमकुमारी अधिकारीबाट मिलेको देखिन्छ । "६७ सालमा मेरा भिनाज्यू ना. सु. कृष्णलाल अधिकारी काठमहल वन्दोवस्त अड्डामा ७।८ रू. कति थियो नौसिन्दा जागीरे हुनुभएछ र मेरी दिदी धर्मकुमारीले 'भाइ ठूलो वावुलाई दिनू" भनी रेवतीरमण न्यौपाने लिखित 'विवाह लीला' को पुस्तक पठाइदिनुभएछ B । साम्वभक्तको यस किसिमको आत्मस्वीकृतिवाट उनीमा ज्ञानपरक प्रेरणावाट अध्ययन र सिर्जनको अनुभूति प्राप्त भएको महसूस हुन्छ । विक्रम संवत् १९७० सालमा दिदी भिनाज्यूले झिकाएर अध्ययनको लागि काठमाडौं आएपछि केही समयसम्म दिदी भिनाज्यूकै रेखदेखमा त्यसपछि ठूली आमा मानकुमारीकहाँ वसेर एक वर्ष वितेपछि १९७१ साल फागुनदेखि तीनधारा पाक्शाला (यसको वर्तमान नाम त्रिभुवन विश्वविद्यालय, संस्कृत अध्ययन संस्थान, वाल्मीकि विद्यापीठ (क्याम्पस) संस्कृत छात्रावास रानीपोखरी, दरवारमार्ग रहन गएको छ) मा भर्ना भएर अध्ययन गर्ने अवसर मिलेको कुरा उनी आफैले आफ्नो जीवनीमा लेखेका छन् । "हुने विरूवाको चिल्लो पात, नहुने विरूवाको फुस्रो

A हरिभक्त नेउपाने, "घाइते भानु र उनको घाँसी" मधुपर्क वर्ष ११ अंक २, ३, २०३५ साउन पृष्ठ ११२

B साम्वभक्त शर्मा सुवेदी "मेरो जीवनी" ललितपुर संग्रह प्रकाशन श्रीमार्ग २०३२ पृष्ठ ३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पात" भन्ने नेपाली उखान प्रचलित छ। सोही मुताविक साम्वभक्त कक्षाका होनहार छात्र थिए। त्यसैले होला उनलाई अरू साथी-हरूका मुखञ्जेली गुरू मोदनाथले 'तिमी' भन्ने उपाधि दिइएको। अचेलको जस्तो विद्यार्थीलाई शिक्षकले तपाईं, हजुर भन्ने चलन उस-बेला थिएन। 'त' नै चल्ती थियो। ज्यादै प्रतिभाशाली विद्यार्थीलाई 'तिमी' भन्ने परम्परा भएको कुरा उनैको जीवनी अध्ययनवाट हामी लाई संकेत मिल्दछ। उनी आफूमात्र पढ्दैन्थे फुर्सतको समयमा साथीहरूलाई पाठ लगाइदिने काम पनि उनीवाट हुन्थ्यो। दुइ वर्ष सम्मको नियमित तथा परिश्रमपूर्वकको अध्ययनपछि साम्वभक्त प्रथम परीक्षा (आठ कक्षा) मा उत्तीर्ण हुन सक्षम भए। तीनधारा पाक्शालामा वस्दा मुख्यतः संस्कृतभाषाकै अध्ययनतिर वढी उन्मुख भएको देखिन्छ। किनभने त्यसवेला राणाहरूको शासन भएको हुनाले विद्यार्थीहरू खुलारुपमा विदेशी भाषामा लेखिएका ज्ञान गुणका पुस्तकहरू पढ्न डराउँथे। त्यसैले होनहार छात्र साम्वभक्तको अध्य-यन पनि विशेष रूपमा संस्कृततर्फ नै केन्द्रित रह्यो। यसरी रघुवंश, हितोपदेश लगायत संस्कृत साहित्यका अरू विविध पुस्तकहरूको अध्ययनले साम्वभक्तमा लेखन प्रेरणा जागेको कुराको अनुमान गर्न सकिन्छ र संस्कृत व्याकरण मूल विषय भएको हुँदा शुद्धाशुद्धिको पनि राम्रै ख्याल भएको देखिन्छ। किनभने त्यस वेलाको समयमा मध्यमाको योग्यता जीवनकै लागि एउटा महत्वपूर्ण उपलब्धि मानिन्थ्यो। साम्वभक्तको पहिलो कविता उनैको जीवनी अनुसार कृष्णलाल अधिकारीद्वारा लिखित 'मकैको खेती' को वीच वीचमा परेका श्लोकहरू हुन्। यसमा नेपाली ग्रामीण जीवननै साम्वभक्तको लेखन प्रेरणास्रोतमध्ये एक मान्न सकिन्छ। तर 'मकैको खेती' ले नेपालको राजनैतिक, आर्थिक, सामाजिक र साहित्यिक इतिहासमा निकै खैला वैला मच्चाएको अनुभव हुन्छ। कृष्णलाल अधिकारीले 'मकैको खेती' भन्ने पुस्तक लेख्नु नै साम्वभक्तलाई नेपाली कविता साहित्यमा प्रवेशको ढोका खुला गरिदिनु एकातिर हो भने अर्कातिर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

फेरि नेपालको इतिहासमा कहिले नमेटिने ऐतिहासिक मकैपर्व पनि यही पुस्तकले मच्चाएको हो। त्यसैले नेपालको इतिहासमा मकैको खेतीले धेरै काम गऱ्यो। एकातिर कवि लेखक जन्मायो, अर्कोतिर देशमै ठूलो हलचल मच्चायो।

ख–लेखन प्रारम्भ

कवि साम्वभक्त शर्मा सुवेदीको लेखन प्रक्रियाको प्रारम्भ "मकैको खेती" पुस्तकवाट भएको हो भन्ने कुरा उनको जीवनी अध्ययन गर्दा थाहा पाउन सकिन्छ। गद्यभाग कृष्णलाल अधिकारीले र पद्यभाग साम्वभक्तले लेखेको भनेर त उनी आफैंले लेखेका छन्। अहिलेसम्म कृष्णलाल अधिकारीले लेखेको 'मकैको खेती' पाउन सकिएको छैन। यसको सट्टा 'मकैको खेती' कै नामान्तारित रूप "कृषिशिक्षावली" प्रथम भाग लेखकको नाम छैन र प्रकाशक राम-मणि भनी छापिएको पुस्तक पढ्दा पनि हामीलाई केही कुराको ज्ञान त अवश्य हुन्छ। तर पूरै रूपमा सन्तुष्टि भने मिल्दैन। 'मकैको खेती' मा कविता लेख्ने भन्दा पहिले लेखिएका कविताहरू साम्व-भक्तको अहिले सम्मको मेरो अनुसन्धानमा भेटिएका छैनन् तापनि साधनको प्रारम्भिक चरणमै त्यति राम्रा कविता लेख्नु साम्वभक्तको प्रतिभाको राम्रो नमूनाको रूपमा यसैलाई लिन सकिन्छ।

"लोकको पालना गर्न अन्नपूर्णा भइकन।
रहने कालिकालाई गर्दछौं सव अर्पण।"

"१९७६ सालमा मैले वनाएको छापिएको श्लोक पहिलो यै हो C। यसै आत्मोद्गारवाट पनि उनको कविता साधनको मुहान र पहिलो कविता थाहा पाउन सकिन्छ। सयभन्दा अतिरिक्त अरू कयौं श्लोकहरू सो 'मकैको खेती' नामक पुस्तकमा भएको कुरा उनै सम्वाभक्तवाट जानकारी पाइन्छ र यसको अर्को नाम गरी

C साम्वभक्त शर्मा सुवेदी, पूर्ववत्, पृ. २४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छापिएको तर 'भूमिका जम्मै काटिएको' D कृषिशिक्षावली प्रथम भागको अध्ययनबाट थाहा पाइन्छ। नेपाली कविता साहित्यको आधुनिक परम्परालाई यस कविताले अगालेको कुरा अवगत हुन्छ।। जुनवेला सम्वभक्तले नेपाली कविता साहित्यमा हात वढाए त्यसवेला नेपाली साहित्यको आधुनिक काल भरखरै मात्र शुरू भएको थियो। यसरी उनको साहित्यिक जीवनको प्रारम्भ नेपाली साहित्यको आधुनिकताको टड्कारो लक्ष्यमा भएको हो तर, यसरी आधुनिक कालको पहिलो चरणमै साहित्यिक यात्रा शुरू गरेर अहिलेसम्म त्यति चर्चित वन्न नसक्नुको एउटै कारण हो– परम्पराप्रतिको मोह। जवसम्म मान्छे परम्परागत विचारधारालाई तोडेर समयानुकूल विचारधारा अँगाल्न सक्तैन तवसम्म उसले समाजमा चाहिंदो मात्रामा प्रतिष्ठा पाउन निकै गाह्रो पर्दछ। मकैपर्वभन्दा पछि साम्वसक्तले थुप्रै कविता र दुइवटा खण्डकाव्य पनि लेखेका छन्। साम्वभक्त मकैपर्वमा जति चर्चित छन् त्यति उनका फुटकर कविता र खण्ड-काव्यमा छैनन्। यसको मतलव मकैपर्वभन्दा पछिका कृतिहरूमा साम्वभक्तको मूल्य छैन भनेको चाहिं पटक्कै होइन; परम्परालाई त्याग्न नसकेकाले केही कम छ मात्र भनी संकेत गरेको हुँ।

ग. रचनाक्रम

विक्रम सम्वत् १९७६ सालमा 'मकैको खेती' नामक पुस्तक कृष्णलाल अधिकारीद्वारा लेखिंदा सो पुस्तकको वीच–वीचमा पद्यहरू लेखिएका थिए। त्यसपछि (१९७६ सालपछि रचना गरिएका) का कविताहरू गोरखापत्रका कयौं अङ्कमा छापिएको कुरा उनैको जीवनीमा उल्लेखित छ।

पण्डित तथा कवि साम्वभक्त शर्मा सुवेदीद्वारा लिखित आफ्नै जीवनीमा कविताका शीर्षकको नामावली लेखिएका छन्। तर मिति भने सबैको प्रष्ट रूपमा उल्लेखित छैन साम्बभक्तले आफ्ना

D " " " प्राप्तनकारी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रचनाहरूलाई राम्रोसंग क्रम मिलाएर राखेका छैनन् । त्यसकारण मलाई क्रम मिलाउनचाहिं गाऱ्हो कुरा हुन गएको छ । । अनुसन्धानको प्रसङ्गमा वसेको ठाउँ गोलटारमा जाँदा र वेला–मौकामा चिठीको आदान प्रदान गर्दा पनि रचनाक्रम मिल्न सकेको छैन वरू जीवनीमा उल्लेख गरेभन्दा २-४ कविताको संख्या वढी नै छ । गोलटारवाट पठाएको मिति ५ मार्ग २०३५ संस्कृत छात्रावासमा मैले प्राप्त गरेको मिति २०३५ माग १६ चिठीको उत्तरको दोस्रो नम्वरमा साम्वभक्तले नै मलाई के लेखेका छन् भनेः–

"मकैको खेती' भन्दा अगावै पनि दार्जीलिङ्गवाट प्रकाशित हुने 'चन्द्रिका' पत्रिकामा कुनै नेपालीको प्रवासको खेद' भन्ने कविता उनै आशुकविमार्फत पठाएको थिएँ । त्यसका थोरै दिनपछि पत्रिका वन्द भएको हुँदा छापिएको नछापिएको ज्ञान हुन पाएन ।"

यसवाट १९७६ लेखिएको 'मकैको खेती' भन्दा अगाडि पनि साम्वभक्तले कविता लेखेको कुरा उनैद्वारा प्रमाणित हुन आएको छ तापनि फेरि उनै साम्वभक्तद्वारा लिखित जीवनीको २४ सौं पृष्ठमा १९७६ सालमा मैले वनाएको छापिएको श्लोक नभएर छापिएको पहिलो श्लोक मान्नुपर्ने अवस्था आइसकेको छ । माथि मैलनै के कुराको पुष्टि गरेको छु भने साम्वभक्तले लेखेको र छापेको पहिलो श्लोक 'लोकको पालना गर्न अन्नपूर्णा भइकन हो यहाँ आएर आफैले नै मकैको खेतीमा छापिएको श्लोकलाई दोस्रोमा राख्नुपर्ने अवस्था आइपऱ्यो । रचनाक्रमले पहिलो "कुनै नेपालीको प्रवासको खेद' र छापिएको क्रमले चाहिं लोकको पालना गर्न भन्ने श्लोक नै हो । यस कुरामा साम्वभक्तको हस्ताक्षर नै प्रमाणको रूपमा अङ्कित छ । यसभन्दा अतिरिक्त साम्वभक्तका अहिलेसम्म उपलब्ध कविता तथा लेखकमा यसप्रकार राख्न सकिन्छ तर यो क्रम लेखकद्वारा लेखिएको र छापिएको क्रममा छैन ।

यहाँनेर एउटा के कुरा उल्लेखनीय छ भने साम्वभक्तले आफ्नो नाममा मात्र कविता छपाएका छैनन् उनले त अरूका नाममा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पनि कविता र समस्या पूर्तिका केही श्लोकहरू लेखि छपाएको कुरा उनी आफैंले जीवनमा स्वीकार गरेका छन् ।

विक्रम संवत् १९७७ साल–रूद्रप्रसाद काफ्लेको नामवाट (साम्वभक्त) विक्रम संवत् १९८५ साल श्रावण २२ गते श्री ३ चन्द्रशम्सेरको जन्मोत्सव–१

विक्रम संवत् १९९१ सालको गोरखापत्रमा–

"कविता हरायो वा कविता हराएँ"

विक्रम संवत् १९९३ सालमा दया–

शारदामा हो वा गोरखापत्र ?

"अनित्यमा नित्य छ" भन्ने समस्यापूर्ति ।

ख. सिद्धिवहादुर श्रेष्ठ समरवहादुर तथा ख. भक्तलाल (गङ्गालालको वाबु) का नामवाट पनि दिइएका (गो. प. मा)

समस्याको पूर्ति कविताहरू दिएका छन् ।

विक्रम संवत् ८५ सालतिर हो कि ?

"बैश जा वानी नजा" भन्ने शीर्षक गोरखापत्रमां छापिएको ।

विक्रम संवत् १९९६, आश्विन शारदा वर्ष ५ (संख्या ६)

कुमारी मधुधाराको नामः– ध्रुम उडान मधुधाराकै नाममा

(गो. प. मा) अवोला लेखनी

हामी अवला

स्त्री जीवनी

मौरी

यसभन्दा अतिरिक्त विक्रम संवत् १९९२ सालमा रामेछाप जिल्लाको क्यौंरिनी महादेवस्थानमा एउटा धारा वनाएवापत एक शिलालेख पनि कुंदिएका छन् । हुनत यो शिलालेख सानो छ तापनि यसवाट साम्वभक्तको धर्मप्रतिको अनुराग स्पष्ट रूपमा जान्न सकिन्छ । यसै महादेवस्थानमा चढाएको घण्टामा पनि केही अक्षरहरू कुंदाएको देखिन्छन् । यी त भए विक्रम संवत् २,००० सालभित्रका रचनाहरूको सूची ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

काठमाडौंबाट प्रकाशित हुने 'शान्ति' पत्रिकामा साम्वभक्तका निम्न कविताहरू छापिएका देखिन्छन् ।

विक्रम संवत् २०१४ साल– तेस्रो अंकमा:– परोपकार
" " चौथोमा:– अध्यात्मवाद
" " सातौंमा:– भोगातिशराय
" " दशौंमा:– स्वागताञ्जली
" " बाह्रौंमा:– मृगतृष्णा

यसपछि विक्रम संवत् २,०२२ सालमा गुरु पूर्णिमामा एउटा पौराणिक सत्यव्रत खण्डकाव्य १२१ पृष्ठको छ, यसभित्र विभिन्न छन्द र अलङ्कारहरूले सिगारिएका छन् ।

जनकपुरधामबाट प्रकाशित हुने 'उषा' पत्रिकामा साम्वभक्तका निम्नलिखित कविताहरू देखापर्छन् ।

१. भोगविलास
२. चलचित्र
३. मुरारेस्तृततीयपन्थाः
४. अखिलेश्वर महात्म्य
५. एउटा गद्य पनि छापिएको छ । 'तिलके थान'

विक्रम संवत् २,०२७ सालको 'रचना' पत्रिकाको कार्त्तिक-मंसीर अंकमा देवकोटा जयन्तीको सन्दर्भमा एउटा संस्मरणात्मक लेख "मीठो संझना" प्रकाशित भएको छ ।

साम्वभक्त शर्मा सुवेदी 'मुरारी' द्वारा लिखित साम्वभक्त शर्मा सुवेदी जीवनसंग्रह प्रकाशन श्रीमार्ग ललितपुरले छापेको छ । यो जीबनीवाट साम्वभक्तको मात्र होइन, त्यसवेलाको अवस्थाको नै राम्रो ज्ञान हुन्छं । यस पुस्तिकावाट मकैंपर्वको छोटो जानकारी पाइन्छ ।

विक्रम संवत् २०३४ साल बैशाख ३० गते 'मुरारी पुकार' स्तुति खण्डकाव्य छापिएको छ । १८१ पृष्ठमा विभिन्न रसहरू छरिएका छन् । यस खण्डकाव्यमा श्रृङ्गारक रसको पनि प्रयोग भएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हुनाले कवि साम्वभक्त श्रृङ्गारिक परम्पराका पनि एक सफल कवि रहेछन् भन्ने कुरा ज्ञात हुन्छ ।

यसभन्दा अतिरिक्त सिन्धुली जिल्लाको गोलटारमा जाँदा साम्वभक्तले मलाई केही फुटकर कविताहरू दिएका छन् ।

यसमा भने मिति पनि अङ्कित छ (रचना मिति)

१. लेखकको ग्राम परिचयः– २०२७।३।१७।४
२. अर्द्धाङ्गिनीको वियोगमाः– २०३१।५।२९।७
३. पुस्तकस्तवः– २०३१।८।८।७
४. स्वार्थी संसारः– २०२७।४।१७।७
५. ७३ वर्षारम्भः– २०३०।२।१४।१
६. वृद्ध धुर्सुल (रूपरेखामा) वर्ष १८ पृ. १९६. अंक ४ भदौ २०३४।

यहाँनेर एउटा कुरो सबैले जान्नुपर्ने छ– त्यो के हो भने– नेपाली साहित्यमा मकैपर्व र कृष्णलाल अधिकारी तथा कवि पण्डित साम्वभक्त शर्मा सुवेदीको अनुसन्धानका लागि २०३५ साल जेष्ठ २९ गते साम्वभक्त बसेकै ठाउँ गोलटार गएको थिएँ। ३० गते विहान कुराको प्रसङ्गमा मैले सोधें–"२००४ सालतिर संस्कृत प्रधान पाठशालामा एउटा खैलाबैला मच्चिएको थियो । एकजना विद्यार्थीले नवग्रह स्तोत्र लेखेर हेडगुरुको अगाडि (गुरु नभएको बखत) विना नाम (लेखकको नाम अङ्कित छैन) राखिदिएछन् । सो कुरा मैले 'पूर्णिमा' अंक २८ बाट राम्रोसंग थाहा पाएको हुँ । तपाईंलाई यस सम्वन्धमा केही कुरा थाहा भए भन्नुपर्‍यो" भन्दा उनी यसो भन्दछन्– "सो नवग्रह स्तोत्र कविता तेस्रो वर्षका विद्यार्थीले लेखेको हो । सो लेखिएको मिति पनि मलाई याद छ–२००४ साल असारको गुरु पूर्णिमाको दिन । व्याकरण विषयको विद्यार्थीले लेखेको ।" नाम बताउन नसकेको हुनाले यी कुरा त अहिलेसम्म जनसमक्ष आइसकेका होलान् (मैले नपढेको पनि हुन सक्छ) तैपनि अनुसन्धानको प्रसङ्गमा प्रासङ्गिकै होला भन्ने विचारले यहाँ उल्लेख गरेको हुँ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

साम्बभक्तको व्यक्तित्व केही विशेषताहरूको सन्दर्भमा

कवि तथा पण्डित साम्वभक्त सुवेदीको साहित्यिक व्यक्तित्व निर्माणमा ठूलो संघर्ष गर्नुपरेको देखिन्छ । माथि नै भनिसकिएको छ कि साम्वभक्तको साहित्यिक व्यक्तित्व विक्रम संवत् १९७६ को 'मकै खेती' देखि प्रस्फुटन भयो । भिनाज्यू कृष्णलाल अधिकारीसंग मिलेर कविता लेखेको हुनाले मकैपर्वमा साम्वभक्त पनि झण्डै जेल परेका थिए । मौकाले हस्ताक्षर लुकाउने संङ्केत भात खाएर चुठ्न लाग्दा भिनाज्यू कृष्णलालवाट पाएका हुनाले र लुकाउन पनि सफल भएकोले जेल जानवाट भने जोगिए । यस किसिमको लेख्न पढ्नसम्म नहुने राणाहरूको वर्वर शासनमा साहित्यिक यात्राको शुभारम्भ गरे । प्रारम्भिक कविता सामान्य ग्रामीण जीनजीवनलाई लिएर लेखिएको भए तापनि त्यसपछिका कविता र काव्यहरू सबै आध्यात्मिक भावनाद्वारा ओतप्रोत भएका छन् । साहित्यलाई धर्मको श्रृङ्खलामा उनेर रचना गरिका साम्वभक्तका कविताहरू औधी राम्रा छन् । यसभन्दा अतिरिक्त केही कविता भने आफ्नै जीवनले भोगेका केही दुःखहरूलिएर लेखिएका छन् तापनि ती कविताभित्र पनि आध्यात्मिक चेतनाको आभास पाइन्छ । यही आध्यात्मिक चेतनालाई नेपाली कविता फाँटवाट त्याग्न नसकेकोले नै साम्वभक्त जस्तो प्रतिभाशाली व्यक्तित्वले एउटा कुनामा कोच्चिएर वस्नु परिराखेको हो । प्रतिभाको लागि रामेछाप जिल्लाकै मात्र प्रतिनिधित्व नगरेर राष्ट्रकै प्रतिनिधित्व गर्नसक्ने साम्वभक्तको बेजोड प्रतिभा हो । तर युगले देखाएको वाटोमा नहिंडे पछि राष्ट्रिय मान्यता प्राप्त गर्न कठिन पर्छ । तर साम्वभक्तलाई आध्यात्मिक चेतनाका साहित्य स्रष्टा भन्दैमा उनको देन नेपाली साहित्यले विर्सने कुरो छैन । कृष्णभक्ति साहित्यको परम्परागत साम्वभक्तको विर्सिनसक्नु देन रहन गएको छ ।

—भूपहरि पौडेल

(लालित्य—वर्ष १ अङ्क १ र ३)

□

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

थप केही कुरा

(१)

कविता विधा सबैभन्दा पुरानो हो। यसलाई ज्येष्ठता र श्रेष्ठतामा गर्व गर्ने अधिकार छ। साहित्यका हरेक हाँगाहरू पल्लाउँदै गए लाछिँदै गए र केही मौलाएकाहरू पनि जन-सामान्य स्तरवाट उठ्न सकेनन्। कविता आज मात्र होइन युगौं पहिलेदेखि हरेक मान्छेका मन–मस्तिष्कमा अमीट छाप पार्दै आइरहेको छ। मान्छेका धारणा र प्रवृत्तिसंग सबैभन्दा पहिले नातो लगाएको यही कविताले हो। हरेक मान्छेका भावनाहरू हृदयमै सुषुप्त अवस्थामा रहेका हुन्छन्। ती कुनै दुःखद घटनावाट ठक्कर खाएर मस्तिष्कमा सल्वलाउन थाल्छन्। अनि स्रष्टाको कलमद्वारा असंख्य--असंख्य शव्दहरूको जन्जालमध्ये केही सुकोमल हृदयाह्लादक शव्दहरू चुनिंदै एउटा चट्ट, छरितो मालामा उनिएर व्यक्तिन्छन्। कवि अनन्त आकाश गङ्गामा विलाए पनि कविता भरखरै भित्र्याएकी नयाँ दुलही झैं मान्छेका मन-मस्तिष्कका ढोकावाट भित्र पसेर आनन्द दिने हुन्छे। त्यसैले हरेक काव्यकृति यदि त्यसमा हृदयको धड्कन् ढुक्ढुकिएको छ भने पहिल्यै नजरमा नयाँ अनुभवको सञ्चार गराउन समर्थ हुन्छ। आखिरी कविता भन्नु पनि के हो र? टुक्रा टाक्री भावनाको समष्टि अभिव्यक्ति न हो। तर यसैमा अनन्त जादू भरिएको हुन्छ। घरमा जतिसुकै अभाव खट्किए पनि तर मान्छे छोटा र लयदार हरफहरू गुन्गुनाउन पछि पर्दैनन्। भरे तिहुनमा हाल्ने नून सक्किएको किन नहोस् तर परिआउने समसामयिक विपयगत समस्या-हरूलाई परै पन्छाएर मान्छे तात्कालिक आनन्दमा मग्न हुन चाहन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रस्तुत पुस्तक नेपाली काव्य साहित्यमा हात बढाएका र समालोचकीय दृष्टिले मूल्याङ्कित हुन नसकेका एक प्रतिभाशाली कविका फुटकर कविता र केही लेख–अन्तरवार्ताको सँगालो हो। र यसको नाम पनि "साम्वभक्त शर्मा सुवेदीका कविता" राखिएको छ। आज कविताको क्षेत्रमा नयाँ-नयाँ प्रयोगहरू हुँदै गैरहेका छन्। कविहरू नयाँ भाव र विम्बको सम्वर्द्धनमा लागेका छन्। तर यी सवै प्रयोगका लागि प्रयोग मात्र हुन्। यिनवाट मान्छेलाई आत्मसन्तुष्टि मिल्छ भन्ने कुरामा कमै विश्वास गर्न सकिन्छ। आकाशवाट पानी वर्षेको बेला तलाउमा परेका स-साना फोका हुन् आजका कविता। वर्तमान सन्दर्भमा लेखिदै गरेका कविताहरू परम्परागत विषयान्तर-संग सम्वन्धित भएतापनि आजका कवि र कविताको नाम लिना साथ "यसमा विशेष के छ ? यसमा कत्तिको सम्प्रेषण शक्ति छ ?" आदि कुराहरू त्यसै-त्यसै मनमा खेल्न थाल्छन्। कुनै ग्याङ्ग, भट्टि र रेष्टुराँमा सामेल हुने वित्तिकै कवि र कविताको मान्यता स्थापना हुने होइन। कुनै ग्याङ्गमा एक–अर्काले ताली वजाई दिएको भरमा कविताको चिरस्थायी मानदण्ड स्थापना गर्न खोज्नु कुम्हालेले आफूले वनाएका घैटाको आफैले प्रशंसा गर्नु जत्तिकै हो। प्रस्तुत संग्रह भित्रका कविताहरू साम्वभक्तवाट कुनै वर्ग, जाति र संगठन-वाट प्रशंसित हुने मनसायले रचना गरिएका होइनन्। यी त कविताको मूल धारामा आफ्ना शाश्वत हृदयका भावना पोखिएका हुन्। त्यसैले यिनको चिरस्थायी मूल्य र अस्तित्व छ। कुनै वायुको वेगले हल्लाएर हल्लिने खालका कविताहरू साम्वभक्तका छैनन्। हो, आजका बुज्रुक भनाउँदाहरू साम्वभक्तलाई पुरानै प्रवृत्तिका साधकको रूपमा वरण गर्न सक्छन् तर चिरस्थायी कविताको चिन्तनका दृष्टिले साम्वभक्त आफैमा पूर्ण छन्। र निश्चिन्त छन्। जसरी मान्छे आजपनि आफ्नो परम्परा र प्राकृतिक स्वरूपवाट अलग्ग हुन सकेको छैन अर्थात् आफ्नो वनावटमा नवीनता

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ल्याउन सकेको छैन त्यस्तै व्यक्ति पिच्छेका कलात्मक पोखाइहरू फरक पर्न गए पनि कविताको स्वरूप उही पुरानै छ र हुनेछ।

(३)

प्रस्तुत पुस्तकलाई कसरी रूचिकर वनाउने भन्ने कुरामा मलाई धेरै समय घोरिनु पर्‍यो। बल्लतल्ल एउटा खाका तयार गरेको थिएँ। तर साधन, समय र आर्थिक कठिनाइले उही अरूकै जस्तो सम्पादन गर्नु पर्‍यो। यस सम्पादन गराइमा म त्यति सन्तुष्ट हुन सकेको छैन। मैले त हरेक कविताको मूल्य स्थापना गर्ने विचार गरेको थिएँ। जसवाट नेपाली काव्य संसारमा अन्यायमा परेका साम्वभक्तको उचित न्याय हुन सकोस्। जवसम्म कुनै पनि साहित्यकारको साधनालाई निष्पक्ष आँखाले हेरिँदैन त्यसवेलासम्म राष्ट्रियस्तरमा योग्य र उत्कृष्ट साधकहरूको छनौट हुनै सक्तैन। यसैवाट नेपाली साहित्य कत्तिको धनी रहेछ भन्ने कुरा पनि संसारले जान्दछ। सर्वथा मौलिक र एउटा छुट्टै अस्तित्व कायम गरेको कृतिको आशा गर्नु सरासर झूठो हो। अनुभवहरू प्रत्येकका साझा जस्तै हुन्छन्। सम्प्रेषण मात्र मौलिक हुन्छ। मैले साम्वभक्तलाई एउटा सिङ्गै वृहत् आकारको रूपमा चिनाउन खोजेको थिएँ। तर परिस्थितिवश केवल सम्पादनमा अड्किनु पर्‍यो। त्यसैले "यो यस्तै भयो"।

(४)

आजको संसारमा मान्छेलाई भौतिक साधनहरूको अन्वेषण, अनुसन्धान र प्रयोगको कारणवाट यताउति वरालिन फुर्सद छैन। कवितै कविताको डंगुर महाकाव्य वा खण्डकाव्य भन्दा छोटा छरिता, भावपूर्ण कविता पढ्नमा आजको मान्छे अभ्यस्त छ। कम्प्युटरले कविता रचना गर्ने यस वीसौं शताब्दीमा मान्छेलाई अव आफ्नै जीवित अस्तित्वमा शङ्का उपशङ्का पैदा हुन थालिसकेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छ। विज्ञान जतिसुकै उन्नतिको चरम शिखरमा पुग्दै गए पनि यसले अझै मान्छेको स्वरूप बदल्न सकेको छैन। आजको अस्तव्यस्त युगका लागि साम्वभक्त भावपूर्ण राम्रा कविताहरू ठीक छन्। लम्बे चौडे गन्थन भन्दा "यौटै सानो सरल कृतिमा पूर्ण संसार देऊ". भन्ने माधव घिमिरेको भावपूर्ण उद्‌गार झैं छट्ट-छट्ट भावनाहरू निकालेर चट्ट-चट्ट लेखिएका कविता हुन् साम्वभक्त सुवेदीका।

(५)

"साम्वभक्त शर्मा सुवेदीका कविता" संग्रह् भित्र उनका नामका मात्र कविताहरू सङ्कलन गरिएका छैनन्। उनले अरूका नाममा लेखेर छपाएका कविताहरू जस्तैः– ख भक्तलाल मु. समर वहादुर, ख. सिद्धिवहादुर श्रेष्ठ र कुमारी मधुधाराका नामका पनि खोजिएको छ। प्रतिभाशाली साम्वभक्तले अरूका नाममा पनि कविताहरू छपाएर नेपाली साहित्यको सेवा गरे। परम्परागत प्रवृत्तिलाई स्वीकार गर्दै आधुनिक संसार संग समेत परिचित भएर कविता लेखिदिएको भए साम्वभक्त नेपाली साहित्यका महत्वपूर्ण व्यक्ति वन्ने थिए। 'मेरो गोरूको बाऱ्है टक्काले गर्दा उनी प्रतिभा अनुरूप काव्य सिर्जनाद्वारा माथि उठ्न सकेनन्। साम्वभक्तले नेपाली भाषामा मात्र कविता लेखेका होइनन्, संस्कृत भाषामा पनि कविता लेखेका छन् भन्ने कुरा मैले नीलमणि दाइको मुखवाट सुनेको छु। मलाई साम्वभक्तले यस सम्बन्धमा कुनै जानकारी दिएका छैनन्। आज नेपालमा संस्कृतको ह्रास भैंरहेको छ। यस्तो विषम परिस्थितिमा साम्वभक्तले संस्कृतमा लेखेका कविता धेरै जनाले पढ्लान भनेर कसरी भन्नु ?

'मकैको खेती' नाम गरेको पुस्तक मण्डलीका एक जना सक्रिय सदस्य कवि साम्वभक्त सुवेदीको साहित्यिक मान्यताका वारेमा केही छोटकरी रूपमा चियो–चर्चो गर्न खोजिएको हो। हुन त उनी जस्ता होनहार प्रतिभाशाली व्यक्तित्वका वारेमा म जस्तो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

एउटा सामान्य पाठकको कलमबाट कोट्याउन खोज्दा आफैंलाई संकोचको अनुभव भैरहेको छ । तर हामीले यो कुरालाई पनि बिर्सनु हुँदैन कि मान्छे सधैं सगरमाथाकै चुचुरोमा पुग्ने साहस गर्छ । चुचुरोमा पुगेर विजयको झण्डा फहराउन सक्नु र नसक्नु चाहिं उसैको व्यक्तिगत खूबीको कुरा हुन्छ । मैले साम्वभक्तलाई आजभन्दा ५,६ बर्ष अगाडि नै पढिसकेको थिएँ । कुनै नेपाली साहित्यका पुस्तकका पानामा र संग्रह प्रकाशनले २०३२ सालमा छापिदिएको तथा साम्वभक्त आफैले लेखेको जीवनीबाट मात्र उनीलाई राम्रो संग जान्न सकिंदैनथ्यो । सबैभन्दा पहिले मकै पर्व र नेपालीं साहित्यको शोध खोजका सन्दर्भमा साम्वभक्त संग नभेटीकन त योजना अधूरो हुने कुरा महसूस गरी म २०३५ साल वैशाख २५ गते नवराज सुवेदीको घरमा गएर साम्वभक्त बसेको गोलटारको ठेगाना टिपें । 'मेरा बुवा साम्वभक्त, फुपाज्यू कृष्णलाल तथा मकै पर्वका बारेमा अनुसन्धान गर्न चाहने मानिसलाई म यी तीनटा पुस्तक दिन्छु, भनेर साम्वभक्तकै 'तीन कृति' सत्यब्रत खण्डकाव्य (२०२२ साल) साम्वभक्त शर्मा सुवेदी (२०३२ साल) मुरारि पुकार स्तुति काव्य (२०३४ साल) नवराज सुवेदीबाटै उपलब्ध भयो । एकचोटि पुस्तक पसलमा सरर जीवनी पढेको भएता पनि सत्यब्रत र मुरारि पुकारको त मैले कहिल्यै मुख देखेको थिइनँ । आफ्ना डेरा तीनधारा संस्कृत छात्रावासमा गएर मजासंग तीन्टै पुस्तक पढे । असाध्य राम्रो लाग्यो । पढिसक्ने बित्तिकै यताउति पत्रिकामा छरिएका कविताहरू जम्मा गरेर, अप्रकाशित कविता पनि भए सम्वन्धित ठाउँबाट ल्याएर अनि तानतान तुनतुन पारेर एउटा सानो भूमिका लेखी 'साम्वभक्त शर्मा सुवेदीका कविता' नाम राखेर सम्पादन गर्ने हौसला बढेर आयो । २०३५ साल जेष्ठ २९ गतेदेखि ऐ ३१ गते सम्म सिन्धुली जिल्लाको गोलटारमा गएर साम्वभक्त शर्मा सुवेदीसंग साक्षात्कार गर्दा थुप्रै तर रमाइला सामग्रीहरू फेला परे । तिनै सामग्रीका आधारमा कृष्णलाल अधिकारी र मकै पर्वका सम्बन्धमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अन्त थाहा पाएका मानिससंग सोध–पूछ गर्न जान ढोका खुल्यो । मकै पर्वका अगुवा कृष्णलाल अधिकारी 'मकैको खेती'का लेखकका रूपमा मात्र जानकारी गराइएको थियो । उनले कविता पनि लेखेका रहेछन्, भन्ने कुराको छोटो जानकारी गणेश भण्डारीले २०२६ साल विजया दशमी अङ्कको प्रहरी पत्रिकामा दिए पनि उनको जीवनी र अरू कविताका बारेमा जानकारी गराउने खालका रचनाहरू कतै भेटिएका थिएनन् । साम्बभक्तकै स्रोतबाट सामग्री पाइने ठाउँ पत्ता लाग्यो । परिणाम स्वरूप– डोलादेवी दाहाल (कृष्णलालकी छोरी) चरणलाल अधिकारी, पद्मराज अधिकारी (कृष्णलालका क्रमशः साहिँला र कान्छा भाई) को उदारतापूर्ण सहयोगबाट कृष्णलालको जीवनी तयार भयो, थुप्रै कविताहरू पाइए ।(यो नेपाली ८७ पूर्णाङ्कमा प्रकाशित छ) घुम्दा–फिर्दा क–कसले के के बतायो ? ती सबै छानवीन गरी छाप्ने कुरामा लागिन । सन्दर्भ जानकारी ढाँट–ढुंट् नगरी जस्ताको तस्तै छाप्दा राम्रो होला भनेर त्यसै गरे तर साम्ब-भक्तलाई चित्त नबुझेर उनीबाट यस्तो उत्तर प्राप्त भयोः–

"हालसम्म जति पनि सामग्रीहरू उपलब्ध भएका छन् ती सबैमा वहुचर्चित "मकै खेती" शीर्षक पुस्तकका लेखक कृष्णलाल अधिकारीनै हुन् भन्ने कुरा पाइएको छ । तर कसै कसैबाट सो पुस्तकको लेखक कृष्णलाल अधिकारी नभै भोजराज काफ्ले हुन् र कृष्णलाल अधिकारी त औपचारिक लेखक मात्र हुन् भन्ने सुनिन्छ,यसले गर्दा हाम्रा पाठकहरू द्विविधामा परेका छन् । यहाँबाट सही जानकारी पाइन्थ्यो कि ?"

"मुख्य कुरात समकालीन लेखकले प्रष्ट देखेको र भोगेको कुरा जस्तो प्रत्यक्ष प्रमाणितको अगाडि अनुमान गरेर खोजिएका प्रमाणद्वारा मात्र अनुमान लगाउनु गलत धारणा हो । यसर्थ "मकै खेती" को लेखक भोजराज काफ्ले हुन् भनेर लेखेको कुरालाई म मान्दिनँ । भूपहरि पौडेलले "अरूणोदय" पत्रिकामा (अङ्क कति हो थाहा भएन) "कालो टाउके कीरा र रातो टाउके कीरा" नामक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शीर्षकमा लेखेका लेखमा कृष्णलाल अधिकारी गद्य भागको लेखक, म र शम्भु प्रसाद ढुङ्गेल पद्य भागको लेखक हो भन्ने कुरा छर्लङ्ग छ। अहिले आएर भूपहरिले जिभ्रो चपाएर सत्यलाई लुकाई आफूले सकारेका कुरा नकर्दा दुःख लाग्नु स्वाभाविकै हो। मकै खेतीको पुस्तक लेख्ने कृष्णलाल अधिकारीनै हुन् भन्ने तथ्यहरूको वारेमा गणेश भण्डारीले "मधुपर्क" (वर्ष २ अङ्क ८) मा लेख्नु भएको मेरो जीवनी "प्रज्ञा" (वर्ष १ अङ्क २) मा "ऐतिहासिक मकैपर्व" "प्रहरी" पत्रिका (वर्ष र अङ्क थाहा नभएको तर विजया अङ्क) मा कृष्णलालको जीवनी आदि लेखहरूको आधारवाट तथ्य प्रष्ट हुन्छ। यसर्थ सूर्य उदाउन प्रमाण चाहिन्छ भने अरू लेखक हुन् नत्रभने कृष्णलाल अधिकारीनै हुन्।"

सौरभ वर्ष १ अङ्क २ पृष्ठ ४

वास्तवमा संसारमा कुनै पनि मानिस अनालोच्य हुँदैन। युग वित्दै जाँदा जतिसुकै होनहार प्रतिभाशाली मानिस भए पनि त्यसको अगाडि प्रश्न चिह्न खडा भएको कुरा हामी सबैले देखे जानेकै कुरा हो। त्यसकारण कृष्णलालका व्यक्तित्वका अगाडि त्यस्तै प्रश्न खडा भयो भन्दैमा उनी नेपाली साहित्य–संसारवाट गिरेर गए भन्ने कुरो उठ्दैन यस्तै किसिमका आलोचना र प्रत्यालोचनावाटै मानिस चिरस्थायी रहन सक्छ। सधैंभरि सबैवाट कुनै व्यक्तित्वका वारेमा प्रशंसाकै पुल बाँधिन्छन् भन्ने कुराको कल्पना गर्नु सरासर गलत सावित हुन्छ।

"............ दुई चार जनावाट निन्दा सुन्दा पनि झन् लेख्ने साहस वढ्दछ। किनभने प्रशंसा होस् वा निन्दा ग्रन्थलाई चर्चाले नै जीवित राख्तछ; आलोचना, समालोचना, प्रत्यालोचना जे होस् गरिओस्; घाम पानी जेले पनि होस् छोइएन भने काव्य मर्छ, विर्सिन्छ, अनि सडेर जान्छ।"

चिसो चूल्हो, तेस्रो संस्करणको भूमिका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्यस्तै कृष्णलाल अधिकारीको व्यक्तित्वलाई अमर बनाउन चाहने हो भने जुनसुकै कोणवाट हेर्न पनि छुट् हुनुपर्छ । अहिलेसम्म छापिएका दुइ–चार लेखले मात्र त कृष्णलाल अधिकारी र मकैपर्वका वारेमा पछि सम्म सबैले थाहा पाउँछन् भन्ने कुरामा पटक्कै विश्वास गर्न सकिदैन । तर्कपूर्ण सामग्री भए साम्वभक्तले खण्डन गरी अर्को पुस्तक वा लेख छपाए हुन्छ । मेरो सक्दो धज्जी उडाउनु । कहिल्यै मुन्टो ठाडो गर्नै नसक्ने गरी लडाई दिनु–यसमा मेरो भन्नु केही छैन । त्यत्तिकै गाली गर्दा त –'ऐतिहासिक मकैपर्व' (यो प्रकाशोन्मुख छ) मा गएर मलाई खूव भन्न मन लागेको छ । "मकैपर्व" र नेपाली साहित्य तयार गर्न कै लागि १० वर्षको समय अन्दाज गरिएको छ । त्यसमा के–कस्ता कुराहरू भनिने छन् ती सबै खोजिदै गरेका तथ्याङ्कले बताउने छ ।

जे जस्तो रूपवाट भए पनि यी दुई पुस्तक लेख्ने प्रेरणा मलाई साम्वभक्तवाटै प्राप्त भएको हो ।

–जसरी कृष्णलाल अधिकारी र मकैपर्वका सम्बन्धमा खोज तलास गर्न मलाई कसैले घच्घच्याएको होइन त्यसैगरी सामग्री सङ्कलनका मेरा प्रेरणा गुरु साम्वभक्तका कविता सम्पादन गर्न र भूमिका लेख्न पनि कसैले अह्राएको होइन । यो मेरो कर्तव्य हो । केही हदसम्म मात्र भए पनि चेलाले गुरूले सिकाएका कुरा त्यसै पचाउनु हुँदैन । आगतानुसारको गुरू–दक्षिणा त अवश्य चाहिन्छ । त्यसैले यो भूमिका–मेरो क्षमताले भ्याए सम्मको गुरू दक्षिणा हो । कविता सम्पादनमा–मेरो भन्नु केही छैन । किनभने समस्त मानव समाजकै साझा सम्पत्तिको रूपमा दर्ता भैसकेका साम्वभक्त सुवेदीका कविताहरू सम्पादन गर्ने अरूको पनि अधिकार छ । तर कवि प्रतिको धारणा सबैको आ–आफ्नै किसिमको हुन्छ । पहिले त मैले यसलाई एउटा सानो शोधपत्रको रूपमा लेख्ने विचार गरेको थिएँ र नवराज सुवेदीज्यूलाई पनि मैले यही कुरा अवगत गराएको थिएँ । तर त्यो शोधपत्र–साम्वभक्त सुवेदीका कविताको प्रारम्भमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नराख्ने विचार गरें। खोज्दै जाँदा अरू पनि सामग्री पाउन सकिने कुराको सम्भाव्यता अध्ययन गरी पछिनै लेख्ने र आफ्नो लेखिँदै गरेको–'मकैपर्व र नेपाली साहित्य' पुस्तकमा समावेश गर्ने विचार गरेर–कविता सम्पादनको परिचय बेग्लै लेख्न कसिएको हुँ।

लीलानाथ अधिकारीबाट पाएको जानकारी–हाम्रो पुरुषार्थ भन्ने छ महिने पत्रिकाको समालोचना अङ्कमा मेरै नामबाट "वि.सं. १९७७ सालको मकैपर्व शीर्षक लेख छापिए पछि–साम्बभक्त मदेखि आगो भएको कुरा मैले थाहा पाएँ। तर साम्बभक्त आगो भए पनि म पानी भइरहेकै छु। किनभने साम्बभक्त मकैपर्वका भुक्तभोगी मान्छे म चाहिं यताउति पोथ्रा बटुलेका भरमा यी यस्तो सामग्री पाएँ भन्दै फाइँफुइँ लगाएर हिंड्ने मान्छे। देख्ने र भोग्ने मानिसबाट पनि यथातथ्य जानकारी पाइन्छ भन्ने त केही निश्चय छैन किनभने यस कुराको पुष्टि तलको उद्धरणले गर्दछ–

" ... .सर वाल्टर रेले 'लन्डन टावर' मा बन्दी जीवन व्यतीत गरिरहेका थिए। एकदिन उनले यस्तो फुर्सतको समयमा 'विश्वको इतिहास' लेख्नु पर्‍यो भन्ने निश्चय गरे र यस सम्बन्धमा मनैमनमा रूप–रेखाको चिन्तन गर्न थाले। यै समयमा उनले आफू बन्दी रहेको कोठाको मन्तिर निकै ठूलो हल्ला–खल्ला सुनेर झ्यालबाट हेरे–एउटा हृष्टपुष्ट व्यक्ति एक निबल व्यक्तिमाथि घातक प्रहार गरिरहेछ। सर वाल्टर रेलेले पहरा दिने प्रहरी लगायत जेलर सम्मलाई सोधी त्यस घटनाको सम्बन्धमा वस्तुस्थिति बुझ्न खोजे। प्रत्येकले जो जानकारी दिए परस्पर विरोधी थियो। सर वाल्टर रेलेले निराश भएर अन्तमा विचार गरे–"जब म आफ्नै आँखाले देखेको घटनाको रहस्य त पत्तो लगाउन सक्दिन भने 'विश्व इतिहास' के लेखुला ?" यस बिचारले निश्चयको रूप लिएपछि उनले 'विश्व इतिहास' लेख्ने इच्छा सदैवका लागि परित्याग गरिदिए।

सर वाल्टर रेलेले इतिहास नलेखे तापनि इतिहास लेख्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कार्य अवच्छिन्न रूपमा कायम नै छ र कायमनै रहने छ । शोध, खोज गहन अध्ययन, तटस्थ वैज्ञानिक मनोवृत्ति तथा जीवन र जगत्का कार्य व्यापारहरूको आधारमा अन्त दृष्टिवाट लेखिएको इतिहास निश्चयनै सत्यको नजिक र प्रामाणिक हुन्छ । इतिहासले एकातिर त वर्तमानलाई अतीतसंग जोड्दछ भने अर्कोतिर समुज्ज्वल भविष्य निर्माणका लागि प्रकाश स्तम्भको पनि काम गर्दछ । यसरी इतिहासले जातीय र अन्तर्जातीय जीवनलाई राम्ररी बुझ्ने र सुन्दरतम् पार्ने सशक्त जीवन्त साधनको काम गर्दछ ।''

'प्रज्ञा ३१,को 'हाम्रो भनाई' वाट

कुरा यत्ति हो कि साम्वभक्त प्रतिभाशाली मानिस भएको हुँदा उनले भोगे जति कुरा 'सत्य' वताएका होलान्-भनेर अहिले सम्मको आधिकारिक एकजना जीवित व्यक्तिको नाताले विश्वास गर्ने ठाउँ देखिन्छ । सारांशमा उल्लेख गर्दा साम्वभक्तका भिनाज्यू कृष्णलाल अधिकारी हुन् । कृष्णलालले अरू लगायत साम्बभक्तलाई पनि 'मकैको खेती' पुस्तक मण्डलीमा समावेश गराएका थिए । खासगरी यही कारणले साम्वभक्त मकै पर्वका भुक्तभोगी र अहिले सम्मका जीवित मानिस मानिएका हुन् । मकैको खेती पुस्तक पर्व मै जेल परेका र जीवित कृष्णलालकै कान्छाभाई पद्मराज पनि छन् । उनका विचारहरू जनसमक्ष आइसकेका हुँदा यसपछि मैले धेरै गन्थन गर्नु आवश्यक छैन । एक त भिनाज्यू दोस्रो जसको प्रेरणा र प्रोत्साहनवाट साम्वभक्तलाई नेपाली साहित्यमा प्रवेश गर्ने मौका मिल्यो त्यस्ता मानिसको व्यक्तित्वका वारेमा प्रश्न चिह्न उभ्याई दिनु उनको निम्ति असाध्य कुरो भए पनि यथार्थ कुरा एकजना मानिसले लुकाएको भरमा सवैं छिपेर वस्दैन । एकदिन कसैको मुखबाट अवश्य पोल खुलिहाल्छ । यो ध्रुवसत्य कुरा हो । आलोचना-प्रत्यालोचना जसले जे गरे पनि अव नेपाली इतिहासका पानावाट कृष्णलाल अधिकारी हराएर पनि जाँदैनन् । 'मकै पर्व' नेपाली राष्ट्रिय इतिहासकै एक महत्वपूर्ण अंशको रूपमा रहन गएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छ । निष्पक्ष रूपमा चियो चर्चो गर्दै गए कृष्णलाल अधिकारी अफ वढी चर्चित हुन सक्छन् । भएका कुरा लुकाएर, कसैले पो थाहा पाएर पोल खोल्छ कि भनेर शङ्का उप–शङ्का गर्न लाग्यो भने त्यो व्यक्ति त्यसै हराएर जान्छ । एउटै वाक्यमा भन्न खोज्दा आलो-चनादेखि डराउने मान्छे समाजमा धेरै समयसम्म वाँच्न सक्दैन ।

७

मैले माथि नै संकेत गरिहालें– साम्वभक्त शर्मा सुवेदीका कविता–मकैपर्व र कृष्णलाल अधिकारीको अनुसन्धानका सन्दर्भमा सम्पादन गरेको हुँ । मैले त– साम्वभक्त लगायत केही व्यक्तिले भूपहरि जस्तो सोझो केटालाई झूठो आरोप लगाएका रहेछन्" भन्ने कुरा देखाउनु छ । आफूले नदेखेको र नभोगेको कुराको यथातथ्य सामग्री संकलन गर्नु भनेको कठिन कुरा हो । संकलित सामग्रीहरू वडो सावधानीपूर्वक सचेत भएर लेख्ने प्रेरणा दिनु हुने हजुर्बा दाताराम शर्मा प्रति म आजीवन आभारी छु । उहाँले मलाई बारम्बार निर्देशन नदिनु भएको भए शायद म वरालिएर पातालतिर भासिन पनि पुग्थें । उहाँको निर्देशन अनुसार म वडो जोगिएर काम गर्ने कोशिश गर्दैछु ।

कृति तयार गरेर मात्र भएन, हिजोआज प्रकाशक पाउन सबैभन्दा ठूलो समस्या भैराखेको छ । स–साना प्रकाशकहरू आर्थिक भारले थिचिएर कुनै पनि सम्पादित या मौलिक कृति छाप्न डराउँ-छन् भने ठूला–ठूला प्रकाशकहरू लेखक या सम्पादकको प्रसिद्धिका आधारमा छाप्छन् । फेरि केही गरी छापियो भने "फलानाको के उत्कृष्ट कुरा पाइस्, र छापिस् मेरोमा के कमी देखेर छाप्दैनस्" आदि प्रश्नहरू प्रकाशकमाथि थुपारिन्छन् । निष्पक्ष रूपमा भन्ने हो भने वाहिरी आँखामा छारो हाल्नका लागि केही व्यवस्था भएको जस्तो भान पारिएको मात्र छ, भित्रै पसेर हेर्ने हो भने सरकारी तवरबाट नेपाली साहित्यको विकासका लागि कुनै कदमहरू चालिएका छैनन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लेखकहरू निम्नस्तरसम्मको पनि आर्थिक सहायता नपाएर त्यसै मुरमुरिएका छन् भने तीनका कृतिहरू काठमाडौंको कुहिएका छिडीमा ढुसी परेर मक्किएका छन्। त्यस्तै पत्रिका चलाउने सम्पादकले विज्ञापन पाउँदैन र ऊ पनि थिच्चिएकै छ, मिच्चिएकै छ। त्यसैले कवि भूपि शेरचनको शब्दमा भन्ने हो भने:-

"यहाँ दुइटै उदास छन्
किनकि तिनलाई यहाँ
रात-रात-भरि उपियाँले टोक्छ
दिन-दिन-भरि रूपियाँले टोक्छ"

घुम्ने मेचमाथि अन्धो मान्छे

मेरो बारम्वार "लौन दाई–यति मेरो सम्पादित कृति छापि-दिनु पऱ्यो" भन्ने आग्रहलाई आर्थिक भारले किचिएर भए पनि स्वीकार गरेर छापिदिनु भएकोमा 'दीपज्योति' साहित्यिक मासिक पत्रिकाका प्रधान सम्पादक ज्ञानेन्द्रराज पोखरेलप्रति म आजीवन ऋणी हुनेछु। यस्तो साहसिलो कदम उठाएर सम्पादक दाईवाट नेपाली साहित्यमा अन्यायमा परेका साम्वभक्तप्रति केही हदसम्म भए पनि कदर भएको छ भने म जस्तो भासेभुसे टुकुचाका नालीलाई पनि अगाडि बढ्दै जाने प्रोत्साहन मिलेको छ। त्यसकारण लेख्न सिकाउने नरहरि आचार्य र सम्पादित कृति छापिदिने ज्ञानेन्द्रराज पोख्रेल दुवै मेरा साहित्यिक गुरुहरू हुन्। "जे जसरी हुन्छ साम्वभक्तका कविताहरू सम्पादन गरेर चाँडै छाप्ने कोशिश गर्नु" भनेर प्रोत्साहन दिने उप-प्राध्यापक र हाल संस्कृत छात्रावासका सुपरीक्षक नीलमणि ढुङ्गानाप्रति म आफ्नो कृतज्ञता प्रकट गर्दछु। दिनहूँ जसो मेरो संस्कृत छात्रावासको ११ नं. का कोठामा आएर साहित्यिक गफ गरेर मलाई घचघच्याउने सहायक प्राध्यापक घनश्याम पौडेलप्रति म धन्यवाद ज्ञापन गर्दछु। यसैगरी आफ्नो संग्रहमा रहेका अप्रकाशित कविताहरू दिएर प्रकाशित कविताको स्रोत बताई दिएर मकै पर्व र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कृष्णलाल सम्वन्धी रहस्यमय कुराहरू वताई सहयोग गर्नु हुने साम्वभक्त शर्मा सुवेदी 'मुरारि' प्रति म आफ्नो श्रद्धा प्रकट गर्दछु। साम्वभक्तले लेखेका पुस्तकहरू उपहार स्वरूप प्रदान गरेर सहयोग गर्ने नवराज सुवेदीमा कृतज्ञता प्रकट गर्दछु। केही वर्ष अगाडि जनकपुर धामवाट प्रकाशित भएको तर हाल वन्द भएको 'उषा' मा साम्वभक्तका रचनाहरू प्रकाशित भएका तर हाल काठमाडौंमा पाउन नसकिएका प्रतिका रचना साफी गरेर पठाई दिने पुरूषोत्तम भट्टराईलाई जति धन्यवाद ज्ञापन गरे पनि थोरै हुन्छ। त्यसैगरी साम्वभक्तका रचनाहरू साफी गरेर सहयोग गर्ने सहृदयी सहपाठी साथी शिवराज ढुङ्गानालाई पनि धन्यवाद दिन चाहन्छु। गोरखापत्रका पुराना अङ्कहरूका माइकोल्फेम हेर्ने अनुमति दिने प्रधान अनुसन्धान अधिकारी वलराम दास डङ्गोल र सो हेर्ने रिल मिलाएर सहयोग गर्ने वलराम चित्रकार लगायत यससँग सम्बन्धित सबै महानुभावहरूलाई यथोचित धन्यवाद छ।

भूपहरि पौडेल
२०३८।६।६।६।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पछि–भेटौंला

श्री आदरणीय साम्बभक्त शर्मा सुवेदीज्यूमा सादर संफना छ

उप्राप्त प्रमाणपत्र तहमा अध्ययन गर्दा पनि तानाशर्मा द्वारा लिखित "नेपाली साहित्यको ऐतिहासिक परिचय" मा समावेश गरिएका सामग्रीहरू संग परिचित भएको थिएँ । तर यो सानो पुस्तकमा तपाईंका बारेमा, तपाईंका मिनाज्यू कृष्णलालका बारेमा र मकैपर्व ऐतिहासिक घटनाका बारेमा कुनै कुरा लेखिएको छैन । पूर्वमध्यमा र प्रमाणपत्र तहमा मेरो मूल विषय व्याकरण थियो । प्रमाणपत्र तहमा मेरो सहायक बिषय नेपाली थियो । स्नातकमा पुगेपछि मैले मूल विषय साहित्य लिएँ । तर सहायक विषय भने नेपाली नै लिएको थिएँ । साम्बभक्तज्यू ! तपाईंका पालाको पढाइ र मेरो पालाको पढाइको ढङ्गमा आकाश पतालको फरक छ । तपाई विक्रम सम्वत् १९७१ सालको फाल्गुण महीनामा तीनधारा पाकशालामा भर्ना हुनु भएको थियो । म विक्रम सम्वत् २०२८ साल आषाढ १६ गते शुक्रवार बेलुकाको छाकदेखि तीनधारा पाकशाला संस्कृत छात्रावास रानीपोखरीमा भर्ना भएको थिएँ । तपाईंले मध्यमामा व्याकरण विषय पढ्नु भएको थियो । मैले पनि पढेको थिएँ ।

स्नातकमा पुगेपछि सहायक विषयमा (नेपाली) थुप्रै पुस्तकहरू पढ्नु पर्थ्यो । त्यसमध्ये तानाशर्माले लेखेको नेपाली साहित्यको इतिहास भन्ने पुस्तक पनि एक हो । "नेपाली साहित्यको ऐतिहासिक परिचय" भन्दा यो निकै ठूलो थियो र यसमा थुप्रै गहन कुराहरू पनि समावेश गरिएका थिए । "नेपाली साहित्यको इतिहास" मा तपाईं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तपाईँका भिनाज्यू कृष्णलाल र मर्कपर्वका बारेमा चर्चा गरिएको छ। यो पढेपछि मलाई अरू विस्तृत खोज गर्ने हौसला बढेर आयो। अरू प्रकाशित सामग्रीहरू खोज्दै जाँदा प्रज्ञामा गणेश भण्डारीले लेखेको "ऐतिहासिक मर्कपर्व" प्रहरीमा "अनुसन्धानात्मक चिनारी–कृष्णलाल अधिकारी, मधुपर्कमा पण्डित साम्बभक्त सुवेदी, मधुपर्कमै भुवनलाल प्रधानले लेखेको–मर्कको खेतीका लेखक कृष्णलाल अधिकारी, गोर्खापत्रमा कृष्णप्रसाद उपाध्यायले लेखेको "मर्कपर्व र २००७ साल" आदि फेला परे। यतिका सामग्रीहरू अध्ययन गर्दा पनि मलाई कृष्णलाल र मर्कपर्व तथा तपाईंका बारेमा सम्पूर्ण सामग्रीहरू प्रस्तुत भए जस्तो लागेन। यसको फलस्वरूप सम्वन्धित क्षेत्रमा गएर सामग्री संकलन गर्ने र एउटा छुट्टै कृति तयार गर्ने हौसला बढेर आयो। यहाँका विद्वान् भनाउँदाहरू अर्कोले चपाई दिए निल्ने खालका मात्र रहेछन्। सम्बन्धित क्षेत्रमा आफैं गएर सामग्री सङ्कलन गरी अनुसन्धान–अन्वेषणका लेखहरू प्रकाशित गर्ने बानी नेपाली विद्वान्हरूमा अझै आइनसकेको देख्ता दुःख लाग्नु स्वाभाविकै हो। नेपालमा कोठे इतिहासकारहरू, कोठे अनुसन्धान र अन्वेषकहरू छन् मलाई इच्छा त जागेर आयो तर तपाईं बसेको ठेगाना थाहा थिएन साझा प्रकाशन देखिनै तपाईंका सुपुत्र माननीय श्री नवराज सुवेदीको घर सोध्दै गएँ। निकै पर कुनामा चिटिक्क परेको घर रहेछ। मौकाले भेट भयो। चिनाजान गरियो। मैले आफ्नो उद्देश्य बताइहाले।

"तपाईंका बुबा साम्बभक्त, कृष्णलाल र मर्कपर्वका सम्बन्धमा अनुसन्धान गरूँ भनेको, यहाँको बुबा बस्नु भएको ठेगाना थाहा भएन"

मेरो कुरा सुनेर माननीय नवराजज्यूले तपाईं बस्नु भएको गोलटारको ठेगाना लेखिदिनु भयो। अनि उहाँले भन्नु भयो:–

"मेरा बुबा र मेरा फुपाज्यूका बारेमा अनुसन्धान गर्ने मानिसलाई म यी तीन ओटा किताब पनि दिन्छु" भनेर माथि कोठामा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गएर 'सत्यव्रत' 'साम्बभक्त शर्मा सुवेदी' 'मुरारि पुकार' त्याएर दिनु भयो । उहाँले फेरि भन्नुभयो– "यस सम्वन्धमा त गणेश भण्डारीले पनि अनुसन्धान गरेका छन्" ।

यसको जवाफको रूपमा मैले भने "गणेश भण्डारीको अर्कै किसिमको कोठे अनुसन्धान जस्तो देखिएको छ । तर म सम्वन्धित सबै ठाउँमा गएर सामग्री सङ्कलन गरी कृति तयार गर्ने पक्षमा पुगेको छु ।" माननीय नवराजज्यूलाई बाहिर जाने हतार भैसकेको हुँदा निकैबेर गफ गर्ने त मौका परेन । तर मलाई यति नै भए पनि आफ्नो लक्ष्यमा अगाडि बढ्न काफी सामग्री भयो । यो दिन थियो- वि. सं. २०३५ साल वैशाख २५ गते सोमबार ।

स्नातक द्वितीय सत्रको परीक्षा पनि नजिकै आएको थियो । परीक्षा सकेर अनुसन्धानको लागि प्रस्थान गर्ने उद्देश्य राखें । माननीय नवराजज्यूले दिनु भएका तीनओटा पुस्तक पनि पढें । निश्चित परीक्षा तालिका अनुसार परीक्षा सकियो । २०३५ जेष्ठ २० गते घर गए । बाटामा हिंड्दा जेठको धूपले निकै दुःख दिएकाले घरमा पुगेर म ४–५ दिन सम्म बेरामी भएँ । निसेक भएपछि जेष्ठ २९ गते तपाईंकहाँ श्राउन म तज्यू डिल्ली प्रसाद भट्टराई र म घर (सालु–सांमली स्थान) बाट प्रस्थान गर्‍यौं । घरबाट ९.३० बजे हिंडेका थियौं । रामेछाप बजारमा बाह्रबजे पुग्यौं । विद्यार्थी भएको हुँदा निम्नतम आवश्यकताहरू पूर्ति गर्न पनि हाम्रो साथमा पैसा थिएन । यसभन्दा अघि २०३४ माघ महिनामा ढुण्डीराज दाहाल, दुर्गा अर्याल, कोषराज न्यौपाने आदि माथिल्लो कक्षामा पढ्ने साथीहरू पश्चिमाञ्चलको भ्रमणमा गएका थिए । त्यसबेला अञ्चलाधीश, प्रमुख जिल्ला अधिकारीहरूसंग भाषा सर्वेक्षण गर्ने कुरा बताएर आर्थिक सहायता लिन सफल भएको कुरा भ्रमणमा गएका साथीहरूले बताएका थिए । हामी त दुइजना मात्र थियौं । प्रमुख जिल्ला अधिकारी–(त्यसबेलाका रामचन्द्र शर्मा (पौडेल) का नाउँमा एउटा निवेदन लेख्यौं । निवेदनमा– हामी साम्बभक्त, कृष्णलाल र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मकै पर्व, अनि रामेछापका ऐतिहासिक सामग्रीहरू सँकलन गरी पुस्तक तयार गर्ने तरखरमा लागेका छौं। हाम्रो साथमा पैसा नभए-को हुँदाँ श्री मान् समक्ष रू. १००। आर्थिक सहायता पाउँ भनी श्रीमान् समक्ष लिखित निवेदन सहित मौखिक अनुरोध समेत गरेका हौं।" प्रमुख जिल्ला अधिकारी रामचन्द्र शर्मा (पौडेल) ले हाम्रो निवेदन हेरे अनि हाम्रो कुरा सुनेर यस्तो जवाफ दिए; "तिमीहरू के को अनुसन्धान गर्न आएका हुन्थ्यौ। आफ्नै जिल्लाको प्रमुख जिल्ला अधिकारी छ, यस्तो निवेदन लेखौं, मुखले पनि भनौं। अलिकति रूपियाँ ठगौं। त्यति भएपछि काठमाडौं जान बाटा खर्च भैहाल्छ, भनेर आएका तिमो मूलाले अनुसन्धान गर्न सक्छौ कतै। तिमीहरू मलाई ठग्न आएका। पाएसम्म शिलालेख, ताम्रपत्र समेत लगेर बेचेर पैसा कमाउने दाउ होला तिमीहरूको। के विश्वास हुन्छ, सैन्तको ताम्रपत्र मैले अमेरिका जाँदा त्यहाँको संग्रहालयमा देखेको हूँ। म त्यहीं आश्चर्य चकित भएको थिएँ।"

प्रमुख जिल्ला अधिकारीको कुर्सीमा बसेर रामचन्द्र पौडेलले बोलेका शब्द यिनै हुन्। खास अनुसन्धान गर्ने लक्ष्य लिएर अगाडि बढेको मै मात्र हूँ। मौतज्यू त मेरा सहयोगी मात्र हुनुहुन्थ्यो। मैले गर्दा उहाँले समेत गालीखानु भयो। यसमा मलाई नमज्जा लाग्यो। हामीले यहाँ भन्दा अगाडि कुनै जवाफ दिएनौं। "तपाईंले जिल्लाको कोषबाट आर्थिक सहायता नदिएर अनुसन्धान रोकिएछ भने ठीकै छ, नत्रभने तपाईंको यो जवाफ कलमको टुप्पाले दिने छु" भन्दै हामी त्यस कार्यालयबाट बाहिर निस्कयौं। यसभन्दा अघि धादिङ्ग जिल्लाका प्रमुख जिल्ला अधिकारी बाबुराम पौडेलले पनि मलाई तुच्छ वचन प्रयोग गरेका थिए। मैले त चिन्हेको थिइन। म क्यालेण्डर माग्न सूचना विभाग गएको थिएँ। धादिङ्ग जिल्लाको लागि क्यालेण्डर बुझी सही गरे पछि बाबुराम पौडेल भन्ने मान्छे चिन्हे। मैले नमस्कार गरे र भनेँ तपाईंका हजुर्बा दधिराम पौडेलको जीवनी लेख्ने विचार गरेको थिएँ। सबै सामग्री तपाईंबाट उपलब्ध

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हुन्छन्, भन्ने कुरा सबैतिरबाट सुईको पाएको हुँदा र तपाईंलाई पनि मौकाले अहिलै मात्र चिन्हेको हुँदा यहाँलाई कहिले फुर्सत मिल्छ, जानकारी र अरू लिखित सामग्री लिन आउने थिएँ" भन्ने कुरा गरे । बाबुरामजीले मलाई टाउकादेखि खुट्टासम्म हेर्नु भयो र भन्नु भयो:-

"तँ थाङनेले मेरो हजुर्बाको के जीवनी लेख्छस् ।"

बाबुरामले सहयोग नगरे पनि, यस्तो हृदयविदारक शब्द प्रयोग गरेपनि मैले सामग्री पाएसम्मका आधारमा दधिराम गुरुको जीवनी लेखी छोडे। यस्तै हो जीवनमा यस्ता कैयौं उकाला, ओराला र अप्ठ्यारा बाटाहरू पार गर्नु पर्छ । विनसित्तिमा अर्काको घनाइ खानु पर्दछ हामी (मीत र म) १२.१५ बजे (अपरान्ह) प्रमुख जिल्ला अधिकारी रामचन्द्र पौडेलले हामी माथि प्रयोग गरेका शब्दहरू मनमा केलाउंदै गोलटारको बाटो ताकेर रामेछापको हटिया चोक देखिकै जेठका प्रचण्ड घामको ज्योति खप्दै लुरुलुरु हिंड्यौं । तल सुन-कोशीको दिर्ताघाट तरेर तपाई (साम्बभक्त) को घर सोध्दै दिङ दिङवेसी हुंदै बेलुका ५ बजे तपाईको घरमा आइपुगेका थियौं । घर आंगनको डीलमा उपर्खुट्टी लगाएर बस्ने तपाई नै हो भन्ने कुरा हामीले अड्कल गरेका थियौं । तैपनि शङ्का समाधानको लागि सोध्न पछि परिएन ।

"साम्बभक्त सुवेदी यहांकै शुभनाम होइन त ?"

हाम्रो प्रश्नको जवाफमा तपाईले भन्नु भएको थियो:–

"मैं हुँ साम्वभक्त सुवेदी भनेको ।"

हामी दुवै जनाले तपाईलाई 'नमस्ते' भन्यौं र ओछ्याई दिएको गुन्द्रीमा हामी थपक्क बस्यौं । नचिन्हेका ठिटाहरू आउँदा तपाईले–

"याहाँहरूलाई मैले चिन्न सकिन" भन्नु भएको थियो ।

त्यसमा मैले परिचय यसरी दिएको थिएँ:–

"म दातारामको नाति हुँ"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"ए" छोरीपट्टिको कि छोरा पट्टिको ?"

"त्यसो होइन । लोकनाथका तीन भाइ छोरा जन्मिएका थिए । कृष्ण प्रसाद, अनिरुद्र र दाताराम । जेठा कृष्ण प्रसादको नाति म हुं, कान्छा हजुर्वा दाताराम हुनु हुन्छ ।"

"ए" तिमी त चिने जानेकै मान्छे पो रहेछौ । विक्रम सम्वत् २००६ सालमा तिम्रा बा रूद्र प्रसाद पौडेल मेरी साहिंली छोरी माग्न आउनु भएको थियो । त्यो बाँदर लड्ने भीर सँपूमा म छोरी दिन्न, पहिले त्यस गाउँमा एउटी छोरी दिएको थिएँ, चाँडै विधवा भई । यिनै दुइ कारणले हामीलाई सँपू नफाप्ने भएको हुनाले मैले तिम्रा बालाई छोरी दिन मानिन ।" मेरो बा को तपाईं संग कसरी चिना परिची हुन गयो ?

"वाबियाखर्कका डिठ्ठा भीमनाथ घिमिरेको मावली नानी-हरूकै घर थियो । तिम्रा बा भानिजकहाँ वरावर आउनु हुन्थ्यो र म पनि डिठ्ठा कहाँजान्थे । उहाँ संग धेरै पछि सम्म पनि भेटघाट हुँदै थियो । बिक्रम सम्वत् २०२१ सालमा उहाँ काठभाडौं बसाई जानु भएछ । म २०२२ सालमा "सत्यव्रत" खण्डकाव्य छपाउनको-लागि काठमाडौं जाँदा टुण्डीखेलमा भेटेको थिएँ । "यो छोरो पढाउनकै लागि वसाईं आएको हुँ । यसकी आमा सानैमा मरीहाली" भन्नु हुन्थ्यो । उहाँसङ्ग आखिरी भेट त्यही रहेछ ।" यसपछि मैले तपाइँका विषयमां पढेर थाहा पाएका आधारमा दुइ-चार कुरा गर्दा दङ्ग पर्दै तपाइँले भन्नु भएको थियो:-

"ए! मेरो बिषयमा पनित थाहा रहेछ । कहाँबाट थाहा पायौ ?"

यस प्रश्नको उत्तर मैले यसरी दिएको थिएँ:-

"नेपाली साहित्यको इतिहास, साम्बभक्त शर्मा सुवेदी (जीवनी) सत्यव्रत खण्डकाव्य, मुरारि पुकार-स्तुति प्रधान खण्ड काव्य र गणेश भण्डारीले मधुपर्कमा लेखेको पण्डित साम्बभक्त सुवेदीबाट मैले तपाईंको बारेमा थाहा पाएको हुँ । गर्कपर्व सगका-लीन नेपाली साहित्य [१८७५-१९९१] र आधुनिक नेपाली

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

साहित्यको बिकास प्रक्रियामा तपाइँको महत्वपूर्ण योगदान रहन गएको छ। तपाइँ गाउँको एउटा कुनामा बसेर गुप्तरूपमा नेपाली साहित्यको सेवा गर्ने एक महापुरूष हुनुहुन्छ।" आ! के सेवा गर्नु छ र? म पुरानो बिचारको मान्छे। अचेल जतातत्तै आधुनिकताले प्रवेश गरिसकेको छ। मेरा पुराना विचार पोखिएका कृतिहरू कसले पढिदिन्छ र?"

"त्यसो होइन साम्बभक्त ज्यू? पुरानो धारणा र मान्यतालाई आत्मसात् गरेरै कुनै पनि साहित्यकारले नयाँ विचारलाई जन्म दिन सक्छ। त्यसकारण आधुनिकताको प्ररणा श्रोत त उही पुरानै हुन्छ। म पनि अहिले काठमाडौंको तीनधारा संस्कृत छात्रावास देखि कृष्ण लाल र मर्कपर्व तपाइँ साम्बभक्तका बारेमा अनुसन्धान गर्नका लागि आएको हुँ। दुर्गा प्रसाद अर्याल आशुकबि शम्भु प्रसाद ढुङ्गेलको बारेमा नेपाली स्नातकोत्तरको सोधपत्र तयार गर्दै छन्। यसका निम्ति उनले पनि केही प्रश्नहरू बनाएर पठाएका छन्। त्यस सम्बन्धमा पनि यहाँसङ्ग उत्तर लेखी, यहाँकै हस्ताक्षर सहित तुरुन्तै पठाई दिनु छ। यहाँको जो सहयोग।"

"मैले जाने बुझे र थाहा पाए सम्म गर्ने नै छु।" त्यसबेला हामीहरू यसरी गफ गरिरहेको अवस्थामा ज्यापुँकिरीले साँझको आमन्त्रण गरेको थियो। साथै एकैछिन पछि मूसलधारा पानीको वर्षा पनि शुरू भएको थियो। आंगनको पेटीमा बसेका हामीहरू भित्र गएका थियौं। घरभित्र पसेपछि मलाई यस्तो कुराको अनुभव भयो कि साहित्यकारहरू र ठूला-ठूला महापुरूषहरू साधारण वेष भूषामा जीवन धान्न मन पराउँदा रहेछन्। त्यसपछि अरू बिशेष केही कुरा गर्न बाँकी थिएनन्। त्यसैले मैले अनुसन्धानको प्रसङ्ग फोट्याएको थिएँ। सबैभन्दा पहिले कृष्णलाल अधिकारी र मर्कपर्वको बारेमा तयार पारेर ल्याएका प्रश्नहरू सोधेको थिएँ। जन्मदेखि मृत्यु पर्यन्तका सारा घटनाहरू आफूले थाहा पाएसम्म मलाई बताउनु भएको थियो। त्यस प्रसङ्गमा कृष्णलालको कवि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

व्यक्तित्व झल्किने खालका तीन श्लोक कविता पनि तपाईंले मलाई बताउनु भएको थियो।

भाइहरू हो सुनवात मेरो
पर्ने भयो कष्ट पुऱ्याई फेरो
छुट्नैन यो दुःख कसै गरेर
भन्छु सबै बात सफा गरेर
छन् पुत्र मेरा लव कुश जोडा
उँधो मती लाग्दछ बुद्धि घोडा
याद गरे पुत्री समेतलाई
भाइहरू हो। गर याद मलाई ?
छन् मूल द्रव्यै दुइ वस्तु यान
हलो कोदालो दुई वस्तु मान
रक्षा गरे खुप् खित मूल धन्को
जहानहरूको नगरे नि रन्को

नेपाली साहित्य जगतका प्रथम शहीद कृष्णलाल अधिकारीको जीवनी, व्यक्तित्व र कृतित्व, मकैःवंको ऐतिहासिक महत्वका सम्बन्धमा सामग्री संकलन गरेपछि भान्साबाट निम्ता आयो। हामीलाई बडो सम्मानका साथ भान्सा तयार गरिएको थियो। तपाईंका अगाडि लुगा लगाएर भात खान मीत र मैले बडो संकोच मानेका थियौं। तर विद्यार्थीले हुन्छ केही गर्दैन तपाईंले भन्नु भएपछि हामी तीनै जनाले एकै चोटी भात खाएका थियौं। भोजन गरेपछि ५ मिनेट सुत्नै पर्ने तपाईंको बानी रहेछ। ५ मिनेट पछि उठ्नुभयो। एकछिन् उनै पुरानै विषयका गफ मारियो। त्यसपछि सबैजना निद्रादेवीको काखमा लुट्पुटिन पुगेका थियौं। भोलिपल्ट अर्थात् विक्रम सम्वत् २०३५ जेष्ठ ३० गते बिहान सवेरै उठियो। कृष्णलाल र मकैपर्वका सम्बन्धमा छुट्पुट कुराहरू गऱ्यौं। तपाईंकै जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा पनि सामग्रीहरू संकलन गरें। यसपछि बिहानको भोजन गर्ने समय भयो। भोजन गरेर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तपाईंले हामीलाई त्यस गाउँका निकै धनी र जान्ने मानिस कहाँ लगेर सामग्री जुटाई दिनु भएको थियो। यहाँको सबैभन्दा आश्चर्य लाग्दो कुरा सात धारे कुलो रहेछ। सात धारे कुलाको सामग्री पनि तपाईंकै सहयोगबाट मैले संकलन गरेको थिएँ। सात धारे कुलो गोलटारको सिंचाइको नयाँ व्यवस्था हो। सबैभन्दा पहिले यसको ऐतिहासिक तथ्य प्रस्तुत गरौं। पण्डित् शिवराज बरालले विक्रम सम्बत २०३४ सालमा बरालहरूको ठूलो ऐतिहासिक वंशावली खोजीनीति गरी प्रकाशित गरेका छन्। यसको मूल्य २५।- रू. रहेछ। यहाँ यो वंशावली डिठ्ठा गुणराज बरालसंग रहेछ। उनैका घरमा लगेर (अरू कहाँ पनि) यसबारे तथ्य सामग्रीहरू जुटाई दिनु भएको थियो तपाईंले। यो घटना विक्रम सम्बत् १७४४ को हो। शुकदेव नाम गरेका बराल ब्राम्हण रहेछन्। यिनी ज्यादै गरीव रहेछन्। यी पश्चिमतिरबाट आएका रहेछन्। एकदिन शुभसेन नाम गरेका राजा घुम्दै-फिर्दै खुर्कोटमा आएर बास बसेछन् "राजाको शुकदेवलाई दिनको मर्जी भएथ्यो अनि बोले काजी तुरून्त सम्पति बिना दिन्थे कसोरी भनी सम्बत् बिक्रमबाट सत्र-सयका माथि चवालीसमा सुनकोशी तटमा सवारी हुन गो भा बास खुर्कोटमा ॥"

एकदिन राजालाई शुकदेवले आफ्नो व्यावहारिक अवस्था बिन्ति चढाएछन्। राजाले खुशी भएर "तिमो जे माग्छौ म उही कुरा दिन्छु" भन्दा शुकदेवले 'म बिर्ता पाउँ सरकार' भनी मागेछन्। शुकदेवको कुरा सुनेर राजाले भनेछन्:– एकदिनमा तिमीले सक्तो घुमेर आऊ र यसलाई घेर त्यो बिर्ता रूबं तिमीलाई भयो।" राजाको कुरा सुनेर शुकदेव हिंडेछन्। सबैभन्दा पहिले उनी आँधी खोला पुगेछन्। त्यसपछि मिगाले, सिन्धुलीगढी, नेवार्मीको लहरे, ढुङ्ग्रेवास, धमिले बागढुङ्गा, बन्दीखोर, घोरालीटार आदि घुमेछन्। हैबार वेंसी भगनी वेंसी खुर्कोट आदि चिनो लगाउँदै आए। बिक्रम सम्बत् १७४४ मा घोविसला भन्ने बिर्ताको सनतपत्र जारी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भयो। राजाले शुकदेवलाई आफ्नी छोरी समेत दिएछन्। घरबारी स्वास्नी सबै कुरा भएपछि शुकदेव सम्पन्न मान्छे भएछन्। यसपछि यिनै शुकदेव बरालले पोखराबाट पोख्रेल पुरोहित ल्याएछन्। यसै गरी कामी, सार्की, दमाई पनि साथै ल्याएर व्यावहारिक मानिस भएर राम्ररी नै बसेका रहेछन्। राजा शुभसेन फेरि घुम्दै फिर्दै त्यही ठाउँमा आइपुगे छन्। राजा आए पछि राम्रा-राम्रा टपरी व होता, दुना गासेर ओरिपरि ८१ व्यञ्जन खाद्य सामग्रीको घेरा लगाई दिएछन्। तर त्यसमध्ये दहि दूध र घ्यू भने आफ्ना बाबुलाई (शुभसेनराजा) ती छोरीले दिन सकिन छन्। राजाले यस किसिमको स्वागत सत्कारमा शङ्का मानी सोद्धा छोरीले भनिछन् कि–"वस्तु चराउने गोचरन र घाँस काट्ने जङ्गल नभएको हुनाले वस्तु पाल्ने चलन छैन, त्यसैले गोरसको अभाव भएको हो।" छोरीको कुरा सुनेर राजाले "त्यसोभए यसको लागि उपयुक्त ठाउँ बताऊ" भनेछन्। छोरीले भने भने बमोजिम गोलो परेको ठूलो टार छोरी ज्वाइँलाई विर्ताको रूपमा तो राजाले दिएछन्। त्यसपछि भने त्यहाँ गाई वस्तु प्रशस्त पालिए। यसरी गोचरनको रूपमा बिर्ता दिएको गोलटार हो।

"रामेछाप छ पूर्व नम्वर दुई राम्रो रसिलो अहो !
वग्छिन् तीर्थ सुवर्णको शिकी नदी शोभा विचित्रै छ यो ।।
ऐले अञ्चल नाम हो जनकपुर जिल्ला भयो सिन्धुली
रामेछाप नजिक दक्षिणपट्टी शोभा दिने फल्फली ।।"

(बराल वंश वलीबाट)

यो त भयो यस विर्तावारे ऐतिहासिक कुरा। अब कुरो कसरी आश्चर्य लाग्दो हुन गयो यस सम्बन्धमा पनि केही कुरा उल्लेख गर्नु राम्रो होला।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हिठ्ठाको छ ठूलो प्रयाश यसमा हयूँदे कुलो खातिर
बाँझ: बारी थि! फले अन्न गहूँ गाउँ करांसातिर ।।"

(बराल वंशावलीबाट)



[कुलाका साँचो यहा हो]

एवं प्रकारले अरु ६ धारामा पनि पानी विभाजित हुन्छ ।

धारा विभाजन

३२ को धारामा बढी पानी भएमा १०० को धारामा थुनेर लैजान पाइन्छ । यसैगरी १०० को धारामा बढी पानी भएमा ३२ को धारामा लगेर पनि थुन्न पाइन्छ । यसरी एउटा नौलो परम्परा बसालेको छ । १०० र ३२ को धारामा कहिल्यै पनि पानी घटबढ हुँदैन । समान रूपमा जान्छ । ३२ धारावाट झरेको पानी कित्ता–कित्तामा पालो गरी लगाईन्छ । पालो बेगर कसैले पनि पानी चलाउन पाउँदैन । गोलढार ठूलो फाँट हो । यहाँ कोही पनि गरीब छैनन् । यहाँ साह्रै गरीबका पनि एक-बालीमा धान मात्रै १६ मुरी हुन्छन् । एक विघामा ७५ मुरी धान फलाउँछन् । यस किसिमको व्यवस्थित कुलोमा यसरी पानी विभाजित हुन्छ । मुहानले एउटा धारो लिन्छ । जखनी धान देखि छ धारा बगेर जान्छन् । बाखी सेनामा गएर दोस्रो धारो लिन्छ, बेल बोटमा पुगेर तेस्रो धारा, छवीसेमा पुगेर चौथो धारा, आठ विसेमा पाँचौं धारा, छैटौं र सातौंलाई दुइधारे भन्छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यहाँनेर एउटा आँपको रूख सहितको चौतारो छ । यसरी शिर देखि पुछार सम्म एकनास सित पानी लाग्दछ । पानी लगाउने समयमा मुहानमा यस टारका सबै धुरीका मान्छेहरू जम्मा हुनै पर्छ । जो आउँदैन त्यसलाई रू. ५/– जरिवाना गरिन्छ । यस किसिमको जरीवानाबाट आएको पैसा जम्मा गरेर खसी काट्दछन् र दामासाहीमा भाग लगाएर सबैले खान्छन् । यो मासु यस टारका सबैको भाग लाग्छ ।

"कालु खातिर ढोडका नृपतिले बुद्धि खटाई रथे
पानी बाँडन त्यै छँदैछ तरिका बाठा कहां सम्मथे
पापी खास कटाइँदो र छ याँ लामा ठूला काठमा
बाँडिदो रछ पानी ठिक्क तहमा देखे अनौठो यहाँ ॥

बराल वंशावलीबाट

(यी सामग्रीहरू–भूपहरि पौडेलले छपाएको "गोलटारमा सिंचाइको नयाँ व्यवस्था सात धारे कुलो" मा परेका छन् । –बैंक समाचार वर्ष ७ अङ्क ६ २०३६ आश्विन कार्तिक)

बन्दीजोर खोलाबाट आएको पानीलाई वैज्ञानिक कुलाको निर्माण गरी यसरी टारमा पट्याइएको छ ।

विक्रम सम्वत् २०२३ साल भाद्र १ गते देखि यसै गोलटार निवासी रामप्रसाद अधिकारीले १८ पुराण लगाएका रहेछन् । विश्व शान्ति र समृद्धिको कामना गरी थालिएको यसको साङ्ग विक्रम सम्वत २०२५ साल माघ १७ गते भएको थियो । यसमा बाजेको तपाइँ साम्बभक्त हुनु भएका रहेछ । यसबाट पनि तपाइँको विद्वता झल्किन्छ । साङ्गको दिन ३ मुरी त चरू मात्र हवन गरिएको रहे छ ।

साम्बभक्तज्यू ! तपाइँले हामीलाई यति महत्वपूर्ण कुराको सामग्री जुटाई दिएर अलिक पर महादेवस्थानमा पनि पुऱ्याउनु भएको थियो । यसको रोचक कथा पनि तपाइँकै मुखबाट सुनेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हुँ । आजभन्दा केही वर्ष अगाडि यदुनाथ घिमिरेकी श्रीमतीलाई सपनामा आएर महादेवले "म सुनकोशीले बगाएर वरपीपलको चौतारी मुनि आएर बसेको छु मलाई पानीबाट उतारेर मन्दिर बनाएर स्थापना गर ।" भनेछन् । नभन्दै सपनामा देखिए बमोजिम भोलिपल्ट सुनकोशीको किनारमा गएर खोज्दा महादेव फेला परेछन् । यसको छ महीना पछि बसाहा बगाएर ल्याएको कुरा पनि उनै श्रीमतीलाई सपनामा जानकारी प्राप्त भएछ । र बसाहा पनि ल्याएर स्थापना गरेछन् । अहिले मन्दिर बनाएर राखिएको छ । महादेवको मूर्ति तीनतले आकारको छ । त्यसपछि हामी तीनैजना घरमा गयौं । तपाइँ खाटमा आराम गर्न लाग्नुभयो । म चाहिं तपाइँका पाण्डुलिपि कविताहरू सार्न लागें । थुप्रै कविता सारें । चित्रण पत्रिकामा छापिएको लेख र अन्तर्वार्ता सारें । अनि कुन कविता, कुन पत्रिकामा कुन मितिमा छापिएका थिए यस सम्बन्धमा पनि तपाइँ संगबाट जानकारी लिएको थिएँ । तपाइँका कविताहरू खास गरी गोरखापत्र, शारदा शान्ति, उषा, रूपरेखामा छापिएका रहेछन् । तपाइँका जम्मा दुइटा गद्यलेख छापिएका रहेछन् । दाताराम, वासुदेव र होम सुवेदीले तपाइँलाई लेखेका चिठ्ठी पनि तपाइँले मलाई प्रकाशनार्थ दिनु भएको थियो । अप्रकाशित कविता पनि तपाइँबाट मैले प्राप्त गरेको थिएँ । यस-पछि दुर्गा अर्यालले लेखी पठाएका प्रश्नहरू सोधेको थिएँ । तपाइँले दिनु भएका जवाफ लेखें । अनि दुर्गा अर्यालको सामग्रीमा मेरो निजी खोजका सामग्री–कृष्णलाल र मकैपर्व, तपाइँका बारेमा लिइएका कुराहरूमा तपाइँको हस्ताक्षर गराएँ । यसमा तपाइँले बडो निर्भीकता साथ ती सबै सामग्रीहरू प्रमाणित गरिदिनु भएको थियो । यसपछि भने मेरो सानो बुद्धिले भ्याएसम्म तपाइँबाट सामग्री लिने काम सकेको थिएँ । साँझ बितेपछि भान्सा तयार भएको सूचना पाएपछि हामी तीनै जना एकै चोटी भान्सामा गएको थियौं । तपाइँ आचार निष्ठ ब्राह्मण । ७८ वर्षको उमेर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भैसक्का पनि आफ्नो ब्राह्मण धर्मलाई कत्ति नछोडेका तपस्वी पुरुष । हामी ठिटाले भने बात मिलाई सकेका थियौं । खाना खाइसकेर तपाईको ५ मिनेट सुत्ने नियम त छँदै थियो । त्यसपछि केही घण्टा गफ गरेर हामी सुत्यौं । भोलिपल्ट बिहान अघिल्लै दिनको जस्तो नेपाली साहित्यका बारेमा कुराकानी भए । तपाईले 'आजका नेपाली कविता नबुझिने खालका हुन्छन्, देवकोटा, लेखनाथ आदि कविहरूमा जस्तो भाव सम्प्रेषण गर्ने शक्ति आजका कविमा नभएको" कुरा भन्नु भयो । मैले यसमा हृदयत: सही थापेका थिएँ । यस्तै यस्तै कुराकानी भए–२–३ घण्टा सम्म । फेरि बाँचुन्जेलको नियम, भोजन गर्ने समय भयो । तीनैजनाले एकैचोटी भोजन गर्‍यौं । एकघण्टा जति वातमारे मीत र मैले घरजान तपाईसंग अनि घरका अरू परिवार, तपाईका जेष्ठ सुपुत्रसंग समेत दिदा माग्यौं ।

"काठमाडौं गएपछि चिठ्ठी लेखी रहनु, घरमा आउँदा यहाँ पनि हामीलाई संम्झेर आउनु, वेला मौकामा रामेछापको हाटमा यो गाउँको कोही मान्छे भेट भएमा पनि समाचार पठाउनु । तपाईले मलाई यिनै कुराहरू भन्नु भएको थियो । घरका परिवारको पनि यही आश्चर्य थियो । आखिरी तपाई लगायत घरका अरू सबैलाई नमस्कार गरेर मीत र म आफ्नो घर सालु–साँमको स्थानको लागि प्रस्थान गरेका थियौं ।

कुरा यस्तै भैराखेको थियो । बिक्रम संवत् २०३५ असार १३ गते मङ्गलबारका दिन सालुपाटी हुलाकमा गएर दुर्गा अर्यालका आँशु कवि शम्भू प्रसाद ढूंगेल सम्बन्धी सामग्रीहरू र कमल दीक्षितलाई एउटा चिट्ठी समेत पठाएँ । त्यस्तै हो पहाडमा भनेको समयमा खाम पाइँदैन । काहिंला साहुले (धुलीखेले) खाम वनाई, सामग्री भित्र हाली, ठीक पारि दिए । मैले बाहिर खाममा लेख्नु पर्ने व्यहोरा लेखेर चिठी त्यही छोडिदिएँ । किनभने हुलाक त्यहीं थियो । दुर्गा अर्याललाई पठाएको शम्भुप्रसाद सम्बन्धी सामग्रीका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

साथमा एउटा चिट्ठी पनि लेखेको थिएँ । त्यसमा के कस्ता कुरा लेखें-मलाई अहिले संझना छैन । तर 'नेपाली' पत्रिकामा प्रकाशनार्थ कमल दीक्षितलाई लेखेको चिट्ठीमा भने निम्नलिखित कुराहरू परेका थिए ।

"मलाई साहित्यप्रति रुचि जगाइदिने विद्या पुरस्कार निवन्ध प्रतियोगिता हो र यसमा प्रेरणा दिने च हिं प्रा. नरहरि आचार्य । अहिले स्नातक द्वितीय सत्रको परीक्षा सकेर "नेपाली साहित्यमा कृष्णलाल अधिकारी र मकै पर्व" को विषयमा खोज गर्दैछु । एकवर्षभित्र माथिको विषयमा शोधग्रन्थ लेख्ने विचार गरेको छु । "मकैको खेती" ९९९ प्रति जलाइएका १ प्रति हराएको भनेकोमा फेला पार्‍यो । पोखाहा भोजराज कापलेका सन्तानसंग रहेछ । साम्वभक्त सुवेदीले रू.५००।–दिदा पनि 'छैन' भनेर टारेका रहेछन् । भोजराजको वेइज्जत गरेको हुनाले पुस्तक नदिने नै पक्षमा सन्तान छन् । वडो बुद्धि खियाएर पुस्तक मागी हेर्ने पक्षमा लागेको छु । कृष्णलालले अरू पनि लेखेका रहेछन् । जस्तो पञ्चतन्त्रको अनुवाद, (अन्तिम कविता) मर्ने बेलामा भाईहरूलाई लेखेको चिट्ठीको रूपमा–

'भाईहरू हो ? सुन वात मेरो– (माथि नै भैसकेको छ) (भूा)

२५ श्लोक मध्ये २२ श्लोक खोज गर्न वाँकी छ । चरणलालसंग मूल कपी नै छ अरे । अहिलेसम्म भेट हुन सकेको छैन । चरणलाल भनेका कृष्णलालके माहिला भाई हुन् ।

सालु सामलीस्थानको भाषिकाका केही शब्द मनोरञ्जनार्थ पठाएको छु । यसवाट नेपाली भाषा पूर्व वग्दै कतिसम्म वेग्लिदं गयो वुझन सजिलो हुनेछ– निसो = भाग्य । डँडेल = डोली वोक्ने मानिस । रानू राचन् = रहेछन् । खोला = टुहुरो । भुरुक्क = जुरुक्क । ओदे = लट्ठक । सुतारी = सुइरो । धोर्ले = मुर्ख । पीति = अलिकति । करीया = अर्काको अधीनमा भएको । धागी = कोशीका छेउको लेउ । वरो = अर्काको मानिस । ठो = घर हिंड ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भो = माथि हिंड। (गाई, भैंसीलाई घराउने शब्द) मत्यारो = स्वार्थी। अलओल्ले = ठूलो बाढी।

पुनश्च कृष्णलाल अधिकारीको कविता चाहिं 'नेपाली' मा छापिदिनु भए सबै पाठकले थाहा पाउने थिए। भए यो चिट्ठी नै छपाइदिए पनि हुन्छ। छ। अरूपछि"।

नेपाली ७९ पूर्णाङ्कमा यो चिठ्ठी छापिएको छ। तर कसरी पुग्यो र छापियो आफैलाई संझिदा ताज्जुब लाग्छ। बिक्रम संवत् २०३५ असार २२ गते बिहिवार किनमेल गर्न रामेछापको हाट गएको थिएँ। हाटबाट फर्केर घर आउँदा हिले पानीमा सालुपाटी अति-रिक्त हुलाकका वहिदार दिलिप वरूवालसंग भेटभयो। गफको प्रसङ्गमा उनले "भूपहरि जी ! तपाईंले ललितपुरमा कमल दीक्षितको नाउँमा पठाउनु भएको पत्र फिर्ता आएको छ।" त्यसको जवाफमा मैले भनेको थिएँ 'ठीकै छ फिर्ता आएदेखि त्यसको मलाई कुनै वास्ता छैन। वरूवालजी ! त्यो चिठ्ठी च्यातेर मिल्काइ दिनु भए हुन्छ।" तर छक्क पर्नुपर्ने कुरा छ २०३६ साल कार्तिक १६ गतेका दिन। घरमा दशैं मानेर आएको तीनदिन मात्र भएको थियो। तीनधारा संस्कृत छात्रावासको पउरमा रहेको धूपीको चौतारानेरै उभिएर त्रि-चन्द्र क्याम्पसका नेपाली विषयका सहायक प्राध्यापक टेकप्रसाद धिमिरेले "तिमीले सालुवाट पठाएको चिट्ठी 'नेपाली' पत्रिकामा छापिएको रहेछ, पढेको थिएँ" भन्दा म तीन छक परें। सालुपाटी हुलाकमा खसालेको चिठ्ठी। खुर्कोट हुलाकमा पुगेर के नियम नपुगेर हो कोनि, सालुपाटी हुलाक मै फिर्ता आयो। फेरि कसले पठाइदियो र यो चिठ्ठी नेपाली ७९ मा छापियो ? यसमा म आफै दङ्ग परेको छु।

साउन २३, २०३५ मा घरबाट म काठमाडौं आएँ। २५ गते आइपुग्दा त काठमाडौंमा "भूपहरिले 'मकैको खेती' भन्ने पुस्तक फेला पारेर ल्यायो" भन्ने हल्ला फैलिए छ। दुर्गा अर्याल, कोषराज न्यौपाने हल्ला पिटाउन व्यस्त रहेछन्। चिठीमा मैले पुस्तक हात

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लगाएँ' भनेको थिइन । साम्बभक्तज्यू । तपाईंले जे भन्नु भयो सोही कुरा चिठीमा लेखेको थिएँ । 'भोजराजका सन्तानसङ्ग छ, रू. ५००। दिंदा पनि नदिएको कुरा तपाईंको मुखबाट सुनेको हुँ । दाताराम हजुरबाले पनि "मनसा चिन्तित कार्यं वचसा नप्रकाशयेत्" भन्नु भयो । माधव काकाले पनि "त्रि-चन्द्रमा पढाउने त्यो कोषराज न्यौपाने भूगहरूले, "मकैको खेती" फेला पारेछ लौ राम्रो भयो 'भन्थ्यो' भन्नुभयो । मैले वास्तविक कुरा अवगत गराएँ । त्यसपछि काकाले "कोषराज हल्ला गर्न सिपालु मान्छे रहेछ" भन्नुभयो ।

भदौमा कुशे औंसीको दिन नेपाली शिक्षा परिषद्को आयोजनामा रत्नराज्यलक्ष्मी क्याम्पस भृकुटी मण्डपमा मोती जयन्ती कार्यक्रम थियो । त्यहाँ शिवप्रसादसत्याल पीठ (मै हुनुपर्छ) ले पुस्कर लोहनी र खेम कोइराला बन्धुलाई चिन्हाई दिए । पुस्करले हत्त र पत्त" म भोलि विहान तपाईं कहाँ 'मकैको खेती'को फोटो खिच्न आउँछु भने । उनलाई पनि मैले यथार्थ कुरा गरें । तर के पत्याउँथे र अहिलेसम्म पनि उनी मेरो खोइरो खन्दै छन् । सबैभन्दा ठूलो कुरा त चिठी लेख्नु नै मेरो भयङ्कर गल्ती हो । त्यति भएपछि "के निहुँ पाउँ कनिका कन्याउँ" सबैलाई भंगो ।

म काठमाडौं आएपछि मैले तपाईंलाई चिठी लेखें । तपाईंले पनि त्यसको उत्तर दिंदै रहनु भयो ।

२०३५ माघ कै दिनमा हो अथवा फागुन लागेको थियो । म असन हुँदै न्यूरोडतर्फ गैरहेको थिएँ । असन भन्दा अलिक पल्लो हुक्का पसल अगाडि तपाईंसङ्ग भेट भएको थियो । नमस्कार गरें । भान्जी कहाँ घएर सामग्री लिई लेख तयार पारी 'स्वदेश' पत्रिकामा छाप्न दिएको कुरा बताएँ । त्यसबेला सो लेख हेर्न तपाईं र म संगै न: घ टोलसम्म गएका थियौं । तर सम्पादक ज्ञानुसिंह सङ्ग भेट हुन सकेन र फर्क्यौं । 'छात्रावासमा जाऔं भान्जीकहांबाट ल्याएको सामग्री देखाउंछु" मैले भने । तपाईं छात्रावास जान मान्नु भएन । मैले तुरुन्तै छात्रावासबाट सामग्री लिएर आएँ र रत्न पार्कको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

खातामा बसेर तपाईले सबै हेर्नु भएको थियो । त्यसमा "एउटा हस्तलिखित पुस्तक कृष्णलालले लेखेको होइन, किनभने यो भिनाज्यूले पर्तबाट ल्याउनु भएको हो । यसलाई मैले सानैमा भिनाज्यूकै पापमा देखेको हुँ" भन्नु भएको थियो । काठमहलको हिसाब भिनाज्यूले लेखेको ठहरिएको थियो । मुहुर्तमतिण्डको गांतामा लेखिएको कुरा त कृष्णलालकै हस्ताक्षरमा छ, यही आफ्नो कुरा माथि पानं कसैले असत्य खण्डन गरेमात्र नय कृष्ण लालकैहस्ताक्षर मौजुद छ । केही समय थप गरेर यस दिन तपाई र म छुट्टिएका थियौं ।

त्यसको केही दिनपछि म तपाई कहाँ आएको थिएँ । फागुनकै महीना हो । गते बिर्से । बृहस्पति (बिहीवार) वारको दिन थियो । दिनको ३.१५ बजेको समय थियो । पुल्चोक घरकै झिडीको बैठक कोठामा पुष्कर लोहनी र रोचक घिमिरे उत्तर फर्केर मेचमा बसेका थिए । पुष्कर त सबै कुराले धनी मान्छे । तर विद्यामा पनि धनी छन् भन्नु सरासर मूर्खता हुनेछ । टेप थियो–अगाडिको टेबलमा । बिजुलीको प्लकमा जडान गरिएको थियो । त्यसबेला तपाईं दक्षिण फर्केर बस्नु भएको थियो । म गएँ । मलाई देख्ने बित्तिकै तपाईं आगो हुनुभयो ।

"मैले तँलाई विश्वास गरेर सहीछाप गरेर दिएको थिएँ । तर ती सबै सामग्री हराइस् हैन । 'मकैको खेती' ल्याइछस् त तैले कहाँ हालिस् ।"

तपाईंको कुरा सुनेर मैले जवाफ दिएको थिएँ । "तपाई जस्तो बूढो विद्वान् मान्छेले पनि "कागले कान लग्यो भन्दैमा काग संगै दौडने हो ? पहिले आफ्नो कान पो समात्नु पर्छ ।"

पुष्कर, रोचक मलाई बेपत्तै संग गाली गरिहेका थिए । "धर्तीमा असहायलाई जिउने सानो कहीं ठाउँ छ" भनेझैं म जस्ता निर्धा सोझालाई गाली गरेर धाक रवाफ नजमाए कसलाई हकाएर आफ्नो प्रभुत्व कायम राख्नु ? त्यो पनि कुरा ठीकै छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यसको भोलिपल्ट हो अथवा केही दिनपछि हो तपाईंले सहीछाप गरेका कागजपत्र लिएर म तपाईंकहाँ आएको थिएँ। त्यसवेला भने तपाईंमा अर्कै भावना जागी सकेको थियो। 'पुष्कर जस्ता प्राध्यापकले भनेको हुनाले मैले पत्याएको हूँ" तपाईंले भन्नु भयो।"नेपालमा केका गतिला योग्य प्राध्यापक छन् र। कोही ढोका थुनेर पढाउँछन् कोही कक्षामा विद्यार्थीहरूलाई खुल्लम खुल्ला "परीक्षा आए पछि पास हुने बुटी दिन्छु भन्छन्" मैले भनेको थिएँ। एकै छिन् गफ गरियो। त्यसपछि तपाईंले लुगा लगाउनु भयो। तपाईं र म बाहिर निस्कयौं। तपाईंलाई गुणराज पुरस्कार र व्याख्यानमाला कार्यक्रमको निम्ता आएको रहेछ। जाउँ कि नजाउँ भन्ने दोधारमा हुनु हुन्थ्यो। गणेश भण्डारीको आग्रहबाट 'मुराचि पुकार' गुणराज पुरस्कारमा लडाईएको थियो तर सो पुरस्कार ढोंगी बेदान्ती क्षितिज चन्द्र चक्रवर्तीले पाएका थिए। बासुदेबको घरमा जाने मुखमा पुगे पछि हजुर्बा दातारामसंग भेट भएको थियो। हजुर्बाले जाउँ भन्नु भएकाले 'तपाईंले जाने निश्चय गर्नु भएको थियो। साथीमा हजुर्बाले मलाई 'तैंजा गुरूसंग' भन्नु भएको थियो। बसमा चढेर आयौं र सिंहदरबार ओरल्यौं। सांस्कृतिक संघ डिल्लीबजारमा पुगेर एकै छिन् बस्यौं अनि हामी हिंड्यौं।

म अर्को दिन फेरि तपाई कहाँ गएं। छिंडी कै कोठामा वस्नु भएको थियो। एकै छिन पछि गोलटारका एकजना पातला तर अग्ला मानिस आउनु भयो। गफ चल्यो। उहाँको नाम म जान्दैन थिएं। एकै छिनपछि माथिबाट माननीय नवराज समेत आउनु भयो। तपाईंले 'भूपहरिलाई सबैले गाली गर्छन् किन हो" भन्नु भयो। नवराजज्यूले कसैको कुरा नसुनीकन लेख्दै जाऊँ म सहयोग गरूँला भन्नुभयो। चिया आयो। तपाईंले 'चिया खाउँ' भन्नुभयो मलाई रीस उठेको थियो। चिया खान्न भनेर खाईन। नवराजज्यूले "चिया खाउन भूपहरि" भन्नुभयोको थियो "मलाई सन्चोछैन" भनेर उहाँलाई पनि टारें।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यसको भोलिपल्ट बेहान भात खाएर म तपाईंकहाँ फेरि गएको थिएँ । भरखरै माघ स्नान परिसक्नु भएको थियो । तपाई लाई कुनै प्रवासी नेपालीको 'खेद' भन्ने कविता' भन्न लगाएँ, मैले कापीमा सारें' । सबै याद भएनन् । पाइएजति' अमूल्य थिए । यसै समयमा तपाइँले मलाई 'चलचित्र' कविता छापिएको 'उषा पत्रिका दिनुभयो । विद्वच्छिरोमणि हेमराज शर्मा पुस्तक पढेपछि तपाइँले प्रकाश ए. राजलाई कडा प्रतिक्रिया लेख्नु भएको थियो । अघिल्लो दिन 'मलाई दिनुहोस् म अनुसन्धानमा सामग्री प्रयोग गर्छु' भन्दा 'सारेर लैजाऊ' भन्नु भएको थियो । त्यसबेला सार्न अल्छी लाग्यो । त्यसदिन माग्दाखेरि "मलाई कृष्णलालका कविता देऊ, अनि म दिन्छु आदान-प्रदान को भावना हुनुपर्छ" भन्नुभयो । मैले दुःख गरेर खोजेर ल्याएका कविता छपाइकन दिन सकिन । कुरा यस्तैभयो । यसपछि म तपाई कहाँ आइन । केही दिनपछि लालगढ जानु भएको खबर पाएँ । साम्वभक्त ज्यू । तपाईको शारीरिक अनुहार देख्नु मेरालागि त्यक्तिनै जुरेको रहेछ । त्यसपछि तपाईको र मेरो भेटै भएन ।

यसै समयमा एउटा अर्को कुरा भएको थियो । यती पत्रिकाको ३४ पूर्णाङ्कमा "यसपालात मृत्युवाट छुट्कारा पाएँ" भन्ने लोक कुमारीको एउटा लेख छापिएको थियो । त्यो लेख 'भूपहरिले लेखेको हो,' भनेर त्यस लेखमा परेका सबै पात्रहरुको परिचय तपाईले रुङ्कवाहादुर त्यही पुलचोकको घरमा आएको वेला उनीसँग लिनु भएछ । रुङ्कवहादुरले घरमा गएको वेला पण्डितको टारको फान्लामा बसेर चन्द्रेलाई त्यो सारा कुरा सुनाएपछि चन्द्रे हामी आमा छोरै सँग बोलदैन । त्यसँगरी गोविन्द प्रसाद घिमिरे सँगपनि तपाईले रत्नपार्कमा उक्त लेखवा सम्बन्धमा सोधपूछ गर्नु भएछ । म घर जाँदा एकदिन सालुगाटीमा तीरो बुझाउँन गएको वखत सेती-देवी स्थानको डीलमा वसेर गोविन्द प्रसाद घिमिरेले मलाई त्यो सारा वृत्तान्त सुनाउनु भएको थियो ।

कुरा यस्तै भैराखेको थियो । म धमाधम कृष्णलाल र मकै-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पर्वका बारेमा लेखहरू लेखेर छपाउँदै गएको थिएँ । सोमनाथ पौडेलले पनि 'इन्दु' पत्रिकामा एउटा लेख छापिदिएका थिए । फेरि उनैले एकदिन लुषप्रेस कार्यालयमा पश्चिमपट्टि फर्केर कुर्सीमा बसेको बेला के भने-भने "अब सधैं कृष्णलाल अधिकारी र मकैपर्वका बारेमा मात्र खोज गर्ने होइन । अरू विषयमा पनि हात हाल्नु पर्‍यो ।" यो वाक्य सुनेपछि मलाई साह्रै होच्याएर बोले जस्तो लाग्यो । साथी होम प्रसाद गृहस्थीलाई पनि त्यस्तै लागेछ ।

विक्रम सम्वत् २०३७ साल वैशाख १ गतेको अङ्कमा 'हाम्रो पुरूषार्थ' भन्ने ६ महीने पत्रिकामा मैले 'विक्रम सम्वत् १९७७ सालको मकैपर्व' भन्ने लेख छपाएँ। यो लेखमा कृष्णलालको आलोचना गरिएको थियो । यो लेख पढेपछि तपाईं आगो बागो हुनु भएको कुरा मैले धेरै जनाको मुखबाट सुनें । एकचोटी तपाइँ पुल्चोक मै बस्नु भएको बेला नीलमणि ढुङ्गाना दाई तपाईंलाई भेट्न जानु भएको रहेछ । त्यसबेला तपाईंले मेरो उग्र आलोचना गर्नु भएछ । सो कुरा मलाई वाल्मीकि क्याम्पसमै पढन गएको बेला नीलमणि दाईले मलाई भन्नुभएको थियो । पछि लालगढमा हुँदा दुर्गा दाहाल दाई र उहाँका पिता तपाईंलाई भेट्न जानु भएको रहेछ । त्यसबेला पनि तपाईंले मेरो ठूलो विरोध गर्नु भएछ । उहांले पनि पछि क्याम्पसमा मलाई एकान्त कोठामा लगेर लालगढमा तपाईंले म प्रति गर्नु भएका सारा वृत्तान्त सुनाउनु भएको थियो ।

कसै कसैसङ्ग त तपाईंले यतिसम्म भन्नु भएछ कि "काफ्लेकी छोरी विवाह गरेको हुनाले भूपहरिले भोजराज काफ्लेलाई उचाली कृष्णलाल अधिकारीलाई थचारेको हो ।" अरू तपाईले भन्नु भएका सारा कुराहरू पुस्तक छापिएर प्रमाण प्रस्तुत नहोउन्जेल मैले सहनु पर्छ, त्यसपछि तपाई आफै चुप लाग्नु हुन्छ, भन्ने कुरा मलाई पूरा विश्वास थियो । तर 'काफ्लेकी छोरी विवाह गरेको हो' भन्ने कुरा त शतप्रतिशत गलत हो । मैले त घिमिरेकी छोरी पो विवाह

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गरेको हुँ ।

तपाईंको मुखबाट फैलिएपछि साझा प्रकाशन कार्यालयमा अन्य प्रकाशनको बिक्री वितरण शाखामा काम गर्ने सुभद्रा कोइरालाले पनि मलाई "भूपहरिजी ! तपाईले प्रज्ञा ३० पूर्णाङ्कमा लेख्नु भएको लेख पढें । नर तपाईले त काफलेको छोरो विवाह गरेकोले त्यस्तो लेख्नु भएको रहेछ हैन" भनेपछि म झन् छक्क परें । यसमा त मैले जवाफ दिनु आवश्यक थिएन । किनभने 'यो कुरा भन्ने मान्छे स्वतः पागल हो' भन्ने कुरा मलाइ पूरै विश्वास थियो ।

साम्बभक्तज्यू ! कृष्णलाल अधिकारी र मकै पर्वका सम्बन्धमा मैले लेखेका धेरैजसो लेख तपाईंले पढ्नु भयो भन्ने कुरा मैले थाहा पाएको थिएँ । हाम्रो पुरूषार्थमा छापिएको लेख पढ्नु भयो । प्रज्ञा ३०, ३१ र ३४ पूर्णाङ्कमा छापिएका लेखहरू पढ्नु भयो । प्रज्ञा ३१ पूर्णाङ्कको लेख पढेपछि—यो लेख त 'सौरभ' मा पनि थियो, 'एउटै लेख दुई ठाउँमा छपाए छ भूपहरिले" भन्ने कुरा तपाईं गर्नु हुन्थ्योरे । हजुर्वा दाताराम शर्माले मलाईं सुनाउनु भएको थियो ।

साम्बभक्तज्यू ! मलाई एउटा कुरामा साह्रै दुःख लागेको छ । तपाईं जीवित छँदै कृष्णलालको जीवनी र कविता छपाईं तपाईंलाई पढ्ने अवसर जुटाउन सकिन । विचरा तपाई भिनाज्यूका कविता भनेपछि हुरूक्कै हुनु हुन्थ्यो । मैले के गर्नु त । आफैं छाप्न म आफू सम्पन्न मान्छे हुइन । 'प्रहरी' पत्रिकामा छाप्न दिएँ "हामी यस्ता अनुसन्धानात्मक लेख छाप्दैनौं भनेर फिर्ता दियो । रत्नश्री-लाई दिएँ । लामा लेख भए भनेर छाट्यो । नेपालीलाई दिएँ । छाप्ने भएको थियो ।

नेपाली, पूर्णाङ्क ८७

"लेख मात्र पत्रिकामा
छुट्टै किताब बनाउन
पर्दैन"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस्तो व्यहोरा एउटा नेपाल बैंक लिमिटेडले ,नेपाल बैंक पत्रिका पठाएको खाममा लेखेर राखेको थियो । जीवनी घपघट पनि सम्पादज्यूलेनै गर्नु भएका थियो । आखिरीमा नछापिने भएर फिर्ता पाएँ । त्यसपछि ,मन्थन, लाई दिएँ । यसले पनि लामो भयो, हामी ढिलो छाप्छौं भन्यो । पारिजातले हेरौं भनेको थियो अरे । एउटा दिएको लेख त छाप्ने र न छाप्ने ठेगाना छैन । अर्को लेख कहाँ दिनु भने । देखाउन लाइन ।

साम्बभक्तज्यू ! प्रज्ञा पूर्णाङ्क ३१ को लेख पढेपछि तपाई पद्मराज अधिकारीदेखि रिसाउनु भए छ प्रज्ञा ३४ को लेख पढेपछि "तपाईले म प्रति पहिले गर्नु भएका सबै ईख बिर्सिनु भएको कुरा मैले सुनेको थिएँ । २०३८ सालको दशैं सकिएकै पूर्णिमाको दिनदेखि औलाको ज्वरो आएर म घरमै थलिएँ । पछि मंसीर ४ गते मात्र काठमाडौं आए । काठमाडौं आएकै भोलि पल्टै हुनुपर्छ म हजुर्वा बाताराम कहाँ गए । एकैछिन पछि हजुर्वा वासुदेवकहाँ साम्बभक्त तपाईसंग गफ गर्न जानुभयो हजुर्वाले तँ पनि हिंड भन्नु भएको थियो । म अहिले जान्न तपाईले (साम्बभक्त) गाली गर्नु हुन्छ भनेको थिएँ ।

"होईन केही पनि भन्नु हुन्न । प्रज्ञा ३४ को लेख पढेपछि उहाँ खुशी हुनु भएको छ ।" के हो हो । जाने त । लेखी हाल्यो । मेरो बारेमा राम्रै लेखेछ । भन्नु हुन्थ्यो, भन्नु भयो हजुर्वाले । म चाहिं पछि भेट्ने भनेर बसिरहेको थिएँ ।

दाताराम र वासुदेव तपाईका साह्रै नजीकका सहृदयी साथी हुनुहुन्थ्यो । तपाई काठमाडौं आउँदा उहाँहरूसंगको भेटघाट त सामान्य कुरा थियो । हजुर्वा बाताराम वासुदेवकहाँ जानु भयो । उहाले 'भूपहरि त्यहींसम्म आएको थियो तपाईले गाली गर्नु हुन्छ' भनेर आउन मानेन, भन्दिनु भएछ । हजुर्वाको कुरा सुनेर त्यसवेला तपाईले भन्नु भएछ ।

"मलाई केही ईख छैन । म केही भन्दिन अब त्यसलाई ।"

वि. सं. २०३८ साल माघ २४ गते शनिवारको दिन छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्यसदिन म इनशम्सेर राणाद्वारा लिखित "सोमनाथ भङ्ग" नामक उपन्यास कति छापियो भनेर नवजीवन छापाखाना गएको थिएँ । फर्केर आउंदा सिंहदरबार अगाडि साइकलबाटै काठली मोल गर्न लाग्नु भएका केन्द्रराज मामालाई भेटें । मामाले 'के छ हालखबर' भन्नुभयो । मैले 'केही छैन मामा' भनै । "साम्बभक्त दुर्घटनामा परेछन् । अस्ति माघ २० गते भरतपुरमा मोटर दुर्घटना भएछ । ल्याएर कालीमाटीको क्षयरोग अस्पतालमा भर्ना गरेको छ । मलाई पहिले त चिन्दै चिन्हेनन् (पछि वल्लतल्ल चिन्हेपछि पनि बोल्नै सकेनन् । १ नम्वरको वेडमा भर्ना गरेको छ ।" यो कुरा सुनेपछि म छाँगाबाट खसे जस्तै भएँ । केन्द्रराज मामा सहृदयी नभएकोले उहाँलाई त केही जस्तो लागेन । तर म भने बोल्न सकिन । थपक्क हिंडे २७ गते मङ्गलबार दिउँसो त्यही दुई बजेतिर दाताराम हजुर्वा कहाँ गएको थिएँ । उहाँलाई तपाई दुर्घटनामा परी क्षयरोग अस्पतालमा भर्ना हुनु भएको कुरा थाहा रहेनछ । मैले भनेपछि पो थाहा पाउनु भयो । त्यसवेला उहाँ विवाहको निम्ता मान्न जान ठीक पर्नु भएको रहेछ । हजुर्वा र चारुकाका तुरुन्तै हिंड्नु भयो ।

२०३८ साल माघ २९ गते बृहस्पतिवार दिनको ३ बजे म साझा प्रकाशनको महाङ्काल बिक्री शाखामा नयाँ प्रकाशन भई आएका पुस्तकहरू हेर्दै थिए । त्यसैबेला डा. तारानाथ शर्मा सँग भेट भयो । यसपछि हामी दुवैजना प्रज्ञा प्रतिष्ठान पर्यौं । त्यस बीचमा नेपाली साहित्य बारेमै गफ भइरहेका थिए । अञ्चलाधीश कार्यालय अगाडि पुगेपछि साम्वभक्त ज्यू ! तपाईंकै कुरा चल्यो । त्यस पछि डा. तारानाथले भन्नु भयो

"विचरा साम्वभक्त गएछन्"

"कहिले" मैले सोधें ।

"अस्ति मङ्गलबार २७ गते बेलुका ६ बजेतिर हो क्यार" ।

अब चुक्चुकाउनु बाहेक अर्थोक के पो र रह्यो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"मरणं प्रकृति: शरीरिणाम्"

~~मरत साम्ब्रभक्त समुति अंड प्रकृति: शरीरिणा~~" संझेर चित्त बुझाए पछि मैले भने मन थाम्नै नसक्ने कुरा पऱ्यो। तपाईसंग अर्के कुरा धेरै थियो। तपाईका कविताहरू सम्पादन गरेर ज्ञानेन्द्र दाईलाई छाप्न २०३८ को दशैं अगाडिनै दिएको थिएँ। 'ऐतिहासिक मकैपर्व' कृष्ण-लालको जीवनी र कविता देखाउनु थियो। त्यत्तिकै भयो। जहिले पनि 'पछि भेटौला भन्दा। भन्दै तपाईसँग भेट नभैकन दिन गए। असारबालमा तपाईले मलाई खोज्नु भएको रहेछ। अनन्त सुवेदी भन्नुहुन्थ्यो। तर 'भाग्यमा लेखेको मात्रपाइन्छ' तपाईसित आखिरीमा गफ गर्ने लेखेकै रहेन छ कसो गर्नु।

पोहोर २०३८ वैशाखमा आम निर्वाचनमा तपाई रामेछाप जानु भएको थियो। घोडा चढेर रामेछाप यो बजार आउनु भएको थियो, भन्ने कुरा घरमै सुनेथे। त्यस्तै हो।

ऊठे ! तपाईले पनि अहिलेको मेरै जस्तो उमेर पार गर्नु भएको हो। कर्कलेमा जन्मनुभयो। तीनधारा पाठशालामा बसेर भात खाएर पढ्नु भयो। रामेछापको र कठजोरको भाषा पाठशालामा पढाउनु भयो। दिन बितिहाल्दा रहेछन्। 'तेहिनो दिवसा: गता' मेरा पनि ढिलो चाँडो तिनै दिन आउँछन्। तर बाचुन्जेल तपाईसंग अन्तिम अवस्थामा भेट हुन नजुरेको घिड्घिडो रहिनै रहने भयो। मेरो श्रद्धाञ्जलि स्वरूप यिनै शब्दहरू ग्रहण गरिदिनु होला।

भूपहरि पौडेल
२०३९।२।१९।४

वाल्मीकि विद्यापीठ पुस्तकालय
११४०८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वाल्मीकिविद्यापीठपुस्तकालयः

प्रत्यावर्तनतिथिः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

DEEP JYOTI (Literary Monthly Magazine) हु. द. नं. १४।०३७
"दीप ज्योति" साहित्यिक मासिक पत्रिका जि. का. का. द. न. ५६।०३५

दीप ज्योति

साहित्यिक मासिक पत्रिका
तपाईहरूको पत्रिका हो
त्यसैले नियमित रूपले

पढ्ने बानी बसाली बौद्धिक विकास गर्नुहोस् ।

यसको ग्राहक बनी फाइदा उठाउनु होस् ।

ग्राहक शुल्कः—

अन्य मुलुकको लागि वार्षिक यू. एस. डलर	[illegible]
नेपालको लागि वार्षिक रू०	२[illegible]
भारतको लागि वार्षिक रू०	२[illegible]
यस अङ्कको ने० रू०	३[illegible]

मुद्रक:— पञ्चायत तथा स्थानीय विकास मन्त्रालय,
आदर्श छापाखाना, रामशाह पथ (थापाथली), काठमाडौं । फोन नं. ११४१४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu